# न्हुच्छेबहादुर - स्मृति ग्रन्थ



*In Memory of*

# *Nhuchhe Bahadur Bajracharya*

Downloaded from http://dhamma.digital

# न्हुच्छे बहादुर वज्राचार्य
## ( स्मृति ग्रन्थ )

**In Memory of**

**Nhuchhe Bahadur Bajracharya**

Dhamma.Digital

प्रकाशक:

आनन्दकुटी विहार गुठी, स्वयम्भू

मैत्री विद्यालय, छाउनी

Downloaded from http://dhamma.digital

# न्हुच्छे बहादुर वज्राचार्य
## ( स्मृति ग्रन्थ )

प्रकाशक : आनन्दकुटी विहार गुठी, स्वयम्भू
मैत्री विद्यालय, छाउनी

प्रथम संस्करण : असोज २०६३
बुद्ध सम्वत् : २५५०
नेपाल सम्वत् : ११२६
इस्वी सम्वत् : २००६

सम्पादक : भिक्षु धर्ममूर्ती

सल्लाहकार : भिक्षु कुमार काश्यप महास्थविर
भिक्षु अश्वघोष महास्थवीर
केदार शाक्य

सहयोगी : मुनिन्द्ररत्न बज्राचार्य
रेवती राजभण्डारी
वसन्त घिमिरे
अष्टमुनि गुभाजु

कम्प्युटर सेटिङ्ग : न्यू नेपाल प्रेस,
गोविन्द ह्यूमत, सुरेन्द्रकुमार राजथला, रामकृष्ण लामिछाने

मुद्रक : [illegible]
शाक्य अफसेट प्रेस प्रा. लि.
*ओमबहाल, काठमाडौं, नेपाल ।*
*फोन नं* : ४२६०१८५, ४२६०६०८, *फ्याक्स* : ९७७-१-४२६५६०६
*ई-मेल : shakya@mangal.wlink.com.np*

Downloaded from http://dhamma.digital



# कृतज्ञता

नेपालमा शैक्षिक चेतना, सामाजिक जागरण र विश्वमा भाइचारा, शान्ति र मैत्री बढाउन जीवनभर समर्पित मेरा श्रीमान दिवंगत न्हुच्छेबहादुर बज्राचार्यको बार्षिक पुन्य तिथिमा उहाँका जीवनका विविध पक्षहरूलाई समेटेर यो सानो स्मृति ग्रन्थ प्रकाशन गर्ने प्रयास भएको छ ।

उहाँ परोपकारी, समाजसेवी हुनुहुन्थ्यो अन्धविश्वास, रुढीबाद र कुरितिका प्रखर बिरोधी हुनुहुन्थ्यो ।

उहाँको निधन भएपछि स्वेदश, विदेशका संघ-संस्था, आफन्त अन्य गन्यमान्य महानुभावहरूबाट हामीलाई प्राप्त भएको समवेदना तथा सद्भावका लागि हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

**केशरी**

Downloaded from http://dhamma.digital

# प्रकाशकिय

दिवंगत न्हुच्छे सरका विषयमा हामीलाई उहाँका थुप्रै विद्यार्थी, शुभचिन्तक एवं मित्रहरूबाट संस्मरणहरू प्राप्त भएको छ । तर ती सबैलाई स्मृती ग्रन्थमा कारणवस स्थान दिन नसकिएकोमा हामी क्षमाप्रार्थी छौं ।

यस ग्रन्थ तयार गर्नमा हामीलाई सहयोग, सल्लाह एवं सुझाव दिने महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

प्रकाशक

Downloaded from http://dhamma.digital

# हार्दिक समवेदना

जन्म :
वि.सं. १९७७



स्वर्गारोहण :
वि.सं. २०६२/०७/८

न्हुच्छे बहादुर बज्राचार्य

वि.सं. २००८ साल श्रीपञ्चमीका दिन ६ जना छात्रहरु लिई स्वयम्भू डाँडामा अवस्थित आनन्द कुटी बिहारको रुख मुनिबाट पढाई शुरु गर्नुभएका यस आनन्द कुटी विद्यापीठका सह-संस्थापक तथा आनन्द कुटी विद्यापीठ शैक्षिक गुठीका अध्यक्ष शिक्षाविद् तथा समाजसेवी **श्री न्हुच्छे बहादुर बज्राचार्य** ८६ बर्षको उमेरमा दिवंगत हुनु भएकोमा हामी सबै अति मर्माहत भएका छौं । वहाँको निर्वाण कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## आनन्द कुटी विद्यापीठ परिवार

स्वयम्भू, काठमाडौं ।

Downloaded from http://dhamma.digital

प्र.जि.का. दर्ता नं. ०१/०३१
Govt. Regd. No. 01/031

आनन्द कुटी विहार गुठी
ANANDA KUTI VIHAR TRUST
Swayambhu, P.O. Box 3007, Kathmandu, Nepal
Telephone : 4271420

## दुई शब्द

श्री न्हुच्छे बहादुर बज्राचार्यज्यूको बिषयमा लेखिराख्नु त्यतिको आवश्यक ठान्दिन। उहाँ बौद्ध विद्वान, समाज सेवक एवं बौद्ध उपासक हुनु हुन्थ्यो भन्ने तथ्य त उहाँले दिइ जानु भएको योगदानले नै प्रष्ट पार्दछ। थेरवादी बुद्धशासनको पुर्नास्थापन एवं पुर्नजागरणदेखि लिएर बौद्धशिक्षा जनमानससम्म पुऱ्याउन र त्यति मात्र नभई बालबालिकाहरुसम्म पुऱ्याउन बौद्ध स्कूल खोल्नमा र संचालन, प्रवर्धन गर्नमा पुऱ्याउनु भएको योगदान सराहनीय र स्मरणीय छ। उहाँ बित्नु भएतापनि उहाँको संस्थापन र सहसंस्थापनमा खुलेका मैत्री एवं आनन्दकुटी जस्ता बौद्ध स्कूलहरुले आजपनि निरन्तरता पाइरहनुले उहाँको सम्झना सधैं ताजा रहिरहने कुरामा दुईमत हुँदैन होला।

यस्तै नेपालको थेरवादी बुद्धशासन पुर्नस्थापन, पुनर्जागरण र प्रवर्द्धनमा मूल र मुख्य स्थान रहेको आनन्दकुटी विहार जुन देश देशान्तरसम्म चिनिइसकेको छ। त्यस ऐतिहासिक बौद्ध विहारको चिरस्थायी एवं प्रवर्द्धन कार्यमा कालन्तर देखि संलग्न भई आउनु भएका उहाँ अन्तिमकालमा आनन्दकुटी विहार गुठीको उपाध्यक्ष पदमा रही सेवा गर्नुले आफ्नो बौद्ध उपासकको कर्तव्य निर्वाह गर्नुमा प्रेरित भई बौद्ध उपासक उपासिकाहरुलाई पनि आदर्श दिई जानुभएको छ।

अत: उहाँको गुणानुस्मरणमा "स्मृति ग्रन्थ" को प्रकाशन गर्न पाउनु उहाँ प्रतिको अर्को एक सच्चा श्रद्धाञ्जली भन्नुमा अत्युक्ति नहोला। यस स्मृति ग्रन्थले उहाँलाई अझ चिन्न र उहाँको योगदानलाई अझ पहिल्याउन सक्नेछ भन्ने विश्वास हुन्छ भने उहाँ प्रति सदा श्रद्धा एवं आभारी हुनेछ। सबैको यस्तै सत्प्रयास र कुशल कर्मका आनुभावले उहाँलाई निर्वाण कामना गर्दछौं। अन्तमा आनन्दकुटी विहार गुठी परिवारले पनि वहाँको निर्वाण कामना गर्दछ।

Dhammamurti
भिक्षु धर्ममूर्ति
सचिव
आनन्द कुटी विहार गुठी

Downloaded from http://dhamma.digital

Nepal Govt. Regd. 242/047/48

# विश्व प्रेम तथा भ्रातृत्व संघ

## UNIVERSAL LOVE AND BROTHERHOOD ASSOCIATION

युवा अभियान, नेपाल Youth Wing, Nepal

JINRUI AIZEN KAI
GENERAL HEADQUARTERS
TEN' ONKYO KAMEOKA
KYOTO FU 621 JAPAN

नेपालमा उल्वा अभियान प्रवेश गराउनुभएका शान्तिवादी एक श्रद्धेय शिक्षक श्री न्हुच्छे बहादुर बज्राचार्यज्यूको आत्माको चिरशान्तिको कामना गर्दछौं र शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

उल्वा गतिविधिलाई निरन्तरता दिंदै उहाँ प्रति सच्चा श्रद्धाञ्जली चढाऔं ।

शान्ति शान्ति शान्ति

२१/७/०६२
(महेश्वर जुजु राजोपाध्याय)
कार्यकारी निर्देशक
तथा उल्वा युवा परिवार, नेपाल

P.O. Box 1227, Kathmandu, Nepal. Tel : +977-1-4244305, Fax : 977-1-4282733
E-mail : craftw@mail.com.np

Downloaded from http://dhamma.digital

रजिष्टर्ड नं. ५५४/०५१/५२

बुद्धं शरणं गच्छामि

# बौद्ध महिला संघ, नेपाल

## BUDDHIST WOMEN'S ASSOCIATION, NEPAL

बौ.म.सं.ने. ।

मिति : १० कार्त्तिक ०६२

श्रीमती केशरी बज्राचार्य
मैत्री शिशु विद्यालय
छाउनी, काठमाडौं ।

यस बौद्ध महिला संघ, नेपालका कार्यकारिणी सदस्य एवं साहित्यकार श्रीमती केशरी बज्राचार्यज्यूको पति श्री न्हुच्छे बहादुर बज्राचार्यज्यूको गत २०६२ कार्त्तिक ८ गते असामयिक निधन भएको खबर पाउँदा हामी बौद्ध महिला संघ, नेपाल परिवार अत्यन्त दुखित भएका छौं। वहाँ आनन्दकुटी विद्यापीठ र मैत्री शिशु विद्यालयका संस्थापक तथा सामाजिक एवं धार्मिक क्षेत्रमा उल्लेखनीय योगदान दिनुभएका बौद्ध व्यक्तित्व हुनुहुन्छ । वहाँको निधनबाट शोक सन्तप्त तपाई तथा तपाईको परिवार प्रति यस दुःखद धडीमा धैर्य धारण गर्न सकुन् भनि बौद्ध महिला संघ, नेपाल परिवार भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछौं । साथै दिवंगत हुनु भएका श्री न्हुच्छे बहादुर बज्राचार्यज्यूलाई शीघ्र निर्वाणको कामना गर्दछौं ।

भवदीय,

मीरा ज्योति
मीरा ज्योति
महासचिव
बौद्ध महिला संघ, नेपाल

बुद्ध विहार, भृकुटी मण्डप, काठमाडौं, नेपाल, फोन : २२७१७६
सम्पर्क कार्यालय : ज्योति भवन, कान्तिपथ, पो.ब.नं. १३३, काठमाडौं, नेपाल, फोन : २२५४९०, २२६३२७, ईमेल : pjyoti@mail.com.np

Downloaded from http://dhamma.digital

Govt. Regd. No. 14/051/052

# INTERNATIONAL BUDDHIST NUNS ASSOCIATION

**Gautami Nuns Vihar**
Lumbini, Nepal
Tel. : 071-580177

**C/o Dharma Kirti Vihar**
Shreegha, Naghal Tole
Kathmandu, Nepal.
Tel. : 4259466

**Nun Dhammawati**
*Chairman*

**Nun Ratna Manjari**
*Vice Chairman*

**Nun Madhavi**
*General-Secretary*

**Nun Sujata**
*Joint-Secretary*

**Nun Kamala**
*Treasurer*

**Nun Dhajawati**
*Joint-Treasurer*

*Executive Members*
**Nun Nyanasheela**
**Nun Dhammadinna**
**Nun Anoja**
**Nun Anupama**
**Nun Nyanawati**
**Nun Dhammavijaya**
**Nun Wiriyawati**

मिति : २०६३/३/९

अप्पमादो अमतपदं - पमादो मच्चुनो पदं
अप्पमत्ता न मीयन्ति - ये पमत्ता यथामता

अप्रमादीहरु प्रमादीहरु (बेहोशीहरु) मरे झैं मर्दैनन् भन्ने बुद्ध वचनलाई सम्झने बेलामा न्हुच्छे बहादुर दाईको पनि सम्झना हुन थाल्दछ। किनभने उहाँले आफ्नो शरीर त्याग गरेर जानुभएपनि उहाँको कीर्ति बाँचिरहेकै पाइन्छ। उहाँको कीर्ति जीवित रहनु भनेको नै उहाँ पनि हालसम्म जीवित रहेको नै भन्न सकिन्छ।

न्हुच्छे बहादुर दाईले बुद्धशासन उत्थानका लागि थुप्रै योगदान पुऱ्याउनु भएको छ। आनन्दकुठी विद्यापीठमा रहनुभएको बेला बुद्ध शासन उन्नति गर्ने कार्यको सिलसिलामा उहाँले भिक्षु अमृतानन्दलाई धेरै सहयोग पुऱ्याउनु भएको छ। त्यसरी नै आफैले बौद्ध स्कूल स्थापना गर्नुभई अलग्गै कीर्ति छोडेर जानुभएको छ।

न्हुच्छे बहादुर दाईको आदर्शलाई मनन गरी उहाँका परिवारले पनि उहाँको पुण्य स्मृतिमा यसरी नै पुण्य कार्य गर्दै लान सकुन् भनी कामना गर्दछु।

अस्तू

धम्मवती

धम्मवती
शासन धज धम्माचरिय
अग्ग महा गन्थवाचक पण्डित

Downloaded from http://dhamma.digital

Govt. Regd. No. 319/053/54

स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति

**Federation of Swayambhu Management and Conservation (FSMC)**

A Federation Consistng of 23 NGOs Situated at Swayambhu and Connected
with the Development Work in this Area)
Phone : 4281889, 4277236

Swayambhu, Kathmandu
NEPAL

४८/०६२/०६३

मिति : ०६३/३/७

*President*
**Tirtha Narayan Manandhar**
**Ph : 4270389**

*Vice President*
**S.A. Sarbagya R. Tuladhar**
**Ph : 4412110, 4223973**
**Gyanu Lama**
**Ph : 4270328**

*General Secretary*
Mahendra R. Buddhacharya
Ph : 4271584, 4276637

*Secretary*
**Panna Kaji Buddhacharya**
**Ph : 4276651**

*Treasurer*
**Punnya Sagar Yonjan (Lama)**
**Ph : 4279602**

*Joint Secretary*
**Ramesh Manandhar**
**Ph : 4249627**

*Executive Members*
**Raju Kumar Lama**
**Ph : 4270529**
**Babu Raja Buddhacharya**
**Ph : 4275745**

## "श्री न्हुच्छे ब. बज्राचार्य एक परिचय"

स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिको विगत १० बर्षको कार्यकाल समाप्त भएको छ। यस बिचमा महासमितिले हासिल गरेका उपलब्धिहरुलाई मुल्याङ्कन गरी अरु बढी उपलब्धी हासिल गर्न हामी सबै सदस्य संस्थाहरु एकजुट भई आपसी मेलमिलाप र सद्भाव बढाई अगाडी बढ्नु पर्नेमा कसैको दुईमत छैन। विगतका समयमा यस संस्थाका संस्थापक, शिक्षाविद एवं कर्मठ समाजसेवी स्वर्गीय न्हुच्छे बहादुर बज्राचार्यज्यूले यस संस्था तथा राष्ट्रका लागि पुऱ्याउनु भएको गुण यतिबेला हामीले स्मरण तथा मुल्याङ्कन गर्ने बेला आएको छ। यस संस्थाको स्थापनाकाल देखि स्वर्गीय श्री न्हुच्छे ब. बज्राचार्यज्यूले यस महासमितिमा संलग्न भई सबै सदस्यहरुलाई आवद्ध गराई योजनाबद्ध ढङ्गले विकास निर्माणका कार्यहरु संचालन गराउनु सक्नु उहाँको कुशल योग्यताको प्रसंसा गर्नु यस संस्थाको कर्तव्य हो। उहाँको जीवनमा समाजसेवा गर्नु एउटा उल्लेखनीय कार्य रहेको छ।

अर्को तर्फ उहाँले पुऱ्याउनु भएको शिक्षा क्षेत्रतर्फको योगदानको कुनै सिमा छैन। उहाँले श्रीलंकामा बाल्नु भएको शिक्षाको दियोले नेपालमा आएर सन् १९५२ मा आनन्दकुटी विद्यापीठ स्थापना गरी दियोमा घ्यू थप्ने काम गर्नुभयो भने सन् १९८५ मा मैत्री शिशु विद्यालय स्थापना गरी शिक्षा क्षेत्रमा अर्को ज्योति बाल्नु भयो। यी कार्यहरुले शिक्षा क्षेत्रमा उहाँले गर्नुभएको योगदानको उपज मान्न सकिन्छ।

श्री न्हुच्छे बहादुर बज्राचार्यज्यू स्वर्गीय भएका कारण यस महासमिति तथा राष्ट्रले एक सच्चा नागरिक गुमाएको छ तथा यसको अतुलनीय क्षति हामी सबैले व्यहोर्नु परेको छ। अन्तमा उहाँको आत्माले सदा चिर शान्ति पाइरहोस् भन्ने कामना गर्दछौं।

महेन्द्र रत्न बुद्धाचार्य
महासचिव
स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति

Downloaded from http://dhamma.digital

# OOMOTO

The Oomoto Foundation
Kameoka-shi, Kyoto-fu
Japan 621-8686
TEL. 0771-22-5561
FAX. 81 771-25-0061

大本本部
京都府亀岡市天恩郷

Dr. Subarna Lal Bajiracharya
Secretary, Swoyambhu Aizen Center
Kathmandu, Nepal

Nov. [illegible] , 2005

Dear Dr. Bajracharya:

We were distressed to read in your obituary e-mail this morning that our respective Mr.Nucche Bahadur Bajaracharya, your father had recently passed away and we are writing at once to express our deep sympathy. Please accept and convey our sincerest condolence to his wife Mme.Kesali, his daughter Spriya and his son Oje, and all bereaved family.

By his passing away our organization have lost one of its great leaders. He will be greatly missed by all who knew him. We can remember his brilliant official history of Aizenkai, for example, establishment of Katmandu branch in 1974, 1st Asian conference and 2nd Asian conference in 1981 and 1985, and so on.

Wishing to admire his great life work led by Buddha's providence, we pray for the grace and divine protection of Buddha upon his spirit, and pray his soul will live in full bliss in the Heavenly Kingdom. May Buddha be with his bereavement in this hour of great sadness, and we share the deepest grief with all of you.

Dhamma.Digital

Sincerely yours,

Teruaki Furuta

Teruaki Furuta, Adviser to the Jinrui Aizenkai

Tokio Kanakogi

Tokio Kanakogi, Vice-President of the Jinrui Aizenkai

Yasuhiko Inagaki

Yasuhiko Inagaki, Vice-President of the Jinrui Aizenkai

Mitsuo Yamazaki

Mitsuo Yamazaki, a director of board meeting of Jinrui Aizenkai

Downloaded from http://dhamma.digital

# OOMOTO

The Oomoto Foundation
Kameoka-shi, Kyoto-fu
Japan 621-8686
TEL. 0771-22-5561
FAX. 81-771-25-0061

大本本部
京都府亀岡市天恩郷

Dr. Suharna Lal Bajiracharya
Secretary, Swoyambhu Aizen Center
Kathmandu, Nepal

Nov. 3, 2005

Dear Dr. Bajracharya:

It is with great sadness that we received the news of the passing away of Respective Mr.Nucche Bahadur Bajracharya, your father. Please accept and convey our sincerest condolence to his wife Mme.Kesali, his daughter Spriya and his son Oje, and all bereaved family.

All of us at the General Headquarters of Jinrui Aizenkai (ULBA) have been deeply grateful for his enthusiastic and compassionate devotion toward Nepal people, furthermore, he has given noble affection and broad influence to human beings through the Aizen Movement, Universal Love and Brothrerhood.

Wishing to admire his great life work led by Buddha's providence, we pray for the grace and divine protection of Buddha upon his spirit, and pray that his soul will live in full bliss in the Heavenly Kingdom.

May Buddha be with his bereavement in this hour of sadness, and we share the deepest grief with all of you.

Sincerely yours,

Yasumi Hirose

Yasumi Hirose
Honorary President of Jinrui Aizenkai

Kunihiko Shimamoto

Kunihiko Shimamoto
President of Jinrui Aizenkai

Downloaded from http://dhamma.digital

金光教泉尾教会

〒551-0001 大阪市大正区三軒家西3-8-21
TEL 08-6551-0035 FAX 08-6553-7073
URL : www.relnet.co.jp/izuo
Email : izuo@relnet.co.jp

December 1, 2006

Mr. Ojesh Bajracharya
GPO Box 1558
Kathmandu
Nepal

Dear Mr. Ojesh Bajracharya,

I learned with deep regret of the death of Rev. N.B Bajracharya your dearest father.

Every member of Miyake family and our church join me to extending our deepest sympathy to you and to your beloved family.

Your father was really the man of sincerity and enthusiasm. Always he deal the matters with wholeheartedness and high spirit.

He was the pioneer of private school education in your country. He dvoted full life for the noble mission of giving free education to poor and distressed children.

He was also the great leader of world peace movement in Asia. By chance, my grand father Rev. Toshio Miyake acquainted with him and worked together for promotion of World Federalis Movement.

Thus, reminding everlasting long life of acquaintance with your fathe I would like to express here again my deepest condolence to you and to your bereaved family.

Praying eternal peace of his soul, I am prayerful yours,

With best regards,

Rev. Mitsuo Miyake

Downloaded from http://dhamma.digital

GADEN JAM GHON LING
Swayambhu Nath, Maitri Vihar, Kathmandu, Nepal.
Tel. No. 278119, Fax : 977-1-282987

Ref No.

Date 2062/7/20

༄༅། །མཁས་བཙུན་བཟང་གསུམ་ལྡན་པའི་སྐུ་གཞོགས་ནུ་ཆའི་ཟླ་དྲུང་བཛྲ་པ་ཀ་ཙུ་མཆོག
གི་སྐུ་ཚེ་ཧྲིལ་པོའི་མཛད་བཟང་མཐོང་ཆོས་སྒྲོན་བརྒྱ་གཏེར་ལྡེབ་ལས་རྒྱུ་ཐིགས་ཙམ་ཞིག་བརྗོད་
པར་བྱ་བ་ལ།

སྐུ་གཞོན་ནུའི་དུས་ནས་ཤེས་ཡོན་ལ་སྦྱངས་བརྩོན་གྱིས་ཏེ་
གྲུབ་འབྲས་བཟང་པོ་རྒྱ་ནོམ་སུམ་སོང་བར་བལ་ཡུལ་ཨ་ནན་ཏ་ཀུ་ཊི་སློབ་གྲྭ་དབུ་འཛུགས་གནང་བ
ནས་བཟུང་ཁོང་གི་སྐུ་ཚེ་ཧྲིལ་པོར་སྤྱི་ཚོགས་ནང་གཞན་ཕན་ལྷག་བསམ་རྣམ་དག་གི་སྒོ་ནས་སློབ་མ
ཡང་ཤེས་ཚད་མཐར་ཕྱིན་པ་ཁྲི་ཚོ་ལས་བརྒལ་བ་བྱུང་ཡོད་མ་ཟད་ཁོང་གིས་བོད་པའི་རྩ་དོན་ཐོག་ཏུ་
ཅང་གི་མཐོང་ཆེན་གནང་གི་ཡོད་པ་དང་། ནང་ཆོས་ལའང་ལྷག་བསམ་གཡོ་མེད་ཀྱི་དད་ལྡན་སྐྱེས་བུ
ཞིག་ཡིན་པ་སློས་མི་དགོས་ཁོང་གི་སྐུ་ཟླ་ཀ་སི་རི་ལགས་ཀྱང་ཁོང་དང་འདྲ་བའི་མཛད་སྤྱོད་གནང་དང་
གནང་མུས་ལ་ཀུན་གྱི་ཡིད་རངས་དང་བསྔགས་བརྗོད་ཀྱི་ཡུལ་དུ་ངོས་འཛིན་ཞུ་བཞིན་པ་བཅས།

བལ་ཡུལ་འཕགས་ཤིང་དགའ་ལྡན་བྱམས་དགོན་གླིང་ནས་གོང་ཆོས་ཉིན

ཕུལ།།

Downloaded from http://dhamma.digital

# MESSAGE

I first encountered Nhuchhe Bahadur Bajracharya in 1953 when I visited Kathmandu with my friend and fellow Irishman, Michael Allen. For both Michael and myself it was a lucky providence that enabled us to meet such a friendly, charming and helpful personality. I like to believe that for all of us this meeting changed our lives.

It was through Nhuchhe's assistance that we obtained accommodation in the great Bhuddist monastery of Swayambunath standing on its wooded hill overlooking the Kathmandu valley. Beneath this hill, just one year before our arrival Nhuchhe had established the school at Ananda Kuti Vihar with just six pupils; at the time of our first visit the number had risen to thirty. The school was surrounded by green fields and to reach it from Kathmandu travellers had to walk through green fields and a countryside of small brightly coloured farmhouses. There were no cars, modern roads or the development we see today; the unpolluted valley with its numerous temples was a place of singular beauty. For strangers like Michael and myself Nepal was a fascinating and enchanted country with a unique culture which Nhuchhe helped us to understand. He was among those who recognised the urgency of harnessing the changes that were inevitable through modernisation, and above all else, education.

Before 1953 he had visited Tibet and South East Asia. In his book, The Story of My Life, he states that ' the yen to travel far and wide to make friends in foreign lands, while at the same time also acquire more knowledge and experience, besides whenever possible render service to worthy causes, has been an abiding trait deeply ingrained in my nature.' Although I am not qualified to write on the astonishing variety of his travels, I am happy that he made two visits to my country, Ireland. The many benefits to Nepali life that Nhuchhe derived from his travels, stretched from his deepening interest in religion and education to a study of Swedish agriculture. I appreciate that from the first, a young Nepali without financial support had the determination to see for himself so much that would contribute to his acquired wisdom. I also observed how his courtesy and charm won him numerous friends.

Perhaps my fondest memory of Nhuchhe is the invitation he extended to me and my wife, Gillian, to take part in his birthday celebrations in 1998. We recall the kindness of his family, particularly of his wife, Keshari, in entertaining us at Ananda Kuti, where my daughter Vanessa taught briefly. Nhuchhe took the opportunity to drive us, together with Michael, around much of central Nepal, acting as the perfect host. We visited places of great beauty and historical significance and met many of his widespread relations and friends. Nothing could ruffle his good temper and humour and the tour brought great happiness to Gillian and myself.

Nhuchhe's achievements derived not only from the hard work he put into his undertakings, but from his unshakeable optimism that the world could be made a more humane and better place. The school of Ananda Kuti Vidyapeeth, whose pupils have contributed so much to modern Nepal, stands as a lasting token to his memory.

***Peter Somerville-Large***

Downloaded from http://dhamma.digital

# बिषय सूची


| | | | |
|---|---|---|---|
| १. | मेरो आँखामा न्हुच्छेबहादुर | भिक्षु कुमार काश्यप | १ |
| २. | असल शिक्षक न्हुच्छेबहादुर बज्राचार्य | भिक्षु अश्वघोष | ४ |
| ३. | न्हुच्छेबहादुर बज्राचार्यप्रति श्रद्धाञ्जलीको एक गुच्छा ! | भिक्षु ज्ञानपूर्णिक महास्थविर | ७ |
| ४. | आनन्द कुटीका प्रथम शिक्षासेवी | केदार शाक्य | १० |
| ५. | श्री न्हुच्छेबहादुर बज्राचार्यलाई जसरी मैले चिनें | प्रा. आशाराम शाक्य | १४ |
| ६. | न्हुच्छेबहादुर बज्राचार्यको स्मृति | लोकदर्शन बज्राचार्य | १६ |
| ७. | स्व. न्हुच्छेबहादुर बज्राचार्यको बारेमा | सर्वज्ञरत्न तुलाधर | १८ |
| ८. | श्रद्धालु उपासक न्हुच्छेबहादुर बज्राचार्यको सम्झना | भिक्षु धर्मपाल | १९ |
| ९. | त्यो दिन | डा. भद्रमान तुलाधर | २२ |
| १०. | अनन्त यात्री न्हुच्छेबहादुर दाई | प्रा. डा. गणेश माली | २८ |
| ११. | न्हुच्छेबहादुर बज्राचार्यलाई सम्झदा | फणीन्द्ररत्न बज्राचार्य | ३० |
| १२. | नेपाली उल्वानेतामा सादर श्रद्धाञ्जली | महेश्वर जुजु राजोपाध्याय | ३४ |
| १३. | न्हुच्छेसर-मेरो बाल्यकालको स्मृति पटलमा | ज्ञानकाजी शाक्य | ३७ |
| १४. | मार्साहिब न्हुच्छेबहादुर बज्राचार्यज्यूमा मेरो अभिवादन | डा. लक्ष्मण शाक्य | ४३ |
| १५. | न्हुच्छेबहादुर बज्राचार्य | अनागारीका माधवी | ४५ |
| १६. | आइजनकार्य नेपालका मार्ग दर्शक श्री न्हुच्छेबहादुर...... | मदनबहादुर प्रधान | ४७ |
| १७. | न्हुच्छेबहादुर दाईलाई मनपर्ने विषय मैत्री | सुवर्ण शाक्य | ५० |
| १८. | स्व. न्हुच्छेबहादुर बज्राचार्यप्रति श्रद्धासुमन | रविचरण श्रेष्ठ | ५३ |
| १९. | स्मृतिः एक हस्तीको | कृष्णकली शाक्य | ५५ |
| २०. | न्हुच्छेसर अतितका पाना | राधाकृष्ण घिमिरे | ६० |
| २१. | हेडसरलाई नजिकबाट नियाल्दा | जीवन भण्डारी | ६३ |
| २२. | कान्छाबाको सम्झनामा | हिरारत्न बज्राचार्य | ६५ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| २३. न्हुच्छेबहादुर बज्राचार्य एक महान कर्मयोगी | ज्ञानी के.सी. | ६८ |
| २४. न्हुच्छेसरको सम्झनामा दुई शब्द | ऋषिराम पौडेल | ७० |
| २५. न्हुच्छेबहादुरको सम्झनामा | कन्हैया राजभण्डारी | ७४ |
| २६. न्हुच्छेसर एक संस्मरण | नीरा शर्मा | ७६ |
| २७. सबैका गुरु न्हुच्छेसर | मुकुन्दबहादुर श्रेष्ठ | ७९ |
| २८. न्हुच्छेबहादुर : शिक्षा जगतका अथक योद्धा | रमेश धर्ती | ८० |
| २९. मेरो मानसपटलमा न्हुच्छेबहादुर बाजे | अष्टमुनि गुभाजु | ८६ |
| ३०. स्कूल जीवनको संस्मरण | नरेन्द्रराज सायमी | ८९ |
| ३१. न्हुच्छेसर-एक कर्मयोगी व्यक्तित्व | राकेश श्रेष्ठ | ९२ |
| ३२. श्रद्धाञ्जली | प्रमीला उप्रेती | ९६ |
| ३३. न्हुच्छे जस्तै न्हुच्छेबाको कीर्ति नविन राखुन् | विश्वरामभक्त माथेमा | ९७ |
| ३४. म बैंक ब्याज तिर्न जान्थें | चन्द्रमान शाक्य | १०० |
| ३५. न्हुच्छेबहादुर बज्राचार्य एक सम्झना | राधेश्याम मिश्र | १०२ |
| ३६. बौद्ध विद्वान तथा शिक्षाप्रेमी स्व. न्हुच्छेबहादुर ...... | ईश्वरमान सिंह | १०७ |
| ३७. सम्झनाका केही क्षणहरु | सुजाता बज्राचार्य | ११० |
| ३९. मेरो बा | सुप्रिया बज्राचार्य | ११२ |
| ४०. प्रात: स्मरणीय बालाई श्रद्धाञ्जली | ओजेश बज्राचार्य | ११३ |
| ४१. न्हुच्छेबहादुर बज्राचार्यमा हार्दिक श्रद्धाञ्जली अर्पण | बालकृष्ण श्रेष्ठ | ११४ |
| ४२. संस्मरण स्व. न्हुच्छेबहादुर बज्राचार्य | प्रा. गोविन्द नारायण | ११५ |
| ४३. अति गहिराईबाट निस्किएका शब्दहरु | शारदा शाक्य | ११७ |
| ४४. बाजे न्हुच्छेबहादुर (एक संस्मरण) | अरणीतारा बज्राचार्य | ११९ |
| ४५. गुरु न्हुच्छेबहादुर बज्राचार्यको सम्झनामा | अशोकमान शाक्य | १२२ |
| ४६. नलेखिएका इतिहासका केही पानाहरु | सुवर्णलाल बज्राचार्य | १२३ |
| ४७. याद आउने क्षणहरु | अजय धाख्वा | १२५ |
| 47. Nhuchhe Bdr. Bajracharya | Prof. Dr. B. R. Shakya | 126 |

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| 48. | Tribute to a teacher | Kesar Lal | 129 |
| 49. | In memory of Nhuchhe B. Bajracharya | Chandra Devi Shakya | 135 |
| 50. | Nhuchhe Bdr. Bajracharya, a symbol ...... | Bhairab P. Shrestha | 137 |
| 51. | Mr. Nhuchhe Bdr. Bajracharya, man of ...... | Mohan N. Shrestha | 139 |
| 52. | Memories of Nhuchhe Sir | Mathura Dangol | 141 |
| 53. | Beloved great teacher | Baradev Maharjan | 143 |
| 54. | My Memory of you ...... | Mr. Yohan of Sweden | 145 |
| 55. | Nhuchhe Bdr. Bajracharya | Shinichi Deguchi | 146 |
| 56. | Retrospect to a big Senior of ...... | Kunihiko Shimamoto | 149 |
| 57. | My memories of Nhuchhe Bdr. Bajracharya | Dr. Michael Allen | 151 |
| 58. | My best and beloved grandfather ...... | Adhish | 158 |
| 59. | Unforgettable Bhena Nhuchhe Bdr. B. | Purnima Quirk | 159 |
| 60. | Forever | Dr. Sudeep Bajracharya | 160 |
| 61. | Amazing life of my grandfather | Anurag Bajracharya | 162 |
| 60. | In the memory of my Late father-in-Law | Reena Bajracharya | 164 |
| 61. | My grandfather | David Bajracharya | 165 |
| ६२. | न्हुच्छेबहादुर दाईयात लुमंका | डा. केशरीलक्ष्मी मानन्धर | १६६ |
| ६३. | पासा न्हुच्छेबहादुर बज्राचार्यया लुमन्तिई | तीर्थनारायण मानन्धर | १६९ |
| ६४. | पाजु न्हुच्छेबहादुर बज्राचार्यया लुमन्ति | अष्टरत्न धाख्वा | १७३ |
| ६५. | बुद्धोपदेशया दुने-न्हुच्छेबहादुर बज्राचार्य | बुद्धरत्न बज्राचार्य | १७६ |
| ६६. | श्रद्धेय गुरु न्हुच्छेबहादुरया जीवनी | प्रज्ञारत्न तुलाधर | १८३ |
| ६७. | धन्य ख: छ:पिं | अमिता धाख्वा | १८९ |
| ६८. | आनन्दकुटी ब्वनेकुया छग: धिसिंला:ईलोहँ:...... | सम्पूर्णधर तुलाधर | १९० |
| ६९. | आनन्दकुटी विद्यापीठमा सह संस्थापक एवं...... | धर्मरत्न शाक्य | १९२ |

Downloaded from http://dhamma.digital







# मेरो आँखामा न्हुच्छेबहादुर

आचार्य भिक्षु कुमार काश्यप महास्थविर
आनन्दकुटी विहार स्वयम्भू

कात्तिक महिनाको बिहानीको पारिलो घाममा आफ्ना चेलाहरूसंगै बसी सुख दुःखका कुरा गर्दै पारिलो घामको न्यानो अनुभूति गर्दै बसिरहेको बेला एकाएक बिहारको टेलिफोनको घण्टिले न्यानोपनमा चिस्यानको आभाष दिन्दै घण्टि बजे । यसप्रकारको घण्टिको आवाजले मनमा कताकता चिसोपनले छोए जस्तो लाग्यो र मनमा कुनै सन्त्रासको आभाष दिए जस्तो लाग्दथ्यो । एक चेला गई टेलिफोनको वार्तालाप शेरु गरी फर्केर जब टेलिफोनको दुःखद् समाचार सुनाए । झसङ्ग झस्के कि प्रकृतिको कठोर नियतिप्रति कता कता असन्तोष पनि । हुन तः सांसारिक स्वाभाविक धर्म, जन्मेका, उत्पति भएका सम्पूर्ण संस्कार धर्म एकदिन विनाश हुनु तर पनि आफ्ना सहृदय सुख दुःखका कोही टाढिंदा मनमा दुःख लाग्ने र चोट पर्ने सोही अनुरूप असन्तोषका विकार नपलाएका होइनन् । तर पनि आफ्नो मनलाई ढाढस दिई एक वाक्यको असन्तोष प्रकट गर्न पुगें काः मन्तला ! (२०६२ कात्तिक ०८ गते बिहान ८:३० बजे) तिर न्हुच्छेबहादुर बज्राचार्यको देहावसानको दुःखद् खबर सुने ।

जब प्राणरुपी वायुले उहाँ नःस्वर देहत्याग गरी प्राणरुपी पखेरो उडी देहावसान भएको खबर सुने, तब मेरा दुई आँखा वरिपरी उहाँसंगै भेट भएका घटनाहरू तथा उहाँसंगसंगै भेट भएका घटनाहरू तथा उहाँसंगसंगै बिताएका अतितका क्षणहरू आदि झल्झल्ति टि.भी. का screen मा नाटक हेरे सरी झझल्को आउन थाले । उहाँसंग श्रीलंकामा, जहाँ म, आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिई बसोबास गरिरहेको थिएं । उक्त वजिराराम बिहारमा प्रथम पटक भेट भएको थियो । जब कोही व्यक्ति आफ्नो जन्मस्थल छोडि अन्यस्थानमा बसोबास गर्न गई, धेरै समयसम्म बसिरहनु पर्दा मनमा आफ्नो जन्मस्थलोको याद आउनु मानवीय स्वभाव धर्म नै हो भने अझ म तः दुई बर्षदेखि निरन्तर विदेशी भूमिमा बसोबास



Downloaded from http://dhamma.digital

गरिरहेको व्यक्ति । जब आफ्नो जन्मभूमि राष्ट्रबाट कोही व्यक्ति आएको भन्ना साथ ममा पनि कौतुहलता उत्पन्न भयो । सोही समयमा दिवंगत डा. भिक्षु अमृतानन्दका साथ दुई जना नौजवान युवकसंग पनि भेट भयो । यी दुई नौजवान मध्ये एक जना अन्दाजी २०-२२ बर्षका नै न्हुच्छेबहादुर बज्राचार्य भएको कुराकानीको दौरानमा थाहापाएं । यसरी उहाँसंग मेरो प्रथम भेट श्रीलंकाको वजिराराम बिहारमा लगभग दोस्रो बिश्व युद्धको अन्त्यतिर भएको थियो र प्रथम भेटमा नै उहाँको शालिनतायुक्त गाम्भिर्य अनुहारबाट म प्रभावित भएको थिएं ।

यसरी पहिलो भेटबाटै प्रभावित भएको म जब आफ्नो अध्ययन कार्य पूरा गरी नेपाल फर्की आनन्दकुटी बिहारमा बसोबास गरें । सोही समयमा उहाँकै सक्रियतामा स्थापित प्रथम बौद्ध स्कुल आनन्दकुटी बिद्यापिठमा नैतिक शिक्षा पढाउने शिक्षकका हैसियतले उहाँसंग शैक्षिक क्षेत्रमा एक सहकार्यको रूपमा काम गर्ने सु-अवसर पनि प्राप्त भयो । जुन समयमा उहाँ आनन्दकुटी बिद्यापिठको संस्थापकका साथ प्रथम प्रधानाध्यापक पनि हुनुहुन्थ्यो । यसै सहकार्यको समयमा उहाँसंग बरोबर शैक्षिक क्षेत्रको बिषयमा गहनतम् छलफल हुन्थ्यो र उहाँले बरोबर आफ्नो मनकाअभिव्यक्ति दिने क्रममा भन्नुहुन्थ्यो कि ‘भन्ते हामीले स्कुल स्थापना गरी बौद्धिक तरिकाबाट स्कुल सञ्चालन गर्ने प्रयास नगरेमा भावी पींढीलाई कसरी बौद्ध स्कुलको परिचय दिलाउने’ यसरी नै प्राय:जसो बौद्ध धर्मको उत्थान, जागरण (प्रचार प्रसार) का साथै शैक्षिक क्षेत्रबाट पनि कसरी बौद्ध धर्मको प्रचार प्रसार गर्न सकिन्छ र बुद्ध शिक्षा दिलाउन सकिन्छ भन्ने बिषयमा छलफल भइरहन्थ्यो । यसैको प्रयाश स्वरूप आनन्दकुटी विद्यापिठ स्थापना भएको ३३ औं वार्षिकोत्सबको उपलक्ष्यमा सन् १९८५ मा उहाँ आफै संस्थापक भई प्राकृतिक छटाले भरिएको र धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरणका प्रतिकको रूपमा रहेको मनोरमस्थल स्वयम्भू डांडाको दक्षिण फेद छाउनीमा एक स्कुलको स्थापना गर्नु भयो, जुन स्कुल एक शिशुहरूलाई शिक्षा दिने उद्देश्यले खोलिएका आज शैक्षिक क्षेत्रमा एक फड्को फाल हाल्दै मैत्री शिशु माध्यमिक स्कुलको रूपमा स्थापित हुन सफल भए । यसो हुनुमा उहाँको शिक्षाप्रति भएको लगाव र समर्पणकै कारणले भन्दा यसमा अतिशयोक्ति नलाग्ला । यसरी स्थापना भएको समयदेखि नै बौद्ध देश श्रीलंकामा झैं पञ्चशील प्रार्थना र संक्षिप्त बुद्ध वन्दना गरी



Downloaded from http://dhamma.digital



कक्षा सञ्चालन गराउने चलनलाई अध्यावधि निरन्तरता दिई रहेको पाइन्छ । यसरी पञ्चशील प्रार्थना र संक्षिप्त बुद्ध वन्दना गरी कक्षा सञ्चालन गराउने चलन उहाँ लंकामा अध्ययन गरेर आएको परिणाम भनेमा कसैको दुईमत नहोला यसबाट हामी के थाहा पाउन सक्छौं भने उहाँ एक तिक्ष्ण विद्यार्थीका साथसाथै एक कुशल र योग्य आचार्य (शिक्षक) र अभिभावक पनि हुनुहुन्छ ।

यस्तैगरी उहाँसंगको सहकार्यको रूपमा विभिन्न देशहरूमा नेपालको प्रतिनिधित्व गर्दै विभिन्न धार्मिक सम्मेलनहरूमा सहभागिता जनाउने अवसरहरू पनि थुप्रै प्राप्त भए, जस्तै सन् १९८३ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन जापानस्थित क्योटाने शहरमा सम्पन्न हुंदा, त्यस्तै १९७० मा मङ्गोलियाको उलान बाटोरमा आयोजित बौद्ध सम्मेलनमा दिवंगत आचार्य भिक्षु अमृतानन्दका साथ उहाँसंगै म पनि सहभागी भएको थिएं । त्यस्तै रुसमा धार्मिक शिष्ट मण्डलका रूपमा सहभागिता जनाउंदा उहाँसंगको सहकार्यबाट उहाँ एक कुशल विद्यार्थी, शिक्षकका साथसाथै कुशल वक्ता र नेतृत्वको रूपमा पनि सक्षम भएको देखें ।

यसरी एक व्यक्तिमा अनेक प्रतिभा र खुबी हुंदाहुँदै पनि उहाँमा कहिले पनि घमण्ड र अभिमानको मैले कहिलै पाउन सकिन । यसरी सबैसंग सहकार्य र समान रूपमा कार्य गर्ने सहृदय न्हुच्छेबहादुर बज्राचार्यको देहावशानबाट बौद्ध जगत्मा र शैक्षिक क्षेत्रमा एक ताराको अवशान भएको आभाष पाउछु । यस्ता व्यक्तिको देहावशानमा बौद्ध चारित्र अनुसार पाठ गर्दा उहाँसंगको सहकार्यताको क्षणको स्मरणले भावुकतामा गला अवरुद्ध भई पाठ गर्न समेत कठिन स्थिति आइपरेको थियो । उहाँ चिर स्मरणीय व्यक्तित्वसंग बिताएका ती पलहरूको घटनालाई पुर्नजिवीत गर्दै दिवंगत आत्माप्रति निर्वाण कामना गर्दै समवेदना प्रकट गर्दछु ।

■



Downloaded from http://dhamma.digital



# असल शिक्षक न्हुच्छेबहादुर बज्राचार्य

भिक्षु अश्वघोष

गौतम बुद्धले भन्नु भएको छ- सबै प्राणी जन्मीसकेपछि सबै बूढो हुनु, रोगीहुनु र मृत्युहुनु अवश्यंभावी छ। यो प्रकृति नियमै हो। रोगबाट मुक्त हुने उपाय भए पनि बूढोहुन र मृत्युबाट मुक्त हुन कुनै उपाय छैन। रोग भए उपचार गर्न सकिन्छ, पैसा पनि चाहिन्छ, आयु क्षय भएको छैन भने धर्मकर्म गरेर र औषधोपचार गरेर रोग निको पार्न सकिन्छ अनि निरोगी भइ बाँच्न सकिन्छ। तर आयु र कर्म दुवै क्षय भएको खण्डमा बाँची रहनु कुनै उपाय छैन।

बुद्धको शिक्षा अनुसार जरा, ब्याधी र मृत्युबाट मुक्त हुने उपाय त छ आध्यात्मिक उन्नति गरेर मतलब नि:स्वार्थी र ईर्ष्या, क्रोध लोभरहित जीवनयापन गरेर तृष्णाबाट मुक्त हुनसके फेरि जन्म लिनु पर्दैन। जन्मै न लिएपछि बूढोहुने, रोगको शिकार हुने र मृत्युहुने कुरै उठ्दैन। तर निर्वाण प्राप्त गर्नु सजिलो काम चाहिँ होइन। अरूले आफ्नो चित्त दुख्ने गरी केही कुरा भनेको र काम गरेको खण्डमा सहनु र बिर्सन सक्छ भने निर्वाण प्राप्त गर्न अलि सजिलो हुन्छ कि ? तर उपदेश र धर्म प्रचार गर्नेहरूमा पनि कार्य क्षेत्रमा नरिसाई बस्नु र सहनशीलताको क्षमता सधैं देखिँदैन। यो भयो धर्मको कुरा।

प्रकृति नियम अनुसार न्हुच्छेबहादुर बज्राचार्य जवानीबाट बिस्तारै बूढो हुनुभयो, बिरामी हुनुभयो र मृत्युहुन पुग्यो। उहाँ जन्मिदा कसैलाई भनेर आउनु भएको थिएन। जानेबेलामा पनि भनेर जानु भएन। जसरी आउनु भयो त्यसरी नै सुत्त जानुभयो। उहाँले एउटा मात्र सन्देश दिएर जानुभयो- "सबै म जस्तै सबै संसार छोडेर जानुपर्छ। मर्नुपर्छ भन्ने मंत्र बिर्सनु हुन्न। आफूले गरेको राम्रो काम मात्र आफूलाई भरोसा छ। अरू केही कसेको भरोसा छैन। यो मैले बुद्धशिक्षाबाट सिकेको हो।"



Downloaded from http://dhamma.digital



त्यसैले हामी सबैले राम्रो काम मात्र गर्न सके त्यही पुण्य कर्म आफूसंगै आउँछ। मर्नुपर्छ भन्ने जप मात्र गर्ने होइन। हामीले गर्नु पर्ने कर्तब्य भोलि गरौंला समय छ केको हतार पछि गरौंला नभन। यो बुद्धको सन्देश हो सधैं सम्भी राख्नु पर्ने कुरा।

न्हुच्छेबहादुर बज्राचार्य कुलमा जन्मेता पनि उहाँमा बज्राचार्य संस्कार देखिएन। उहाँ हुर्केको भिक्षुहरूको छत्रछाँयामा परेकोले र श्रीलङ्कामा पढ्नुभएकोले हो कि ! म र भिक्षु कुमार काश्यप तथा न्हुच्छेबहादुर बज्राचार्य एक ही समयमा श्रीलंकामा पढेका थियौं। भेट घाट हुँदा कुरा हुन्थ्यो - हामी नेपाल फर्केपछि स्कुल खोलेर बालबालिकाहरूलाई पढाएर बुद्धको शिक्षा प्रचार गरौं र असल मान्छे बनाऔं। बुढापाकाहरूलाई उपदेश मात्र दिएर संस्कार बदल्न सजिलो छैन। कुम्हालेको चक्कामा राखेको माटो मुलायम छँदासम्म कुम्हालेले चाहिएको भाँडो बनाउन सक्छ। हामीले पनि सानु सानु बालक-बालिकाहरूलाई शिक्षा दिन सके केही संस्कार बदल्न सकिने छ कि ?

यही विचार अनुसार पूज्य अमृतानन्द महास्थविरको आज्ञानुसार र आर्थिक सहयोगद्वारा न्हुच्छेबहादुर बज्राचार्यले आनन्दकुटी विहारमै विद्यापीठ स्थापना गर्नुभयो। कालान्तरमा हामी भिक्षु कुमार काश्यप, भिक्षु महानाम, भिक्षु सुदर्शन र म आफू पनि आनन्दकुटी विद्यापीठमा बसी व्यवस्थापनमा र नैतिक शिक्षा प्रचार गर्नेमा संलग्न थियौं। केही हदसम्म बौद्धसंस्कार विद्यार्थी वर्गमा प्रचार गर्न सफल भयौं जस्तो लाग्छ।

न्हुच्छेबहादुर बज्राचार्य शिक्षक जीवनमै अन्त हुनुभयो। शिक्षक जीवन समाजको अतिमहत्त्वपूर्ण अंग हो। देशको भविष्य उज्ज्वल पार्न र असल नागरिक बनाउन शिक्षकको अमूल्य देन छ। श्रीलंकामा हुँदा मैले अखबारमा पढेको थिएँ- त्यसताका भरखर द्वितीय विश्वयुद्धको अन्त भएको थियो। यो सन् १९४४ को कुरा हो।

एकजना विदेशी पत्रकारले एकजना जापानी शिक्षकसंग अन्तर्वार्ता लिंदा प्रश्न गरेको थियो अब त जापानमा संस्कृतिको भविष्य छैन क्या रे ?



Downloaded from http://dhamma.digital

जापानी शिक्षकको कथन थियो - "भविष्य उज्ज्वल छ। किनभने जबसम्म असल शिक्षक रहन्छ तबसम्म संस्कृतिको उज्ज्वल रही रहनेछ। म शिक्षक हुँ। असल शिक्षकले राम्रो शिक्षा दिन सके असल नागरिक (मान्छे) बनाउन सक्छ। हामी शिक्षकहरूले शान्तिको पक्षमा शिक्षा दिन्छौं। आटमबमले दुइवटा ठूलासहर भष्म पारिदियो। तैपनि संस्कृतिको भविष्य उज्ज्वल हुनेछ। यो शिक्षकको हातमा छ।

यहाँ जापानी शिक्षकको घटना किन उल्लेख गरेको भने- न्हुच्छेबहादुर बज्राचार्यले पूज्य अमृतानन्द भन्तेको सल्लाह अनुसार आनन्दकुटी विद्यापीठ स्थापना गर्नुभयो। आनन्दकुटी विद्यापीठबाट अवकाश लिइकन पनि छाउनीमा आफ्नी श्रीमती केशरी बज्राचार्यको र छोरी सुप्रियाको सहयोगमा मैत्री शिशु विद्यालय स्थापना गरेर सानुसानु बाल बालिकाहरूलाई शिक्षा दिन सुरू गर्नुभयो। उहाँको इच्छा बौद्धहरूको सङ्ख्या बढाउन नभई असल मान्छे बनाउन हो। त्यहाँको स्वच्छ वातावरणमा बच्चाहरूलाई बौद्ध नैतिक शिक्षा पनि दिइरहनु भएको थियो। उहाँकी माहिली छोरी सुप्रियाले पनि अन्तै स्कुल खोलेर संचालन गरिरहनु भएकी छिन्।

न्हुच्छेबहादुर बज्राचार्यको र मेरोबीच नङ र मासु जस्तै सम्बन्ध छ। उहाँ अति विश्वासपात्र साथी हुनुहुन्थ्यो।

उहाँले बुद्धको शिक्षा जागरण ल्याउन कतिपय धार्मिक पुस्तकहरू लेख्नु भएको छ। यी पुस्तक, आनन्दकुटी विद्यापीठ र छाउनीको मैत्री शिशु विद्यालय र हुँन्जेलसम्म न्हुच्छेबहादुर बज्राचार्य जीवित नै भइरहने छ।

■



Downloaded from http://dhamma.digital






# न्हुच्छेबहादुर बज्राचार्यप्रति श्रद्धाञ्जलीको एक गुच्छा !

भिक्षु ज्ञानपूर्णिक महास्थविर
विश्व शान्ति विहार, मीनभवन

माष्टर साहेब श्री न्हुच्छेबहादुर बज्राचार्यज्यू पार्थिव शरीरको हिसाबले अब यो संसारमा रहनु भएन । सब्बे सङ्खारा अनिच्चा (सम्पूर्ण सांसारिक धर्महरू अनित्य छन्) भन्ने बुद्धवचनलाई प्रमाणित गर्दै उहाँले यो संसारको वास्तविकतालाई औंल्याउँदै संसारवासी हामी सबैलाई सचेत गराउँदै उहाँ यो अनित्य संसारबाट, नश्वर देहबाट छुट्टिनु भयो ।

उत्पादनशील तत्वहरू संस्कृतधर्महरू उत्पन्न भएपछि विनाश हुनु यो जीवनको अथवा संसारको नियाम धर्म हो । विश्व नियम हो । जीवनको यथार्थ अविपरित कानुन हो । यो कहिल्यै फरक पर्दैन; अन्यथा हुँदैन । त्यसैले फर्मूला दिइराखेको छ "हुत्वा अभावतो अनिच्चं" = उत्पत्ति भएर अभावको अवस्थामा पुग्नु नै अनित्य हो । उत्पत्ति भएर विनाश नहुने के चीज छ र यहाँ ? उत्पत्ति भएर आउँने सजीव निर्जिव कुनै पनि स्वभाव धर्महरू नित्य, शाश्वत, ध्रुव, स्थिर अपरिवर्तनीय भनेर कुनै हालतमा पनि हुनसक्दैन । अन्यथा यो संसार नै झूठ साबित हुनजान्छ । तर संसार झूठ हुँदैन । उसले त आफ्नो स्वभावलाई निरन्तर प्रदर्शन गरिराखेकै हुन्छ । आफ्नो संसरण स्वभाव, गतिशील स्वभावलाई फरक पारेर हिंडेको हुँदैन ऊ । धारा प्रवाह रूपमा ऊ एक क्षण, एक पल पनि नरोकिकन सदैव चलायमान नै रहिरहेको हुन्छ । आफ्नो नाम सुहाउँदो काम उसले गरिरहेको हुन्छ । तर के गर्नु ? संसार निवासीहरूले उसलाई झूठो बनाउन चाहन्छ, विपरीत दिशामा दगुराउन चाहन्छ । आफू झूठो भएर अरूलाई झूठो साबित गर्न धूत्याँइ गर्न नभूल्ने संसार निवासीहरू हुन् । छल, कपट, जाल, झेल, चाकरी, चुगली, चापलुसी गरेर हिंड्ने आफू, दोष देखाउँने दोष दिलाउने अरूलाई । दोषी ठहऱ्याउने संसारलाई । यो संसार निवासीहरूको कस्तो बदमासी !



Downloaded from http://dhamma.digital

संसारवासीहरूको त्यस्तो बदमासीलाई हटाउन त्यसैले भगवान् बुद्धले वास्तविकतालाई ओंल्याउँदै-"खन्धानञ्च पटिपाटि, धातु आयतनान च । अब्बोच्छिन्नं वत्तमाना; संसारोति पवुचचति ॥ अर्थात्-"रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान नामक स्कन्धहरूको जुन क्रम छ; त्यस्तै चक्षुधातु, रूपधातु, चक्षुविज्ञान धातु आदि १८ धातु र चक्षु-आयतन, रूप-आयतन आदि १२- आयतनहरूको; यी स्कन्ध, धातु, आयतन धर्महरूको जुन अटूट रूपमा निरन्तर लगातार चलिरहनु हो; त्यसैलाई संसार भनी भन्दछ भनेर अगाडि सार्नु भएको छ ।

सदैव संसरित यी संसारका यात्री संसारनिवासीहरूको यथार्थ चरित्र पनि यस्तै छ । संसारनिवासी संसारका यात्रीहरू यो संसारमा केही समयका लागि पाहुना भएर आउँछन्, फेरी जान्छन्; आउनु र जानु त्यसैले यो जीवनको प्रक्रिया हो । अटूट चलिरहने शृङ्खला हो । तृष्णा र अविद्याको जड न उखेलेसम्म यो नियम चलि नै रहने छ । यस्तो प्रवाहित, गतिशील, परिवर्तनीय संसारमा पाहुना भएर आएका संसार निवासीहरूले पाहुनाको कर्तब्य निभाएर जानु अत्यावश्यक छ । न्हुच्छेबहादुर बज्राचार्यज्यु यो संसारमा आउनु भयो । आफ्नो कर्तब्य निर्वाह गर्नुभयो, आफ्नो कीर्ति छोड्नु भो । यो संसारलाई आफूले दिनसक्ने केही दिनु भो; अमिट छाप छोड्नु भो । फेरी धर्म नियम अनुसार यहाँबाट जानु भो । अन्य मान्नु पर्छ उहाँको जीवन प्रक्रिया ।

हामी आफन्तहरूलाई पनि उहाँले महत्त्वपूर्ण सन्देश छोड्नु भो । यहाँ खालि आउनु मात्रै होइन, केही न केही छोडेर जानुपर्छ; नत्र त्यो जीवन बेकार हुन्छ, कर्तब्य विहीन हुन्छ, त्यस्तो जीवन सुहाउँदैन । निरर्थक हुन जान्छ । त्यस्तो स्थिति त भए पनि के नभए पनि के ? होइन र !

उहाँ बज्राचार्यज्यूले जीवनभर नै शिक्षा क्षेत्रमा आफूलाई समर्पण गर्नु भो । बौद्ध भएको नाताले बुद्ध धर्म उत्थानको लागि योगदान पुऱ्याउनु भो । सम्बन्धित व्यक्तित्वहरूलाई हरहमेशा क्रियाशील बन्न घच्घच्याउनु भो । प्रेरणाको स्रोत बन्नु भो । स्व पर दुवै क्षेत्रलाई पुण्यमय तुल्याउनु प्रकाश छर्नु भो । सन्तोषप्रद जीवन जिउनु भो । र आखिरमा यो नश्वर शरीर छोडेर उहाँ जानु भो; हामी सबैलाई संसारको वास्तविकता बुझ्न सचेत बनाउँदै ।



Downloaded from http://dhamma.digital



अत: हामीले उहाँको मननीय सन्देशलाई बिर्सनु भएन । सार्थक जीवन जिउनु पऱ्यो । बाँचुञ्जेल राम्रो कामतिर लाग्नु पऱ्यो । क्षणिकताको बोध हुनु पऱ्यो । भविष्यको लागि आश्वस्त हुने शिक्षा सिक्नुपऱ्यो । आफूलाई धन्य तुल्याउन सक्नु पऱ्यो । पश्चातापको पोको बिसाउनु पऱ्यो । यहाँ पनि त्यहाँ पनि प्रमुदित हुन जान्नु पऱ्यो । आफ्नो विशुद्धकर्म हेरेर रमाउनसक्ने बन्नु पऱ्यो । अनि यही नै उहाँ बज्राचार्यज्यूप्रतिको सही श्रद्धाञ्जली हुनेछ । अस्तु !

यो धरतीमा सबैको पाहुना बनेर आयौ तिमी ;
न्हुक्षेबहादुर माष्टर साहेब बनी बाँच्यौ तिमी ।

कर्तव्य निष्ठ बनी धरतीको सेवा पुऱ्यायौ तिमी ;
यथार्थताको प्रदर्शन गर्दै फेरी छोडेर गयौ तिमी ।

अरू त केही दिन योग्य पाइन तिमीलाई ;
दिएँ मात्र यो श्रद्धाञ्जलीको एक गुच्छा तिमीलाई ॥

आरोगो निस्सोको निब्भयो होतु !
सब्बदुक्खा पमुच्चतु !!

■



Downloaded from http://dhamma.digital



# आनन्दकुटीका प्रथम शिक्षासेवी

केदार शाक्य

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपछि शिक्षा क्षेत्रमा धेरै सुधार आयो। शैक्षिक, सामाजिक र धार्मिक जागरणमा यो परिवर्तनले निकै राम्रो भूमिका निर्बाह गऱ्यो। भरखरै राजनीतिक परिवर्तन आएकाले जनतामा पनि उत्साह बढिरहेको थियो। राजधानीका विभिन्न सडकहरूमा दिनहुँजस्तो राजनीतिक पार्टीहरूको जुलुस आउने र माइकको आवाजले सहरमा निकै हल्ला पनि थियो। शान्त एकान्तप्रिय मानिसहरूका लागि सहरी वातावरण असहज बनिरहेको थियो।

यस्तो बेलामा आचार्य भिक्षु अमृतानन्द महास्थविरले नेपाली बालबालिकालाई बुद्धका असल शिक्षामा आधारित आधुनिक शिक्षा दिने सदाशयले स्वयम्भूमहाचैत्य पछाडि आनन्दकुटीको जङ्गलको सुरम्य शान्तमय वातावरणमा राजधानीका केही समाजसेवी, ब्यापारी एवं बुद्धिजीवीहरूको सहयोग लिएर विद्यालय खोल्ने अठोट लिनु भएको थियो। यसका लागि बालबालिकालाई प्राथमिक शिक्षा दिने त्यस्तै दृढनिश्चयी व्यक्तिको आवश्यक थियो। यस कार्यमा भरखरै बिदेशबाट सिनियर क्याब्रीज परीक्षा सकेर फर्कनु भएका न्हुच्छेबहादुर बज्राचार्यले भिक्षु अमृतानन्दलाई सहयोग गर्ने वचन दिनुभयो। श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरले स्वदेशी तथा बिदेशी दाताहरूबाट आर्थिक सहयोग जुटाएर ल्याउनु हुन्थ्यो। विद्यालयको पठनपाठन सञ्चालन गर्ने जिम्मेवारी चाहिं तत्कालीन शिक्षक न्हुच्छेबहादुर बज्राचार्यमाथि थियो। एक प्रकारको गुरुकुल परम्पराजस्तै त्यसबेलाका विद्यार्थीहरू घरबाटै सबै खानेकुराहरूको बन्दोबस्त गरी पढ्न आउँथे।

एकपटक उहाँले आनन्दकुटी विद्यापीठको सुरुआत कसरी भयो भन्ने सम्बन्धमा संस्मरण सुनाउदै भन्नु भएको थियो। उहाँ आनन्दकुटीमा केही



Downloaded from http://dhamma.digital



विद्यार्थीहरू लिएर पढाउने कार्य गर्नुहुन्थ्यो । विद्यालय सञ्चालनको राम्रो व्यवस्था भएको थिएन । एक दिन श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरले विद्यालयका लागि केही आर्थिक सहयोग जुटाएर ल्याउनु भयो । त्यो रकम सहयोग आएपछि उहाँलाई हर्षको सीमा रहेन । उहाँ भन्नुहुन्थ्यो । त्यो रकम पाएपछि उहाँलाई हात्ती नै किनौ कि घोडा किनौ जस्तो आनन्द लागेको थियो । यसरी उहाँ विद्यालयको सेवामा लागेर आनन्दकुटी विद्यापीठको सहसंस्थापक बन्नु भएको थियो । स्कुलको पठनपाठनदेखि सबै बन्दोबस्त गर्ने जिम्मा उहाँको थियो भने आर्थिक सहयोग जुटाउने दायित्व श्रद्धेय भिक्षु अमृतानन्दको रहेको देखिन्छ ।

शिक्षासेवी बज्राचार्यले त्यसपछि आजीवन आनन्दकुटी विद्यापीठको सहसंस्थापक भएर आफूलाई समर्पित गर्नुभयो । पछि उहाँले आफ्नै प्रयासमा छाउनीमा अर्को निजी विद्यालय स्थापना गर्नुभयो । बाह्रजनाजति बालबालिकालाई आनन्दकुटीमा राखेर आनन्दकुटी विद्यापीठको जग बसाउनुहुने व्यक्तिले आफूलाई यसरी शिक्षाको उज्यालो छर्ने कार्यमा आजीवन लगाउनु भएको मात्र होइन यसै कार्यबाट उहाँले एक सफल व्यक्तित्वको पहिचान पनि दिनु भयो । आखिर मानिसको जिन्दगीमा धेरै किसिमको उतार चढाव आइरहन्छ त्यसलाई धैर्यकासाथ सामना गर्नु पनि मानिसको कर्तब्य हो भन्ने कुरा उहाँको जीवनीबाट थाहा पाइन्छ ।

उहाँले आफ्नो जीवनको पूर्वार्द्धमा देश विदेशको निकै भ्रमण गर्नु भयो । अनुभवहरू बटुल्नु भयो । त्यसपछि नेपालमा नै आएर शिक्षासेवामा जीवन बिताउनु भयो । यसबाट अरूले प्रेरणा लिनुपर्ने कुरा के छ भने मानिसले देश बिदेशको भ्रमण र अध्ययन पूरागरी जीवनमा जे गर्नुछ त्यो आफ्नै देशमा बसेर गर्नुपर्दछ । आफ्नै देशमा आएर गरेको काम नै सबैका लागि उपयोगीमुलक हुन्छ । उहाँले बिदेशी मित्रहरू प्रशस्त बनाउनु भयो । उनीहरूबाट सहयोग लिनु भयो । कतिलाई सहयोग गर्नुभयो । यसरी उहाँको जीवन अगाडि बढिरह्यो ।

### *धार्मिक-सामाजिक कार्यमा अभिरूची*

उहाँ बुद्धधर्मका अनुयायी हुनुहुन्थ्यो । एकपटक उहाँ केही साथीहरूका साथ श्रीलंका जानु भयो । उहाँसंग जाने साथीहरूमध्ये एकजना मतिनाकाजी शाक्यसंग



Downloaded from http://dhamma.digital

उहाँको निकै घनिष्टता थियो । मतिनाकाजीले बुद्धशासनमा श्रामणेर हुने अठोटले विहारमा शिक्षा लिनुभयो । पछि उहाँ भिक्षु विमलानन्द बन्नु भयो । न्हुच्छे माष्टर साबको देहावसानको छ महिनापछि भिक्षु विमलानन्दको पनि ७८ बर्षको उमेरमा हृदयाघात भएर २५५० औं बुद्धजयन्ती वैशाख पूर्णिमाको एक दिन अगाडि लुम्बिनीमा नै देहवसान भयो । तर न्हुच्छेबहादुरले त्यागी जीवन रुचाउनु भएन । बरु घर व्यवहारमा बसेरै शिक्षा प्रचारमा लाग्नु भयो । उहाँ भिक्षुहरूप्रति श्रद्धावान भएर कर्मपथमा लागि रहनु भयो । धार्मिक संघ संस्थाहरूमा आजीवन लागिरहनु भयो । उहाँ कतिपय कुराहरूमा उपेक्षा भाव राख्नु हुन्थ्यो । धार्मिक साँस्कृतिक बिधिब्यवहार एवं परम्परागत कुराहरूमा परिवर्तन चाहनुहुन्थ्यो । यही कारण उहाँले नेपाली समाजमा चलिआएको आफ्नो ७७ बर्षे जंकुमा पनि परम्परागत साँस्कृतिक बिधिब्यवहारभन्दा फरक किसिमले आफ्नो जीवनी लेखन माध्यमबाट समाजलाई जीवन संघर्षका कथा समर्पण गर्नुभयो ।

परम्परागत साँस्कृतिक विचारहरूमा उहाँ परिवर्तन चाहनुहुन्थ्यो । विवाह आदि कार्यमा पनि फजुल खर्च गर्न चाहनु हुन्नथ्यो । तर धार्मिक सामाजिक बिधिब्यबहार चाहिँ उहाँ पूरा गर्नुहुन्थ्यो । २०३६ सालमा मेरो विवाहको विधिव्यवहार उहाँले बुद्धशासन अनुसार गरिदिनु भएको थियो । उहाँको किमडोलस्थित निवासमा केशरी दिदी र उहाँले मेरो विवाह सम्पन्न गरिदिनु भएको हो । त्यसबेला विवाहमा मेरा आफन्त भन्नु नै उहाँहरू नै हुनुहुन्थ्यो । श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर र श्रद्धेय भिक्षु महानाम महास्थविरहरूबाट विवाहका अवसरमा मंगल कामना सहित परित्राण सूत्र पाठ भएको थियो ।

उहाँ एक शिक्षासेवी मात्र नभई धार्मिक कार्यहरूमा पनि बढी रूचि राख्ने ब्यक्ति हुनुभएकाले विभिन्न सम्मेलन, समारोहहरूमा पनि उहाँसंगै बसेर कामगर्ने अवसर मलाई मिलेको थियो । कतिपय कुराहरूमा मतमतान्तर भए पनि सही कुरामा चाहिं उहाँसंग मेरो सहमति हुने गरेको कैयौं उदाहरण छन् । उहाँ नयाँ शिक्षा प्रणालीको पाठ्यक्रम आदि कुराहरूसंग सहमत हुनुहुन्थेन । उहाँ ब्याबहारिक कुरामा बढी जोड दिनुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital



*प्रेरणादायी व्यक्तित्व*

उहाँको नाम न्हुच्छे कसरी रहन गयो भन्ने सम्बन्धमा उहाँ भन्ने गर्नुहुन्थ्यो। नयाँ घर बनेको बर्षमा उहाँको जन्म भएकाले सबैले उहाँलाई न्हुच्छे भन्ने नामले बोलाउने गरेको हो। हुन पनि उहाँले आफ्नो जीवनकालमा दसवटा भन्दा बढी घर आफैंले बनाउनु भयो। सायद यो संयोग पनि होला। तर उहाँको आफ्नै परिश्रम र लगनशीलताले ती सबै कार्य पूराभएको मान्न सकिन्छ। उहाँ दीर्घजीवी मात्र होइन निरोगी पनि हुनुहुन्थ्यो भन्ने मेरो अनुभव छ। ८४ बर्षको उमेरमा पनि उहाँ बालबालिकालाई शिक्षादीक्षा दिने कार्यमा कृयाशील हुनुहुन्थ्यो। धेरै मुलुकहरूको भ्रमणबाट हासिल गरेका अनुभवबाट खारिएको परिपक्क विचार उहाँको विशेषता थियो। पुरानो रुढीबादी विचारधारासंग उहाँ कहिले पनि सहमत हुनु भएन। त्यसमा परिवर्तन चाहनुहुन्थ्यो। विनय र शीलको पालना नगर्ने चिवर वस्त्रधारी भिक्षुहरूसंग उहाँ असन्तुष्ट हुनुहुन्थ्यो। यस्ता कतिपय खरो कुरा गर्ने स्वभाव भएकाले उहाँ अलग प्रकृतिको देखिनु हुन्थ्यो।

उहाँ सानै उमेरदेखि एकान्त, शान्तीप्रिय हुनुहुन्थ्यो। यही स्वभावले गर्दा उहाँलाई जीवनभर स्वयम्भूको शान्तमय वातावरणमा बसेर शिक्षा सेवामा लाग्ने स्वस्फुर्त प्रेरणा मिलेको हुनसक्तछ। वास्तबमा शिक्षाको प्रसारमा लाग्ने ब्यक्तिहरू यसरी नै स्वाध्यायमा लाग्ने गर्दछन् भन्ने कुरामा उहाँ एक ज्वलन्त उदाहरण बन्नु भएको छ।

उहाँले आफू मात्र होइन आफ्नो परिवारलाई पनि सही मार्गमा लाग्ने प्रेरणा दिनु भएको थियो। उहाँका आफ्ना साख्खै दाजु कान्छाबुद्ध बज्राचार्यलाई पनि सानोतिनो नाचगान कार्यक्रममा मात्र नअलमलिई पछिसम्म नाम रहने कार्यमा लाग्न घच्घच्याई रहनुहुन्थ्यो। उहाँले दाइलाई ज्ञानमाला भजनहरूमा लय हाल्न लगाउनु भयो। फलस्वरूप उहाँ यस कार्यमा निपुर्ण हुनुभयो। आज कान्छाबुद्ध शास्त्रीय चर्यानृत्य र ज्ञानमाला भजनका गुरुको नामले प्रख्यात हुनुहुन्छ। यसरी आफ्ना परिवारलाई समेत सही बाटोमा लाग्न प्रेरणा दिनुहुने न्हुच्छेबहादुर बज्राचार्यले आफ्नो जीवनमा हासिल गर्नुभएको सफलताबाट नयाँ पुस्ताले पनि अवश्य प्रेरणा लिन सक्नु पर्दछ। उहाँप्रति सच्चा श्रद्धाञ्जलि यही हुनेछ।

(लेखक - लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार हुनुहुन्छ।)



Downloaded from http://dhamma.digital



# श्री न्हुच्छेबहादुर बज्राचार्यलाई जसरी मैले चिनें

प्रा. आशाराम शाक्य

श्री न्हुच्छेबहादुरलाई मैले धेरै नजिकबाट त हेर्ने मौका पाएको थिइन तर पनि उहाँसंगको मेरो धेरै बर्षको चिनापर्चीको आधारमा उहाँको बारेमा मलाई लागेका कुराहरू सधैं मनमा आइ नै रहन्छन् ।

सर्वप्रथम त उहाँले भगवान् बुद्धको उपदेश अनुसार यस संसारमा सबै चीज परिवर्तनशील छन् र एकपलको लाख खण्डको एक खण्ड पनि स्थायी छैनन् भन्ने दृष्टिले आफू र आफ्ना वरिपरिका इष्टमित्र, जहान परिवार र शिक्षक भएको नाताले आफ्ना विद्यार्थीहरूलाई पनि हेर्ने गर्नु हुन्थ्यो । उहाँको बुद्धधर्म र दर्शनको अध्ययन उहाँको आफ्नै जीवन पल्लवित र कुसुमित भएको कारण त नेपाल मात्रै होइन विभिन्न बौद्ध देशहरूका बौद्धहरूसंग पनि उनको घनिष्ट सम्बन्ध भएको थियो ।

भिक्षु अमृतानन्द महास्थविरले स्थापना गर्नु भएको आनन्दकुटी विद्यापीठमा सुरूदेखिको शिक्षकका हैसियतले स्वयम्भूस्थित आनन्दकुटी विहारसंग पनि उहाँ निक्कै सम्बन्धित हुनुहुन्थ्यो । भिक्षु अमृतानन्दको निकटरहनु भएको उपासकको नाताले स्व. भिक्षु अमृतानन्द महास्थविरका साथै आनन्दकुटीमा रहनु हुने अरू भिक्षुहरूको निम्ति पनि उहाँ उत्तिकै सहायक हुनु हुन्थ्यो ।

उहाँ भगवान् बुद्धको उपदेशबाट निक्कै प्रभावित हुनु भएकाले विश्वमै अत्यन्तै आश्चर्यजनक तर यथार्थ जीवनलाई हेर्न नभै नहुने सामाजिक, राजनैतिक दार्शनिक, आर्थिक, नैतिक र मनोवैज्ञानिकको क्रान्तिका अगुवा भगवान् बुद्धको "अत्ताहि उत्तनो नाथो कोही नाथो परोसिया (धम्मपद)" को सिद्धान्त उहाँ आफ्नै योग्यता, परिश्रम र अध्ययन अनुसार आफूलाई र समाजलाई काम लाग्ने बौद्ध जीवनको प्रचार प्रसार गरी जानुभयो ।



Downloaded from http://dhamma.digital



म आफैं पनि स्व. भिक्षु अमृतानन्द महास्थविरको निकटमा रही कहिले आलोचक, कहिले प्रशंसक, कहिले उपासक र कहिले गृहस्थ बौद्ध विद्यार्थीमै जीवन बिताएकोले स्व. न्हुच्छेबहादुर बज्राचार्यसंग पनि निकट रहनु स्वाभाविकै थियो ।

कत्तिपनि महत्त्वाकाङ्क्षी नभएको, शान्त र मिलनसार स्वभाव भएका न्हुच्छेबहादुर बज्राचार्यसंग मैले चतुर्थ विश्व बौद्ध सम्मेलन र पन्ध्रौं विश्व बौद्ध सम्मेलनको आयोजना गर्दा धेरै सहयोग पाएको कहिल्यै विर्सन्न । आजकलका शिक्षित तर बुद्धधर्मको बाह्य आवरणमा ढाकिई अनेक बौद्ध संघ संस्था बनाई दुनियाँ घुम्ने रहरमा नलागेका न्हुच्छेबहादुर दाइले केटाकेटीहरूलाई शिक्षा दिने काममा आफ्नो जीवनको धेरै अंश बिताउनु भएको थियो ।

आनन्दकुटीमा धेरै बर्षसम्म शिक्षक रहँदा पनि स्वयम्भू छाउनीमा आफ्नै ज़ग्गामा बाल बालिकाहरूको निम्ति वोर्डिङ्ग सहितको माध्यमिक विद्यालय खोली बौद्ध शिष्टाचार सिकाउने प्रमुख ध्यानमा राखी शिक्षण कार्यमा उनले आफ्नो जीवन बिताउनु भयो ।

भगवान् बुद्धले सार्वजनिक रूपमा सार्वजनिक सत्यको रूपमा यस संसारमा कुनै पनि चीज निरपेक्ष र उत्पादव्ययको चक्करमा हामी मानिसहरूपनि आफ्नो कर्म विपाक अनुसार घुमिरहनु परेको कुरालाई संझी उहाँले सधैं आफ्ना लेख र चनाहरूमा भगवान् बुद्धको जीवनमा देखिएका हामीलाई काम लाग्ने कुराहरूको चर्चा गर्नु हुन्थ्यो र त्यही अनुसार विद्यार्थीहरूलाई पढाउनु हुन्थ्यो ।

सम्यक आजीविकाका आदर्श शिक्षण पेशा पनि भएकोले आजन्म अरूलाई आफूले जानेको बुद्धको उपदेश र दर्शनद्वारा समाजको सेवा गरेर जानुभएको हुनाले उहाँको जीवन अन्त्य भएको एक वर्ष पुगेको स्मृति दिवसमा उहाँलाई सुखावती भुवनमा वास मिलोस् भनी कामना गर्दछु ।

**सुनय श्रीमिश्रसंस्कारित यम्पिमहाविहार**
ल.पु. उपमहानगर पालिका वडा नं ९
मिति : फागुण २५, २०६२

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर बज्राचार्यको स्मृति

लोकदर्शन बज्राचार्य

न्हुच्छेबहादुर बज्राचार्य-हाम्रो बौद्ध क्षेत्रको विशेष व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको सक्रियतामा आनन्दकुटी विद्यापीठको स्थापना भएको थियो । उहाँ ज्यादै लगनशील, परिश्रमी एवं मेहनती हुनुहुन्थ्यो । एकपटक आफूले छोइसकेको काम पूरा गरेरै छोड्नुहुन्थ्यो । आफ्नो जीवनकालका लामो समय उहाँले बुद्धद्वारा प्रतिपादित स्थविरवादको लागि समर्पण गर्नुभयो । जीवनका तीता-मीठा क्षणहरूको अनुभवलाई समेटिएर उहाँले आफ्नो जीवनमा व्यवहारमा उतार्नुहुन्थ्यो ।

स्थविरवादको केन्द्रविन्दु मानिने आनन्दकुटी विहारको संरक्षण, सुधार आदिको लागि पनि उहाँबाट अटूट सेवा दिइरहनुभएको थियो । विहार गुथिको सदस्यमा रही आफूले सक्दो सेवा दिइरहनुहुन्थ्यो । यस्तै- आनन्दकुटी विहार गुथिको मुखपत्रको रूपमा प्रकाशित 'आनन्दभूमि' नेपालको प्रथम मासिक बौद्ध पत्रिकामा पनि सम्पादकको हैसियतले उहाँले काम गर्नुभएको थियो । आनन्दकुटी विहारबाटै संचालित, बर्सेनि मानिने बुद्धजयन्ती समारोहको समितिमा पनि उहाँ न्हुच्छेबहादुर बज्राचार्य आजीवन सदस्य भई आफूले दिन सकिने सेवा प्रदान गर्दै आउनुभएको थियो ।

जीवनको उतारचढावमा आफ्नो जीवनयापनार्थ कहिले स्वीट्जरलैण्ड, कहिले श्रीलंका आदि ठाउँहरूमा घुम्दै फिर्दै आफूलाई निखार्नुभएका उहाँबाट पछि नेपालको स्थविरवाद र शिक्षा क्षेत्रमा कुशल व्यवस्थापकको रूपमा काम गनुभएको कुरा धेरैलाई (सम्बद्ध व्यक्तिहरूलाई) थाहा भएकै कुरा हो । आनन्दकुटी विहार, आनन्दकुटी विद्यापीठपछिको मैत्री विद्यालयको संचालन यसको ज्वलन्त उदाहरण मानिन सकिन्छ ।



Downloaded from http://dhamma.digital



त्यस्ता कुशल एवं सफल व्यक्तित्व आज हाम्रो सामु रहेनन् । तैपनि मलाई लाग्छ- जबसम्म आनन्दकुटी विहार, गुथि, आनन्दकुटी विद्यापीठ, मैत्री विद्यालय, रहीरहन्छ तबसम्म न्हुच्छेबहादुर बज्राचार्य जीवितै मान्नुपर्छ र उहाँ त्यहाँका प्रत्येक वस्तुहरूमा समाहित भई हामीलाई अघि बढ्न प्रेरणा दिइरहेको जस्तो अनुभव हुन्छ ।

उहाँ जस्तो सुकै कठीन परिस्थितिमा पनि हिम्मत नहार्ने बीर पुरुष हुनुहुन्थ्यो ।

■



Downloaded from http://dhamma.digital



# न्हुच्छे बहादुर बज्राचार्यको बारेमा

सर्वज्ञरत्न तुलाधर
(वरिष्ठ अधिवक्ता)

व्यक्तिगत रूपमा भन्नु पर्दा उहाँ र म एउटै ठाउँ त्यौड टोल काठमाडौंमा जन्मिएको टोलिया छिमेकी हौं। उहाँ Self-made man हो। उहाँको सुरु जिन्दगी संघर्षमय रहेतापनि अन्तमा आफ्नो जिन्दगी सम्मानित र व्यवस्थित ढङ्गले बिताउन सफल हुनु भएकोमा धेरै खुसी लागेको थियो।

धर्मको दृष्टिकोणले भन्नुपर्दा पनि उहाँ स्वयम्भूस्थित आनन्दकुटी बिहारसँग धेरै समय संलग्न हुनुभयो। त्यही नाताले होला उहाँले २००९ सालतिर आनन्दकुटी विद्यापिठ र पछि आनन्दकुटी साइन्स कलेजको स्थापना, बिस्तार र विकासमा उहाँको देन धेरै रहेको कुरा म स्वयम् पनि उक्त विद्यापिठमा २०१८ सालदेखि केही समय रहेको हुनाले उहाँलाई नजिकबाट जान्ने मौका पाएको थिएँ।

पछि उहाँले मैत्री स्कुल नामको छुट्टै स्कुल पनि स्थापना गर्नु भएको थियो। यसबाट उहाँको शिक्षा तथा सामाजिक सेवाप्रति कति लगाव र प्रेम रहेछ भन्ने थाहा हुन्छ।

यसरी उहाँ जस्तो शिक्षा, सामाजिक सेवा र बौद्ध धर्मको प्रचार प्रसारको काममा समर्पित र सक्रिय मानिसको असामयिक निधन हुनु दुःखको कुरा हो।

अन्तमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दछु।

■



Downloaded from http://dhamma.digital







# श्रद्धालु उपासक न्हुच्छे बहादुर बज्राचार्यको सम्झना

**भिक्षु धर्मपाल**
श्री शाक्यसिंह विहार, थैना टोल, ल.पु.

श्रद्धालु उपासक न्हुछेबहादुर बज्राचार्य आनन्दकुटी विहारको स्थापनाकाल देखिको पुरानो उपासक हुनुहुन्छ । ३५ बर्ष पहिले म श्रामणेर प्रब्रज्या हुने मौका पायो । विस्तारै आनन्दकुटी विहारमा गएँ । धेरैजसो पूर्णिमाको दिनमा, राजाको जन्मउत्सवको उपलक्ष्यमा महापरित्राण पूजा हुने दिनमा, कठीनउत्सव, वैशाख पूर्णिमा इत्यादि ठूलो पर्वमा आनन्दकुटी विहारमा जाने बेलामा न्हुछेबहादुर उपासकलाई पनि देख्छु । कहिले काहीं उहाँले आनन्दकुटी विद्यापीठका विद्यार्थीहरूलाई लाइनमा मिलाइ, आनन्दकुटी विहारमा ल्याएको धेरै पटक देखें ।

विद्यार्थीहरूलाई अनुशासनमा राखी, आफुपनि अनुशासनमा बसी विहारमा आएपछि भन्तेहरूको अगाडि मुसुक्क हाँसी आदर, सन्मान गरिएको देखेको छु । सभामा सम्बोधन गरी आफ्नो मन्तव्य दिने तरिका धेरै राम्रो लाग्छ ।

त्यो बेलासम्म उहाँलाई राम्रोसित चिनिन । २३-२४ बर्ष पहिले म थाइलण्डमा अध्ययन गरिरहेको समयमा उहाँ जापान जानको लागि, अष्ट्रेलिया जानको लागि बैंककमा (Transit) ट्रान्जिटमा जानु भएको थियो । बैंककस्थित वाटश्राकेट विहारमा संगैबस्नु भएको थियो । त्यो समयदेखि उहाँको बढी परिचय पायो ।

उहाँ बैंकक जानेबेलामा आफुलाई चाहिने सामान, चीज वस्तुहरू, अरूले भन्दा, अलग्गैप्रकारको तयार गरी लाने बानी थियो । २-३ ग्लास तातो पानी अट्ने एउटा थरमस, कफी, चिनी, दूध अथवा कफिसेत आफुसंगै लगेका थिए । उहाँलाई पाहुना सत्कारको लागि केवल तातोपानी दिए पुग्छ । 'Hot drink' कफी आफै बनाएर खानु हुन्छ; कस्तो सजिलो ! त्यो समय सम्म उहाँ एक्लैलाई चिन्छु, अरू परिवारको विषय थाहा भएन ।



Downloaded from http://dhamma.digital

अध्ययन सकिएपछि नेपालमा आएँ । उहाँलाई भेट्ने मौका कममात्रामा पाएँ । पछि धेरै बर्षसम्म पनि देखिएन । तर खबर पाएको बेलामा उहाँ बित्नु भैसक्यो । उहाँ "मैत्री शिशु विद्यालय" का संस्थापक हुनुहुन्छ । उहाँका धर्मपत्नी "केशरी बज्राचार्य" र एकजना पुत्र र दुई जना पुत्रीको बा भनेरपछि मात्र थाहा भयो ।

धेरै बर्ष पहिले देखिका श्रद्धालु उपासक भइ बुद्धशासनमा सेवागर्नु भयो । भन्तेहरूलाई कसरी व्यवहार गर्नुपर्छ, सन्मान गर्नु पर्छ भन्ने ज्ञान उहाँलाई थाहा छ । काल, समये अनुसार ज्ञान हुनुपर्छ । भन्तेहरू काममा लागीरहेको समयमा उहाँले बाधा गर्दैन । भन्तेहरू ठीक स्थानमा हुनुहुन्छ, बोल्ने फुर्सद छ भने मात्र उहाँले राम्रोसंग वन्दना गर्ने, बोल्ने गर्नु हुन्छ । समय र ठाउँ अनुसार व्यवहार गर्ने र वन्दना गर्ने समेत बुद्धले एकजना भिक्षुलाई उपदेश दिनुभएको थियो । कुन ठाउँमा, कसलाई कहाँ वन्दना गर्नु हुन्छ हुँदैन सबैकुरा एक निपात-अंगुत्तर निकायमा भन्नु भएको छ ।

**उपसम्पदा भिक्षुलाई, भिक्षुले ५ प्रकारले वन्दना गर्नु नपर्ने**

१. भिक्षु गृहस्थिहरूको घरगइरहेको समयमा
२. भिक्षु बाटोमा हिंडिरहेको (बाटो काटेको) समयमा
३. भिक्षु अँध्यारोमा बसेको समयमा
४. भिक्षुले नदेखेको समयमा (काममा लागिरहेको बेला)
५. भिक्षु सुतेको समयमा

**अर्को पनि उपसम्पदा भिक्षुलाई भिक्षुले ५ प्रकारले वन्दना गर्नुनपर्ने ।**

१. यागु, जलपानको (जावल) समयमा
२. भान्छामा वसेको समयमा
३. शत्रु भिक्षुलाई (वन्दना गरिरहेको समयमा प्रहार गर्न सकिने भएकोले)
४. मन अर्को ठाउँमा गएको समय
५. भिक्षुको शरीरमा चीवर वस्त्र नभएको समयमा

**अर्कोपनि उपसम्पदा भिक्षुलाई, भिक्षुले......... वन्दना गर्नु नपर्ने ।**

१. भोजन, खाना खाइरहनु भएको समयमा
२. परिभोग, प्रयोगगरिरहेको समयमा



Downloaded from http://dhamma.digital



३. दिसा (झारा) गरिरहेको समयमा
४. पिसाब गरिरहेको समयमा
५. भिक्षुलाई भिक्षुमहासंघबाट अलग्ग (बहिष्कार) गरिएमा, उल्लेखनीय कर्म गरी रहेको समयमा

**यी १५ प्रकारका व्यवहार, वन्दना गर्ने समय ठाउँको अनुकूल अनुसार गृहस्थहरूले पनि थाहा पाउनु आवश्यक छ ।**

**अर्को ५ प्रकारका व्यक्तिहरूलाई उपसम्पदा भिक्षुले वन्दना गर्नु नपर्ने ।**

१. पछि उपसम्पदा लिएकालाई (कम बर्षावास)
२. भिक्षु प्रब्रज्या नलिएकालाई (अनुपसम्पदा)
३. अर्को निकायका भिक्षुलाई (नानासंवास) आफुभन्दा जेठो भए पनि ।
४. स्त्रीलाई (मातुगाम)
५. नपुंसकलिङ्गलाई (स्त्री, पुरुष नछुतेका)

**अर्को ५ प्रकारका उपसम्पदा भिक्षुलाई, भिक्षुले वन्दना गर्नुनपर्ने**

१. भिक्षु परिवास बसेको समयमा (संघादिसेस आपत्तिबाट मुक्त हुनको लागि)
२. भिक्षु त्यही आपत्ति दोहरिएका (संघादिसेसबाट मुक्त हुनको लागि)
३. भिक्षु मानतमा बसेका (संघादिसेसबाट मुक्त हुनको लागि)
४. भिक्षु मानतमा अभ्यास गरिरहेका (संघादिसेसबाट मुक्त हुनको लागि)
५. भिक्षु अब्भानमा पुगिसकेका (संघादिसेस आपत्तिबाट मुक्त हुनको लागि पाठगरेको सुरु भएपनि)

यी २५ प्रकारका वातावरणहरूलाई, भिक्षुहरूले ठाउँ र समय अनुसार व्यवहार गर्नुपर्छ भन्ने उपदेश बुद्धले दिनु भएको थियो ।

श्रद्धालु उपासक न्हुछेबहादुरले पनि यीनै नियमहरू अभ्यास गर्नु भयो । वहाँले बुद्ध शासनमा सेवा गर्नुभएको पुण्यको आनुभावले, परिवारको पुण्यको प्रभावले र म आफूमा भएको पुण्यको प्रभावले वहाँलाई सुख प्राप्तहोस र दुःख नभएको निर्वाण लाभ गर्न सकोस् भन्ने कामना गर्छु ।



Downloaded from http://dhamma.digital



# त्यो दिन

**डा भद्रमान तुलाधर**
डीन, स्कुल आफ आर्टस्
**काठमाडौं विश्वविद्यालय, धुलिखेल**

त्यो दिन (माघ २००८) मेरो बुबा पूर्णमान उपासकले एकाबिहानै स्वयम्भूस्थित आनन्दकुटी बिहारमा लिएर जानुभयो। मेरो बुबाले मलाई राख्न मिल्ने गरी एउटा सानो काँट्टी र खुट्टा राख्ने व्यवस्था भएको रेलिग साइकल थियो। सोही साइकलमा बसेर आनन्दकुटी बिहार पुगेको थिएं। त्यसताका त्यहां भारत, श्रीलंका र ल्हासामा अध्ययन तथा भ्रमण गरी नेपाल फर्कनु भएका श्री न्हुच्छेबहादुर बज्राचार्य केही समय अघि मात्र बस्दै आउनु भएको थियो। मेरा बुबाले उहाँलाई मेरो पढाइको विषयमा कुरा सुनाउनुभयो। बुबाले भन्नुभयो "मैले यसलाई स्कुल पठाउने अनेक उपाए गरें। तर यो केटो पढ्ने इच्छा नै गर्दैन। अब मार्साबले नै यसलाई पढाइ दिनुपऱ्यो। न्हुच्छेबहादुर मार्साबले भन्नुभयो "हुन्छ, म यसलाई पढाइदिन्छु। पूर्णदाइ तपाईं उसलाई यहीं आनन्दकुटीमा म कहां छाडी दिनुस्।" त्यसको भोलिपल्ट नै म न्हुच्छेबहादुर मार्सावको पहिलो र पछि नामाकरण भएको आनन्दकुटी विद्यापीठ स्कुलको पहिलो विद्यार्थी हुन पुगें। त्यस बेला म आठ बर्षको थिएं।

त्यसको अर्को दिन भगवान्दास, पुण्यरत्न र त्यसपछि क्रमस; तिलक लाल, सूर्य नारायण र त्रिरत्नमान गरी त्यस बर्षको श्रीपंचमी (२००८ साल माघ १७ गते तदनुसार January 31, 1952) को दिनसम्ममा हामी ६ जना विद्यार्थी न्हुच्छेबहादुर सरका पहिला समूहका विद्यार्थीहरू भयौं।

त्यो दिन (२००८।१०।२३।४) मा मेरा बुबाले त्यस समय श्रीलंकामा रहनु भएका भिक्षु अमृतानन्दलाई एक पत्र लेख्नु भएको थियो। त्यस पत्रमा लेखिएको थियो ....."आयात आनन्दकुटी न्हुच्छेबहादुर च्वना मचातयेत आख बोंका च्वोंगु दु।"



Downloaded from http://dhamma.digital



(अहिलेलाई न्हुच्छेबहादुर आनन्दकुटीमा बसेर विद्यार्थीहरूलाई पढाइ राख्नु भएको छ ।) त्यसको अर्को दिनमा बुबाले श्रीलंकामा रहनु भएका कुमार भन्तेलाई पनि पत्र लेख्नु भएको थियो "...थन आनन्दकुटी न्हुच्छेबहादुरं मचात १२ म्ह खाना आख स्यनेगु याना च्वोंगु सापहे आयात बांला...." (यहां आनन्दकुटीमा न्हुच्छेबहादुर ले १२ जना विद्यार्थी जम्मा गरी पढाउने गर्दै आउनु भएको साह्रै राम्रो छ ....)

त्यो दिन (भाद्र २००९) हामीले एकजना अर्द्ध बैंसेको दक्षिण भारततिरको जस्तो लाग्ने न्हुच्छेबहादुर सरसंग कुरा गर्दै गरेको नौलो व्यक्ति देख्यौं । उहाँले आफ्नो नाम बुद्धदास भन्नुभयो । उहाँ विभिन्न ठाउं डुल्दै आनन्दकुटीमा आइपुग्नु भएको रहेछ । उहाँले हामीलाई अंग्रेजी र P.T. सिकाउनु भयो । धेरै जस्तो रात उहाँ टाइप गरेर बस्नुहुन्थ्यो । झण्डै एक वर्ष पछि उहाँ अचानक हामीलाई छोडेर अज्ञात ठाउँमा जानुभयो ।

त्यो दिन (कार्तिक २००९) रातको खानाखाई केही पढाइ गरी, नित्यझैं बिहारको बुद्ध प्रतिमा अघि रातको प्रार्थना सिध्याउदै गरेको बेला केही व्यक्तिहरू अमृतानन्द भन्तेको कोठामा पसेको देख्यौं । केहीसमयपछि बिहारको भान्छे तथा बिहार हेरचाह गर्ने व्यक्ति चन्द्रले न्हुच्छेबहादुर सरलाई अमृतानन्द भन्तेले बोलाउन पठाउनु भएको र भन्ते कहां श्री ५ त्रिभुवन सरकारको सवारी भएको खवर गरेको हामीले सुन्यौं । भोलिपल्ट न्हुच्छेबहादुर सरले हामीलाई एउटा खुसीको खबर सुनाउनु भयो । त्यो खबर थियो स्वयम्भू डांडाको पशिचममा रहेको ब्रम्हकुटी ठाउं स्कुलले पाउने र हामी छिटै त्यो ठाउंमा जानेभयौं ।

१८।८।२००९ मा बौद्ध सम्मेलनका लागि जापान जानु भएका अमृतानन्द भन्तेलाई बुबाले लेख्नु भएको थियो "......ब्रम्हकुटीया विस्ये श्री ५ माहाराज याथाये बिन्तीपत्र विय धुन अनं सार्दासम्सेर यात बुजनु धैगु वन अनं अदासं बुजे याना चोन धागु नेना ...... आनन्दकुटी सापहे चिकु मचा तेत आला थाकु थेच्वों ...... न्हुच्छेबहादुर यातनं सापहे कोसीस याना चोगु दु विद्यापीठया बारे ।" "..... (ब्रम्हकुटीको बारे श्री ५ महाराजमा विन्ती पत्र पेश गऱ्यौं । उहाँबाट सार्दासम्सेरलाई बुच्नु भन्ने हुकुम भएको र अब अड्डामा बुझ्ने गरेका छौं



Downloaded from http://dhamma.digital

........आनन्दकुटीमा साह्रै जाडोले गर्दा केटाहरूलाई अब गाह्रो भएको जस्तो छ..... न्हुच्छेबहादुरलाई पनि धेरै फुर्सद् छैन विद्यापीठको कामले)" श्री ५ बाट हुकुम भए पनि ब्रम्हकुटी प्राप्त गर्न न्हुच्छेबहादुर सर र स्कुलका अन्य पदाधिकारीहरूलाई झन्डै ६ महिना सरकारी कार्यालयहरू धाउनु परेको थियो ।

त्यो दिन (पौष २००९) मेरो स्कुल जीवनमा पहिलो परीक्षा सकिएका दुई तिन दिनपछि न्हुच्छेबहादुरसरले पुण्यरत्न र मलाई आफ्नो अफिसमा बोलाउनुभयो । अफिसको टेवलमा अंग्रेजी विषयको दुई वटा उत्तर पुस्तिका राखेको थियो । एउटा पुण्यरत्नको र एउटा मेरो । न्हुच्छेबहादुर सरले भन्नु भयो "तिमीहरूले यो के गरेको । तिमीहरूले एक अर्काको सारेर पो उत्तर लेख्यौं । यस्तो गर्नु हुँदैन ।" हामी छक्क पऱ्यौं । हामी दुवै जनाको उत्तर पुस्तिकामा एकै प्रकारले प्रश्न नं. १ देखि क्रम रूपमा सबै प्रश्नहरूको एकै भाकाको उत्तर लेखेका रहेछौं । हामी दुवैले कहिल्यै पनि त्यो भन्दा अघि यस्तो प्रकारको परीक्षा दिएका थिएनौं । "दुवैले सोझो तरीकाले हामीले जे जानेका थियौं त्यही लेख्यौं" । "मैले भने" म माथि कोठामा र पुण्यरत्न तलको कोठामा थियो । परीक्षा नतीजा आउंदा केही अङ्कले म प्रथम स्थानमा र पुण्यरत्न दोस्रो स्थानमा परीक्षा उत्तीर्ण भएका थियौं । त्यसैताका न्हुच्छेबहादुर सरका दाइ कान्छाबुद्धका छोरा रत्नबहादुर आनन्दकुटीमा बस्न आउनुभयो । रत्नबहादुरले २००९ को एस.एस.सी परीक्षा उत्तीर्ण गर्नु भएको उपलक्ष्यमा न्हुच्छेबहादुर सरले हामी त्यसैबेलाको झन्डै बीस जना विद्यार्थीहरूलाई चकलेट खुवाउनु भएको थियो ।

त्यो दिन (७ माघ २०१२) स्कुल स्थापना भएको झण्डै ४ बर्ष पछि न्हुच्छेबहादुर सर यूरोप, अमेरिका, जापान र अन्य धेरै मुलुकहरूको लामो यात्राको लागि हामीलाई छोडेर जानु भयो । त्यो समयमा म २०११ सालको अर्ध वार्षिक परीक्षा एउटा ग्रेड प्रमोसन सहित ग्रेड ६ मा पुग्दै थिएं । उहाँ जानु भएपछि केही समयको लागि श्रीनीलवीर सिंह र त्यसपछि श्री भुवनलाल प्रधान हाम्रो हेडमाष्टर हुनुभयो । श्री भुवनलाल हेडमाष्टर भएपछि हामीले ग्रेड ६ र ७ मा प्रवेशिका पाठ्यक्रम पढ्यौं । पुण्यरत्न, हिराबहादुर र म तीन जनाले २०१४ सालमा आनन्दकुटी विद्यापीठाका प्रथम प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने विद्यार्थी भयौं ।



Downloaded from http://dhamma.digital



त्यो दिन (कार्तिक २०१६) झण्डै ४ वर्षपछि नेपाल फर्केर किण्डोलस्थित आफ्नो घरमा बस्नु भएको न्हुच्छेबहादुर सरलाई भेट्न म, पुण्यरत्न, र त्रिरत्न गयौं । उहाँले आफ्ना केही विदेशी मित्रहरूलाई पत्र लेख्दै हुनुहुन्थ्यो । उहाँले पत्रमा आफ्नो कोठामा साहैं झिंगाले दुःख दिएको र सबै झ्याल र ढोकामा जालि लगाउदै छुं भनेर लेख्दैछुं भनेर हामीलाई सुनाउनुभयो । किण्डोलको त्यो घरमा नयां बन्दै गरेको बेला मेरी आमालाई स्वास्थ्य उपचारको लागि केही महिना हामी बस्दै आएका थियो । त्यस बेला न्हुच्छेबहादुर सरकी आमाले (हामी उहाँलाई बजेमाँ भन्थ्यौं) खाना पकाएर ख्वाउनुहुन्थ्यो ।

कुराकानीको सिलसिलामा न्हुच्छेबहादुर सरले एउटा कन्या स्कुल खोल्ने इच्छा व्यक्त गर्नु भयो । कन्यास्कुलको सुरुवात आनन्दकुटी कन्यास्कुलको रूपमा कार्तिक २०३२ सालमा मात्र भयो ।

त्यो दिन (जेष्ठ २०२७) मैले मास्कोबाट न्हुच्छेबहादुर सरलाई म जुलाईको गर्मी बिदामा स्वीडेन डुल्न जाने योजना भएकोले त्यहां तपाईंको पहिलाका साथीहरूको र अनागारीका अमिताको ठेगाना पठाइ दिन हुन अनुरोध गरेर एउटा चिठ्ठी लेखें । झन्डै दुई हप्तापछि उहाँले आफ्नो साथी प्राध्यापक लिलिओहकको अनागारीका अमिताको ठेगाना लेखेर पठाउनु भयो । उहाँले दिनु भएको ठेगाना लिएर म १० दिन स्वीडेनमा प्राध्यापक लिलिओहकको अतिथि भएर बसें । साथै अनागारीका अमिता र स्टकहोमका केही बौद्ध मार्गीहरूसंग भेटघाट गर्ने मौका पाएको थिएं ।

त्यो दिन (श्रावण २०५६ गुरु पूर्णिमा) न्हुच्छेबहादुर सरको जन्म दिन परेको थियो । मेरी श्रीमती निरुलासंग हामी एउटा touch lamp उपहार लिएर उहाँकहां छाउनीमा पुग्यौं । उहाँ पहिला त छक्क पर्नुभयो र पछि साह्रै हर्षित हुनुभयो । उहाँले त्यो touch lamp आफ्नो वेडरुममा राख्नुभयो र साथै गर्व गरेर भद्रमानले उपहार दिएको भनेर सबैलाई देखाउनुहुन्थ्यो । उहाँले मलाई आफ्नो जीवनगाथा लेख्नु भएको The Story of My life भन्ने पुस्तक दिनुभयो ।

त्यो दिन (आषाढ २०५८) म धुलिखेल अफिसमा काम गर्दै गरेको बेला अचानक मेरो मनमा "न्हुच्छेबहादुर सर कहां जानु पर्ने" भन्ने मनमा झ्वाट्ट आयो ।



Downloaded from http://dhamma.digital

मैले निरुलालाई भने आज हामी न्हुच्छेबहादुर सर कहां जानुपर्छ मेरो मनमा यस्तो कुरा उठेको छ । सांझ हामी धुलिखेलबाट सरासर छाउनी पुग्यौं । त्यहां सरको छोरा ओजेस गाडीमा बाहिर निस्कन ठिक्क भएर बसेको थियो । हामी सरलाई भेट्न आएको भन्यौ, ओजेसले सरलाई त आज बिहानै अस्पतालमा लगिएको छ म पनि त्यहां जान लागेको भन्यो । हामी पनि न्हुच्छेबहादुर सरलाई राखेको B. & B. अस्पतालमा पुग्यौं । उहाँलाई पिसाव सम्बन्धी रोग लागेको रहेछ । हामी त्यहां पुग्दा उहाँ लुंगी लगाएर बसिरहनु भएको थियो । केही दिनको उपचारपछि उहाँ स्वास्थ्यलाभ गरी आफ्नो घर फर्कनुभयो । पछि पनि केशरी गुरुमाको खुट्टा भांचेको बेलामा र न्हुच्छेबहादुर सर घरमा लड्नु भएको बेलामा पनि यस्ता प्रकारका घटनाहरू भएका थिए ।

त्यो दिन (फागुन २०६१) न्हुच्छेबहादुर सरले स्कुलको व्यवस्थाबारे केही सल्लाह गर्नुपर्‍यो भनेर छाउनीस्थित आफ्नो घरमा बोलाउनु भयो । त्यहां प्रिन्सिपल श्रीमती बिमला बज्राचार्य, तीर्थ नारायण मानन्धर, ज्ञानकाजी शाक्य, सुरेन्द्र श्रेष्ठहरू पनि आएका थिए । न्हुच्छेबहादुर सर आनन्दकुटी विद्यापीठ व्यवस्थापन समितिको अध्यक्षको हैसियतले स्कुल शैक्षिक गुठीको रूपमा विधिवत दर्ता गर्नु पर्ने भएकोले मलाई पनि गुठियारको रूपमा बस्नु भन्नुभयो । त्यसताका उहाँ केही कमजोर भए पनि स्वस्थ नै देखिनुहुन्थ्यो । न्हुच्छेबहादुर सरको अध्यक्षतामा गठित संचालक समिति भएको सार्वजनिक शैक्षिक गुठीको शिक्षा तथा खेलकुद मन्त्रालयमा २०६१।११।५ मा विधिवत दर्ता भयो । त्यसपछि गुठीको अनुरुप स्कुल व्यवस्थापन सम्बन्धी पटक पटक उहाँकै घरमा बैठक बसेको थियो । न्हुच्छेबहादुर सर शारीरिक रूपमा झन झन कमजोर हुँदै जानु भएको देख्यौं ।

त्यो दिन (कार्तिक ६, २०६२) न्हुच्छेबहादुर सरलाई काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा भर्ना गरेको खबर पाएर बिहानै उहाँलाई भेट्न सो अस्पतालमा गयौं । त्यस कलेजका प्रिन्सिपल डा. हेमाङ्ग दीक्षितसंगै उहाँलाई राखेको क्याविनमा भेट्न गयौं । उहाँसंग भेट् हुँदासम्म सिकिस्त बिरामी जस्तो देखिनु हुन्न थियो । उहाँसंग केही कुरा गरी काठमाडौं विश्वविद्यालय, धुलिखेमा फर्कियौं ।



Downloaded from http://dhamma.digital



त्यो दिन (कार्तिक ९, २०६२) बिहानै न्हुच्छेबहादुर सर गएको रात ९ बजे स्वर्गारोहण भएको खबर उहाँको घरबाट पाएं। खबर पाउनासाथै मेरी श्रीमतीसंगै मोटर साइकलमा उहाँको घर पुग्यौं। त्यहां पार्थिव शरीरको अन्तिम बिदाईका लागि तयारीमा सहभागी भयौं। दिनको २ बजे बिजयेश्वरीमा दाहसंस्कार सम्पन्न गरी सधैंका लागि उहाँसंग बिदा भयौं।

आफ्नो सम्पूर्ण जीवन शिक्षा क्षेत्रमा समर्पण गर्नु भएका मेरो पहिलो गुरु श्री न्हुच्छेबहादुर सरलाई निर्वाण प्राप्त होस् भनी कामना गर्दै यो छोटो संस्मरण समर्पण गर्दछु।



Downloaded from http://dhamma.digital



# अनन्त यात्री न्हुच्छेबहादुर दाई

प्रा.डा. गणेश माली

अनन्त यात्राको तैयारीमा
आफूभित्र शिक्षाको दियो बाल्थे प्रवल चाहनाले
बाल्यकालमा अनेकौं कष्ट सही अगाडि बढे।
अनन्त यात्राले भित्री मनदेखि घच्घच्याइरहेका उनले
देश र जागीरको मोहलाई चटक्कै छोडी
सुटुक्क परे भारत अनि श्रीलंका।
फूलहरूबाट छानी छानी रसहरू लिंदै
भ्रमरले भ्रमण गरे जस्तै
ठाउँ ठाउँमा शिक्षा संस्कृति रीतिरिवाजरूपी फूलहरूका
रसपान गर्दै कुनै एक ठाउँमा न अडी
घुमे उनी।

[ १ ]

चाहेको भए हुन सक्थे उनी
नेपालको एक अग्रगण्य भिक्षु
चाहेको भए उनले आफैंले रोपी
मलजल हाली उमारेको विद्यापीठमा
अमर नाम कमाइ बस्न सक्थे उनी
चाहेको भए उनले देश देशावरका
राजदूतभै बस्न सक्थे उनी



Downloaded from http://dhamma.digital



तर यी सबै भन्दा पनि माथि उठेर
भ्रमर जस्तै भ्रमण गर्ने चाहनाले छोडेन उनलाई
जीवनको अन्तिम घडीसम्म कहिल्यै पनि ।
जीवनको साँझमा पनि
शिक्षाको दियो बाल्न आफैंले खोलेको
मैत्री शिशु विद्यालयमा
अनासक्त भै लाग्दै गरे उनी
अनन्त यात्राको चाहना गरी ।

[ २ ]

नश्वर जीवनको अन्तिम घडीमा पनि
निर्जीव देह सामने वसी
भिक्षुहरू परित्राण पाठगर्दै भन्दै थिए-
"अनित्य छ संस्कार छैन केही लैजाने आफू सित
शेष रहन्छ केवल आफ्ना कृतिहरू ।"
तर लाग्छ मलाई त सत्य यही
अनन्त यात्री न्हुच्छेबहादुर दाई
मरेका छैनन् उनी जिउँदै छन्
अझ बढी अनुभव र रस बटुल्ने अभिलाषामा
तन्दुरुस्त शरीर लिएर साथमा
लागेका छन् उनी अनन्तको यात्रामा
विशाल अन्तरीक्षमा न अडी कतै
[ ३ ]

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर बज्राचार्यलाई सम्झदा

फणीन्द्ररत्न बज्राचार्य

शिक्षा क्षेत्रमा सम्झदा एक स्मरणीय व्यक्तित्त्व न्हुच्छेबहादुर बज्राचार्य हुनुहुन्छ । म 'धर्मोदय' मासिक पत्रिकाको सुरुदेखिको ग्राहक थिएँ र पछि मैले त्यसमा लेख पनि प्रकाशित गर्ने गरें, अझ पछि यसको सम्पादनको काम समेत सम्हालें । यसै 'धर्मोदय' पत्रिकामा पढी मैले 'न्हुच्छेबहादुर बज्राचार्य (एन.बी. बज्राचार्य) को नाम सम्झना भइरहेको हो । उहाँले पनि मेरो नाम पहिले यसै 'धर्मोदय' पत्रिकामा नै देखेको हुनुपर्दछ ।

भिक्षु अमृतानन्द श्रीलंकामा अध्ययन गरी नेपाल आउनु भएपछि किण्डोल बिहारमा बस्नु भयो, म पनि त्यहाँ जाने गर्दथें । आनन्दकुटी विहार निर्माण भएपछि त्यहीं जाने गरें । यस्तैमा आनन्दकुटी विहार जाँदा न्हुच्छेबहादुर बज्राचार्यसंग भेटी उहाँले भर्खरै सुरु गर्नु भएको आनन्दकुटी बोर्डिङ्ग स्कुल हेरें । नेपालमा पढ्ने पाठशाला छन् स्कुल छन् तर पढ्नुका साथै खाने बस्ने आवासीय बोर्डिङ्ग स्कुल पहिले थिएन । मैले सबै भन्दा पहिले देखेको आवासीय विद्यालय यही नै भयो ।

न्हुच्छेबहादुर मास्टरसाहेबले मलाई बच्चाहरूको पढ्ने कोठा खाना खाने भान्छा कोठा, सुत्ने कोठा समेत देखाउनु भयो । यसरी उहाँले स्कुलका सबै कुराको जानकारी दिनु भयो । यसबेला २५ जना भन्दा बढी विद्यार्थीहरू थिएनन् होला । विद्यार्थीहरू पनि स-साना केटाकेटीहरू थिए । विद्यार्थीहरूलाई भुंइमा बसाई सानो होचो चकटी लगाई इँटाको टेबिल जस्तो बनाइ त्यसैमा खाना ख्वाउने गरिन्थ्यो । कुर्सी टेबिल थिएन । केटाकेटीहरूले आफूले खाएको थाल आफैले माझ्नु पर्दथ्यो । केटाकेटीहरू सफा सुग्घर थिए र ठाउँ पनि निकै सफा थियो । भिक्षु अमृतानन्द महास्थविर र न्हुच्छेबहादुर बज्राचार्य दुवैले यस आनन्दकुटी विद्यापीठलाई दिनानुदिन उन्नति र प्रगति गर्दै लानुभयो ।



Downloaded from http://dhamma.digital



कलकत्तामा साहु मणिहर्ष ज्योति बस्नु हुने रामजीदास जेटिया लेनको घरमा नेपालबाट कलकत्ता भई विदेश जाने र विदेशबाट नेपाल फर्कने नेपालीहरू यही घरमा बास बस्न आउने गर्दथें। म 'धर्मोदय' पत्रिकाको सम्पादनका काम गरी यही घरमा बस्ने गर्दथें। यस्तै २०१४।१५ सालतिरको कुरा हो आफ्नै करामतले विश्व भ्रमण गर्दै न्हुच्छेबहादुर बज्राचार्य मणिहर्षसाहुको निवास स्थानमा बास बस्न आउनुभयो। उहाँ न्हुच्छेबहादुर बज्राचार्यसंग भलाकुसारीका कुराहरू भयो र साथै उहाँबाट अनि साहस र दुःखपूर्वक विश्व भ्रमण गर्नु भएका कुरा सुन्न पाएँ। मैले उहाँलाई पानी जहाजद्वारा विश्व भ्रमण गर्नु भएको भ्रमण वृतान्त लेखको रूपमा पठाउन अनुरोध गरें। साथै धर्मोदय पत्रिकामा प्रकाशित गरिदिने वाचापनि गरें। आजसम्म कुनै पनि 'नेवार' यसरी विश्व भ्रमण गरेको कुरा सुन्नमा आएको थिएन। नेपालभाषा पढ्ने पाठकहरूले यस यात्रावर्णनलाई मनपराउने नै छन्। नेपाल फर्की यात्रा वर्णन सम्बन्धी लेख लेखेर पठाउनु भयो। यो लेख 'धर्मोदय' मा प्रकाशित पनि गरिदिएँ।

चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा धुमधामले सकिएपछि भिक्षु अमृतानन्द महास्थविर अमेरिका, जापान आदि विभिन्न देश विदेश घुमी नेपाल फर्किनु अघि कलकत्तामा 'धर्मोदय' कार्यालयमा आउनु भयो। मैले उहाँको बौद्ध जगत्मा यताउता पठाउनु पर्ने चिट्ठी पत्रहरू हुलाकबाट पठाउने काम गरिदिएँ। उहाँले मलाई नेपाल फर्किदा आनन्दकुटी विद्यापीठमा काम गर्ने इच्छा भए आउनु भन्नु भयो।

म नेपाल फर्केर आएपछि आनन्दकुटी विद्यापीठमा पढाउने काम गरें। यसबेला न्हुच्छेबहादुर बज्राचार्य विद्यापीठको व्यवस्थापक भई काम गरिरहनु भएको थियो। उहाँले विद्यापीठका विद्यार्थीहरूलाई आफ्नै बालबच्चालाई जस्तै माया दिनु हुन्थ्यो। विद्यार्थीहरूले पनि त्यस्तै मानमर्यादा राख्ने गर्दथे। यसबेला उहाँको छोराछोरीहरू भएको थिएन। उहाँको श्रीमती केशरीसित भर्खर मात्र विवाह भएको थियो। श्रीमती र केशरी म विद्यापीठमा संगसंगै भर्ना भई करिब ६ बर्ष सम्म शिक्षण कार्य गरें। म २०१८ सालमा आनन्दकुटी विद्यापीठमा भर्ति भई २०२४ सालमा श्री ५ को सरकारको सेवा गर्न विद्यालयबाट बिदा भएँ। न्हुच्छेबहादुर मास्टर साहेबसंग यतिञ्जेल संगै बसी काम गर्ने सुअवसर मलाई प्राप्त भयो।



Downloaded from http://dhamma.digital

विद्यापीठका शिक्षकहरू कहिलेकाहीं रमाइलो गर्न वनभोज गर्ने गरिन्थ्यो। कहिले काहीं न्हुच्छेबहादुर मास्टरसाहेबको किण्डोलस्थित घरमा नै भोज गर्ने गरिन्थ्यो। अरू मास्टरहरू तास खेली रमाइलो गर्दथे, म तास नखेल्ने भएकोले मास्टरसाहेबको सानो पुस्तकालय जस्तो पुस्तक राख्ने कोठामा बसी पुस्तकहरू पढ्ने गर्दथे। कहिले उहाँले बनाइ राखेको पोल्ट्रीफार्म देखाउनु लैजानु हुन्थ्यो। मानिसले उद्योग गर्न जुनसुकै काम पनि गर्नुपर्दछ 'नाइँ' भन्नु हुँदैन, लाज मान्नु पर्दैन भन्नु हुन्थ्यो। विद्यापीठमा पढाउने कामको साथ साथै फुर्सद्को समयमा उहाँले आफ्नो आर्थिकस्तर उठाउन काम गर्नु भएको थियो।

कुरै कुरामा उहाँले भन्नु हुन्थ्यो कविता भनेको भावोद्गार मात्र हो। निबन्ध जस्तो कविताले काम दिन सक्दैन। उहाँले अङ्ग्रेजीभाषा र नेपालभाषामा लेख्नु हुन्थ्यो। अङ्ग्रेजी भाषामा उहाँको विशेष दखल छ। विद्यापीठमा उहाँले अङ्ग्रेजी विषय आफै पढाउनु हुन्थ्यो। उहाँको अङ्ग्रेजी भाषा कस्तो छ भन्ने प्रमाण उहाँले लेख्नु भएको आफ्नो जीवनी The Story of My Life पढी थाहा पाउन सकिन्छ।

*न्हुच्छेबहादुर बज्राचार्यद्वारा नेपालभाषामा लेखिएका लेखहरुको सूची यसप्रकार छ :*

१. महावैद्य (एन.बी. बज्राचार्य नामले) धर्मदूत ११६, वि.सं. २००२
२. लंका - धर्मोदय १४, ने.सं. १०६९
३. सभाया छेँ - धर्मोदय २०, ने.सं. १०६९
४. धर्म व्यक्तिगत वस्तु खः - धर्मोदय २९, ने.सं. १०६९
५. मां-बौपिन्त शिक्षा - धर्मोदय ३८, ने.सं. १०७१
६. पूँजी - पासा, ३, ने.सं. १०७३
७. जिं खनागु बर्मा - धर्मोदय, ९४, ने.सं. १०७५
८. जापानय् वैशाख पुन्हीया उत्सव - धर्मोदय, १४०-४१, ने.सं. १०७९
९. संसार छ्चाः - नेपालं बम्बई  धर्मोदय १४३, ने.सं. १०७९
१०. संसार छ्चाः - बम्बईं जेरुसेलम - धर्मोदय १४६, ने.सं. १०८०
११. जि यःम्ह राजभाइ- पवित्रवहादुर स्मृति ग्रन्थ,



Downloaded from http://dhamma.digital



न्हुच्छेबहादुर बज्राचार्यले देशको लागि दिनुभएको ठूलो देन त्यत्रो ठूलो आनन्दकुटी हो । उहाँले आनन्दकुटी विद्यापीठबाट अवकाश प्राप्त गरी सकेपछि फेरी मैत्री शिशु विद्यापीठ स्थापना गर्नुभयो । विद्यादान नै उहाँको जीवनको सार हो ।

प्रयास मात्र गरेमा गर्न नसकिने काम केही छैन । कहिल्यै सरकारी जागीर नखाई न्हुच्छेबहादुर बज्राचार्य आफ्नै मिहेनत र कमाइले एसिया, यूरोप, अफ्रिका, अमेरिका र अष्ट्रेलियाम्म पुग्नुभयो । उहाँले आफूले भ्रमण गरेका देश भनी देखाइएको नक्सामा पूर्वमा जापान, दक्षिण अष्ट्रेलिया, अफ्रिका, दक्षिण अमेरिकामा पेरु, पश्चिम बेलायत, क्यानाडा, उत्तरी अमेरिका र उत्तरमा रुस, फिनलायण्ड र आइसलायण्ड देख्न सकिन्छ । एक महादेशदेखि अर्को महादेश त्यतिका टाढा देशमा जानु भनेको सजिलो काम होइन । एउटा साहसी, परिश्रमी र शिक्षाप्रेमी न्हुच्छेबहादुर बज्राचार्यको सम्झना गर्दै उहाँको सुगति कामना गर्दै लेखिएको यो दुई शब्द यहीं समाप्त गर्दछु ।

■



Downloaded from http://dhamma.digital



# नेपाली उल्वानेतामा सादर श्रद्धाञ्जलि

महेश्वर जुजु राजोपाध्याय

मास्टर साहेव अब हामीसँग हुनुहुन्न । सदाको लागि हामीलाई त्यत्तिकै छाडी जानुभएछ, अज्ञात यात्रामा । कहाँ हो कहाँ थाहै छैन, यही कठोर वियोगमा आदरसाथ दुई थोपा आँसु झारेर सुक्सुकाउँदै यो हार्दिक श्रद्धाञ्जलि चढाइरहेको छु ।

आनन्दकुटी विद्यापीठ स्वयम्भूका संस्थापक तथा श्रद्धेय शिक्षक न्हुच्छेबहादुर बज्राचार्यसँग नेपाल युवक माध्यमिक शिक्षालय पकनाजोलका प्रमुख संस्थापक तथा सहायक प्रधानाध्यापकको हैसियतले मेरो पेशागत आत्मीय सम्बन्ध थियो । त्यसैले म उहाँलाई मास्टर साहेव भनेरै सम्बोधन गर्ने गर्दछु। हुन त म उहाँप्रति एक अदम्य उत्साही समाजसेवीको रूपमा पनि उत्तिकै श्रद्धा गर्दछु र मानवीय गुणको वन्दना गर्दछु ।

विश्वभरी यत्रतत्र सर्वत्र शान्ति र प्रेमको वातावरण बनाई राख्ने मैत्रेय अभियानमा लाग्दै आएको एउटा "विश्वसंस्था" "विश्वप्रेम तथा भ्रातृत्व संघ" Universal love and brotherhood Association जापानी भाषामा जिन्रुइ आइजेन काइ को Ulba उल्वा अभियानलाई यो बुद्धभूमि नेपालमा प्रवेश गराउनु भएका प्रथम पुरुष उहाँसँग उल्वा युवा अभियान नेपालका अध्यक्षको हैसियतले पनि मेरो घनिष्ठता रही आएको हो । यस अर्थमा उल्वा गतिविधिलाई नेपालमा निरन्तरता दिएर मात्रै नेपाली उल्वाका पूज्य संस्थापक उहाँप्रति सच्चा श्रद्धाञ्जलि चढाएको ठहरिनेछ । तसर्थ हामी नेपाली उल्वा परिवार इमान्दारी साथ विश्वप्रेम र भ्रातृत्व जगाउने उल्वा अभियानलाई सदा सर्वदा जीवन्त राख्ने प्रण गर्दछौं ।

संसारका संम्पूर्ण वैभव भन्दा उच्च रहन्छ मानिसको सादा जीवन र चोखो चरित्र । सरल प्रकृति वा निष्पाप मन चेतना प्रधान मानिसको उच्च मर्यादा हो र पवित्रतम पुँजी नै हो । अरूलाई हेला गरी नीचा ठान्ने प्रवृत्ति मानिसको होइन भन्ने



Downloaded from http://dhamma.digital



शिद्धान्तमा स्व. बज्राचार्यज्यू अडिग हुनुहुन्थ्यो भन्ने तथ्यलाई उहाँको अनुदित प्रकाशन "ओमोतोका रूपरेखा" ले उजागर गरेको छ । यही सिद्धान्त अनुसार सादा जीवन बिताएर सबैसँग सरल व्यवहार गर्नु हुने श्री बज्राचार्यज्यूको सरलताबाट धेरैले नाजायज लाभ उठाए । अर्को भाषामा भन्ने हो भने शोषण गरे । तर, उहाँ कहिल्यै पीडित वा दुःखित हुनुभएन, सधैं हँसिलो रसिलो नै देखिनु हुन्छ, शान्तिदेव बुद्ध भगवान् सरी । सायद आनन्दकुटीका संस्थापक हुनुभएरै पनि होला उहाँ आनन्दका जीवन्तरूप भएरै बाँच्नु भयो, जीवनको आखिरीदिन सम्मै । घृणा नास्ति स्वागतम् सिद्धान्तमा स्व. बज्राचार्य प्रेम, करुणा र सेवाभावराख्नु हुन्थ्यो, जो कोहीप्रति पनि । यस पवित्रप्रेमको हामी वन्दना गर्दछौं । साथै, उहाँको परम शान्तिको कामना गर्दछौं ।

आध्यात्मिक आस्थामा भौतिक क्रियाशीलता थप्दै समुन्नति गर्ने कुनै पनि कर्मयोगीमा जुन स्वाभिमानको दिव्य सुगन्ध पाइन्छ । त्यो सुगन्ध हाम्रा शान्तिप्रेमी स्व. बज्राचार्यलाई नगिच बाट चियाउने जो कोहीले पनि सहजै प्राप्त गरेको हुन्छ । किनकि उहाँ उच्चमनोबलका धनी र सादगी जीवनका पक्षधर हुनुहुन्छ । स्वार्थलाई त्यागेर अरूको कल्याणको लागि आफूलाई समर्पण गर्न सक्ने परार्थी तपस्वीमा यस्तो दिव्यता मगमगाइरहेको हुन्छ ।

उपर्युक्त प्रसङ्गले अहिले मलाई स्व. बज्राचार्यद्वारा प्रकाशित "ओमोतोका रूपरेखा" मा उल्लिखित दुई उच्च आकांक्षा भनुँ वा उल्वा जगत् प्रतिको पवित्र आशीर्वचन भनुँ जसलाई उल्वा अभियानले आफ्नो मार्ग दर्शन मानेको छ, त्यसको स्मरण भएको छ । ती दिव्य दुई सन्देश यी हुन् -

१. वसन्त गदतुमा वयरका फूलहरू फुले झैं अब छिट्टै नै ईश्वरको मातहतमा व्यवस्थित रहेको भव्य स्वर्ग जत्तिकै सुखद महान् विश्व प्रकट हुनेछ । जहाँ प्रेम अर्थात् करुणाको प्रभावले परम शान्तिको अनुभव गर्न पाउँछन्, सबै सबैले ।

**नाओ देगुचि**
ओमोतोकी संस्थापिका तथा उल्वा
अभियानकी परमपूज्या आध्यात्मिक
प्रथम मैत्री, जापानी सन् १८५६-१९१८



Downloaded from http://dhamma.digital

२. ईश्वर विश्वका सबैमा र सबैतिर व्यापक रहेका छन् । जब, उहाँसँग हाम्रो मिलन हुन्छ । तब, हाम्रो क्षमता वा शक्ति अचम्मको हुनेछ ।
*पवित्रताले यस स्थितिमा पुगिन्छ ।*

**ओनि सावुरो**
उल्वाका संस्थापक नेता, जापान
सन् १८७१-१९४८

विज्ञानको दुरुपयोग भई हिरोशिमा, नागासाकी ध्वस्त भएको कहालिलाग्दो दृश्यले गर्दा विश्वलाई नै अपराधबोध हुन गयो र परमपूज्य दैवी नेत्री नाओ देगुचिले भन्नु भए झैं सबैतिर व्यापक करुणा छाएथ्यों । अहिंसाप्रति सहज आकर्षित भएका थिए । तर, पवित्रता र इमान्दार सेवा भावको कमीले गर्दा अहिले विश्व आतङ्कित छ । पृथ्वीमा स्वर्ग उतार्ने अवस्था बन्न सकिरहेको छैन । उल्वा अभियानका कार्यकर्ताहरू आफ्ना अध्यात्मनेत्रीज्यू र संस्थापक नेताज्यूका ती पवित्र विश्वासलाई साकार रूपमा परिवर्तित भएको देख्न पाउनेमा दृढ छन् र आफूमा पवित्रता जगाउन प्रयत्न गरिरहेका छन् । स्व. बज्राचार्य पनि यही विश्वासमा समर्पित हुनुहुन्थ्यो । त्यसैले उहाँमा सरल व्यवहार र सादगी जीवनका गुणहरू विद्यमान् रहेका थिए ।

यसरी कर्मयोगी उपासकको रूपमा स्व. बज्राचार्यले बडो आनन्दी मनले जीवन लीला पूरा गर्नुभयो । जीवनको आखिरी हिक्का सम्मै स्वाभिमान साथ बाँच्नु भयो, कसैलाई कुनै कष्ट वा बोझ नदिई स्वाबलम्वी रहेरै लीला पूरा गर्नुभयो । त्यो अज्ञात यात्रामा पनि आनन्द साथै रमाई रहनु भएको होला भन्ने विश्वास गर्दछु र परमशान्तिको कामना गर्दछु ।

*खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?*
*आफू मिटाई अरूलाई दिनु जहाँ छ !!!*

भन्नुभएका महाकवि लक्ष्मीप्रसाद देवकोटाज्यू झैं हाम्रा नेपाली उल्वा नेता स्व. न्हुच्छेबहादुर बज्राचार्य पनि यो दुःखै दुःखको भुमरीमा समेत परम सुख वा शान्तिको जीवन बिताएर सजिलै सित जानुभयो । आफू ठगिएरै पनि अरूलाई धेरै कुरा दिएर जानु भयो । प्रेमपूर्ण व्यवहार करुणा र निःस्वार्थ सेवा भावको पाठ सिकाएर जानुभयो, एक शिक्षककै रूपमा ।

आफू मिटाई अरूलाई दिनुमा नै सुख छ, अनन्त सुख अस्तु !



Downloaded from http://dhamma.digital







# न्हुच्छेसर- मेरो बाल्यकालको स्मृति पटलमा

ज्ञानकाजी शाक्य
(आ.कु.वि.पीठको दोस्रो
व्याचको एस.एल.सी उत्तीर्ण (२०१५)

मेरो उमेर त्यस बेला १० वर्षको थियो। मेरो भाइ सुवर्ण काजी ७ वर्षको मात्र। हामी दुई भाइ र भतिजा रत्नकाजी समेतलाई भिक्षु अमृतानन्दज्यूले वुटवलमा लिन आउनु भएको थियो। त्यसबेला राजधानी काठमाडौंलाई नै नेपाल भनिने गरिन्थ्यो र त्यही परिचय नेपालको त्यसबेलाको व्यापारिक नाका बुटवलबाट पुग्न सजिलो थिएन। पूर्व पश्चिम राजमार्ग त्यसबेला कल्पना भन्दा वाहिरको कुरा थियो। सम्भवत: भैरहवाबाट राजधानी जाने हवाइ सेवा पनि संचालनमा आएको थिएन। तसर्थ पहाडै पहाडको पैदल यात्रा गरेर वा भारतीय भूमि टेकेर मात्र आफ्नै देशको राजधानी पुग्न सकिन्थ्यो। हाम्रा दाज्यू भिक्षु अमृतानन्दज्यूले हामीलाई वुटवल-नौतनवा-गोरखपुर हुँदै पटना ल्याउनु भएको थियो। रेल यात्रा र जल यात्रा समेत गरेर पटना पुगेको याद आउँदछ। पटनाबाट त्यसबेला डकोटा विमानमा बसी हामी दुइ दाजुभाइ उडेका थियौं भनूं या उडाइएका थियौं। संयोगले विमानमा यात्रुहरूका नाउमा केवल दुइजना मात्र थिए ती हामी नै थियौ। शायद भारतबाट नेपाल जाने यात्रु नै थिएन वा हवाइ यात्रा त्यतिन्जेलसम्म लोकप्रिय थिएन। विमानका चालकहरूले हामीलाई विशेष हेरचाह गरी गौचर एयरपोर्टमा ल्याइ पुऱ्याए। एयर पोर्ट भन्नु नाम मात्रको थियो कच्ची विमानस्थल-जहाज उड्दा र बस्दा धुलोले आकाश ढाकिन्थ्यो। सोदिन भिक्षु अमृतानन्द पनि आइपुग्नु पर्ने थियो क्यार! उहाँलाई लिन तीर्थनारायण मानन्धर र स्व. भक्तिलाल श्रेष्ठहरू त्याहाँ हुनुहुन्थ्यो। अमृतानन्द भन्तेको ठाउँमा हामी मात्र आएको देखेर "भन्ते आउनु भएन र?" भनी उहाँहरूले सोध्नु भएको थियो। पछि विमान चालकहरू र उहाँहरूबीचको कुराकानी भयो कुन्नि? तीर्थनारायण दाइहरूले हामीलाई एउटा खुल्ला जीपमा (Open jeep) हाम्रा भिटीमिटी गुण्टा समेत राखी ड्राइभरलाई अह्राउनु भयो - "यी



Downloaded from http://dhamma.digital

बालकहरूलाई आनन्दकुटी विहार स्वयम्भूमा पुऱ्याउनू ।" धन्य ! त्यसबेलाका ड्राइभरदाइ हामी नाबालकहरू साथमा लिई गौचर (हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल) बाट उहाँ वत्तीस पुतली पुरानो वानेश्वर हुँदै स्वयम्भू हुईकिनु भयो । आनन्दकुटी विहारको मुनि मुख्य सडकसम्म ल्याइपुऱ्याउनु भयो । त्यसबेलासम्म विहार जाने भरेङसम्म पुग्ने गरी मोटरको बाटो बनेको थिएन । गाडी रोकिएको लंका चैत्यबाट एकजना महानुभावले तीव्र प्रतीक्षासाथ हेरिरहनु भएको रहेछ । उहाँले इशारा गरी ड्राइभरलाई हामी सहितमाथि उक्लेर आउन भन्नुभयो । विमानको यात्रा, त्यसपछि जीपको यात्रा सव गर्दा म त निक्कै नै थाकेको थिएँ । समय विहानकै थियो । थाक्नु भन्दा पनि आफ्नो गाउं, आमा बाबु सब छोडेर आउनुपर्दा मलाई रोऊँ रोऊँ जस्तो लागेको थियो- शायद म होमसिक हुँदै थिएँ । आनन्दकुटी विहार उक्लंदा असाध्य सुनसान लागेको थियो- जंगल, वांदर र विरानोपन वाहेक मैले केही देखिन । त्यो बेलाको काठमाडौं सहरनै सानो थियो, त्यसमाथि यो विहार त कता कता दुर्गम झैं टाढाको ठाउँ जस्तो लाग्थ्यो । कोही चिनजानका थिएनन् । शायद हामी हताश पनि थियौं होला । हामीलाई माथि बोलाउने ती महानुभावले हाम्रो बाल मनस्थिति बुझ्नु भयो क्यारे । उहाँ बडो फुर्तिलो र जवान देखिनु हुन्थ्यो तर हामीलाई बडो मायालु शब्दले सोध्नु भयो, "तिमीहरू मात्र आएको ? अमृतानन्द भन्ते ख्वै नि !" हामीले भन्ते केहीदिनपछि आउनु हुने भएकोले हामी मात्र आएको भनी जवाफ दियौं तर ती व्यक्ति को थिए हामीलाई थाहा थिएन ।

केही छिनको आरामीपछि हामीलाई खान डाकियो । चन्द्रदाइ भन्दा रहेछन् । हाम्रा भान्छे दाइलाई । रायोको साग (तरकारी), मासको दाल र भात अनि एक थोक अचार राखी खाना पस्केको रहेछ । मलाई घर याद आयो । मासको दाल मलाई सबभन्दा मीठो नलाग्ने दाल थियो । चन्द्रदाइले हामीलाई फकाई फुल्याइ ख्वाउनु भयो ।

खाना सकिएपछि ती नै महानुभावले हामीलाई विहारबाट नयाँ सरेको आनन्दकुटी विद्यापीठको भवनतिर ल्याउनु भयो । भवन भन्ने शब्द शायद अत्युक्ति होला । पुरानो टाइपका घरहरू भएकोले स्कुलसम्म आउँदा अलि अलि उकालो चढ्नु पर्दथ्यो - यो बाटो ऐले पनि कायमै छ त्यत्ति चल्तिमा भने आउन सकेको छैन । विहार बाटै उहाँले हामी दुइ दाजुभाइका साना साना औंलाहरू आफ्नो हातको मुट्ठीभित्र बांधी



Downloaded from http://dhamma.digital





हामीलाई कुराकानी गर्दै उकालो चढाउँदै ल्याउँदा मलाई लाग्यो यस विरानो ठाउँमा पनि हाम्रो आफ्नो भन्ने मान्छे रहेछ । तैपनि यी को हुन् भन्ने थाहा थिएन ।

स्कुल पुगेपछि बाहिर देखिएका विद्यार्थीहरू खास खुस गर्दै आ-आफ्नो कक्षाभित्र पसेका थिए - न्हुच्छे सर आउनु भयो भनेर । न्हुच्छे सरको परिचय यसरी पहिलो पल्ट पाएको थिएं । विद्यापीठमा रहंदा बस्दा न्हुच्छे सर हाम्रो जीवनको एक अभिन्न अङ्ग बन्न पुगेको थियो । ६ बजे विहान विद्यार्थीहरू सबैलाई उठाउन घण्टी बज्थ्यो । घण्टी बजाउने पाले दाइ नभएका बेला न्हुच्छे सर आफै घण्टी बजाउनु हुन्थ्यो । स्कुलको विद्यार्थी सङ्ख्या धेरै थिएन । २०१० सालतिरको कुरा हो ३०, ४० जना जत्ति मात्र थिए कि ! उपत्यका बाहिरबाट पढ्न आउने पहिलो विद्यार्थीहरू हामी नै थियौं ।

घण्टी बजेपछि को आयो को आएन त्यसको पूरा विचार न्हुच्छे सरले राख्नु हुन्थ्यो । सुति राख्ने विद्यार्थीलाई उहाँ आफै उठाउन जानु हुन्थ्यो । बोलाएर पनि नउठेमा कान नजिक घण्टी बजाउन उहाँ पछि पर्नु हुँदैनथ्यो । यसले गर्दा घरमा मस्तसंग सुत्ने वानी परेका केटाहरू पनि समयमै उठ्न अभ्यस्त हुन्थे । विहान ६:३० सम्म मुख सुख धोइ सब विद्यार्थीहरू तमतयार भई सक्नु पर्थ्यो । त्यसपछि सबै विद्यार्थीहरूलाई पंक्तिवद्ध गराइ सानासाना बच्चाहरूलाई अगाडि राखी न्हुच्छे सर आफै पनि विद्यार्थीहरू साथ स्कुलबाट आनन्दकुटी विहार जानु हुन्थ्यो, त्यहां भन्तेहरूले बुद्ध मूर्ति अगाडि पञ्चशील दिलाइ प्रार्थना गराउनु हुन्थ्यो । यो नित्य प्रकृया थियो । यसबाट विद्यार्थीहरूको बाल मनोविज्ञानमा अचम्मको असर परेको जस्तो लाग्थ्यो । तिनताक वोर्डिङ्गमा राम्रो शिक्षा पाइन्छ त्यस कारण पढाउनु पर्छ भन्ने एक थरिका अभिभावकहरू थिए भने अर्काथरि आफ्ना छोरा छोरीहरूलाई काबुमा लिन आफूले नसक्ता वोर्डिङ्गमा भर्ना गरेपछि ठीक हुन्छ भन्ने धारणा राख्नेहरू पनि पाइन्थ्यो । विहानको यो नित्य प्रार्थना गराइले धेरै चकचक गर्ने बच्चाहरू पनि शान्त हुने गर्दथे भने यसबाट तिनीहरू नैतिक जीवनतर्फ आकर्षित हुनु पनि स्वाभाविक नै मान्नु पर्छ । आफ्नो ड्युटीमा यसरी समर्पणभावले काम गर्ने न्हुच्छे सर पछि अर्को को आए भनेर बाल्यकालको सम्झना गर्दा झट्ट कसैको तस्वीर नजिक आएको पाउंदिन ।



Downloaded from http://dhamma.digital

साँच्चै भन्ने हो भने ७ देखि १५, १६ वर्ष सम्मका बालकहरू Teenage का हुन्छन् । जिज्ञासा, उत्सुकता र नवीन प्रयोग गर्न यिनीहरू पछाडि पर्दैनन् । यसो गर्दा केही हदसम्म अनुशासनका घेरा तोड्न पनि थाल्छन् । हाम्रा पालाको स्कुलको अवस्था सम्झंदा ती साधन र सुविधाले पर्याप्त थिएनन् । मनोरंजनका साधनहरू पुग्दा थिएनन् । छुट्टिका समयमा खासगरी हिउंदको समयमा जब तिब्बती मूलका मान्छेहरू स्वयम्भूको जङ्गलमा गधा र खच्चर चराउन आउंथे, तिनीहरू नभएका मौका पारी हामी विद्यार्थीहरू सरहरूलाई सुइंको नदिई गधा र खच्चर चढी स्वयम्भूको डांगा चढ्थ्यौं, खूब रमाएर । कसैले गलबन्दीले त कसैले आफूले लाएको कमीज, गञ्जी फुकाली यी पशुहरूको घाटीमा लगाम लगाउँथ्यौं । यस्तै आनन्द लिइरहेकाबेला एकदिन यी पशुहरूका धनी एकजना तिबेतियन कहाँ कहाँबाट अचानक हाम्रा अगाडि टुप्लुक्क के अगाडि देखा परेका थिए हाम्रो सातोपुत्लो उडेको थियो । त्यसमाथि उसले छुरा निकाली 'घुसा ढासु' भनी हामीलाई ताक्दै आउँदा हाम्रो के हविगत भयो होला । हामी सबै आफूले चढेका जनावरहरूबाट हामफाल्दै स्कुल आइ अझ खाटमुनि लुकेर ज्यान बचाएका थियौं । ती धनी स्कुलको कम्पाउण्ड सम्म फसी हामीलाई फेला नपारि फर्केपछि पो थाहा पायौं हामीले कि कसैले गलवन्दी नै ल्याउन भुलेछ त कसैले गन्जी र कमिज । बाहिर जतिसुकै उरेन्ठेउलो काम कुरा गरे पनि स्कुलभित्र आएपछि हामी कमै उपद्रव गर्थ्यौं । त्यसताका हामी सुत्ने कोठाहरूमा नम्बर लगाइएको हुन्थ्यो- कोठा नं. ज्ञ, कोठा नं.२, कोठा नं. ३ आदि । कोठा नं. ३ धेरै जसो १२ देखि १४ वर्षका केटाहरू सुत्ने कोठा थियो । अन्त भन्दा यो कोठाका विद्यार्थीहरू अलि हल्ला गर्ने, भेट्टाए आपसमा उपद्रो पनि गर्ने गर्थे । यस कोठामा सुत्ने विद्यार्थीमध्ये म पनि थिएं । हाम्रो उपद्रो भनेको नयां फिलिम हेरेर आएको साथीले फिल्मको क्यारिकेचर गर्ने, जोक्स भन्ने, एक आपसलाई जिस्क्याउने, ख्याल ठट्टा गर्दा गर्दै होहल्ला गर्ने हुन्थ्यो । अक्सर राति सुत्ने बेला यी हरकतहरू हुन्थे । तर जस्तो सुकै हल्लाखल्ला भइ राखे पनि टाढैबाट एउटा गर्विलो आवाज "कोठा नं. ३ "(Room No 3)" भनेर आएको सुन्नासाथ हाम्रो कोठा सुनसान हुन्थ्यो मानो एउटा पात पनि यही खसेको छैन । यो आवाजमा गजवको शक्ति थियो । अचेलको भाषामा भन्नु पर्दा ठूल ठूलो आवाजमा बोलिरहेको टेलिभिजनलाई पनि



Downloaded from http://dhamma.digital



कन्ट्रोल गर्ने Remoto Control जस्तै । अनुशासनमा राख्न सक्ने यो आवाज कसको हुन्थ्यो र ? न्हुच्छे सरको बाहेक ।

यसो भन्दा न्हुच्छे सर साह्रै कडा मिजासका मान्छे रहेछन् भन्ने भान पर्न जाला यसो भने होइन परन्तु कडा अनुशासनका प्रतिपालक भने निश्चय पनि थिए । तैपनि उहाँ व्यवहार कुशल पनि हुनु हुन्थ्यो । उहाँको पालामा एकजना जापानी 'हिटाका' भन्ने उहाँको अनन्य मित्र स्कुलमा आउनेजाने गर्थे । विद्यार्थीहरूलाई जापानी चाल चलन सिकाउँथे । एक दिन खाने बेलामा 'सर ! झिंगाले दुःख दियो भनेर शिकायत गर्दा न्हुच्छे सरले एउटा जापानी जुक्ति सिकाउनु भयो । उहाँले भन्नुभयो 'जापानमा पनि यस्तै झिंगाले दुःख दिंदा, विद्यार्थीहरूलाई त्यसको उपाय कागतमा लेखि सो कागत खाने बेलामा मात्र खोली हेर्नु भनी जुक्ति भएको कागज बांडी दिए । खाने बेलामा कागत खोली हेर्दा त्यसमा लेखिएको थियो- झिंगा भन्के एउटा हातले खाना खाने अर्कोले धपाउने ।" यस्ता प्रसङ्‌गहरू कोट्याउने हो भने थुप्रै छन् । जसका कारणले हाम्रा विद्यार्थी जीवनमा अमिट छाप छोड्न सफल हुनुभयो न्हुच्छे सरले । एक पटक राति मलाई असाध्यै पेट दुखेर आयो । अहिले नै पखाला चल्ला जस्तो भयो । त्यस बेला Warden (कोठामा सुत्ने शिक्षक) उहाँ नै हुनुहुन्थ्यो । उहाँलाई भन्न हिम्मत भएन- गाली पो खाइन्छ कि भनेर । त्यसबेला बिजुली बत्ती समेत थिएन । जिउलाई सास्ति भने असह्य भयो । "सर ! पेट दुख्यो ।" मात्र के भनेको थिएं उहाँ जुरुक्क उठ्नु भयो । तुरुन्त लाल्टिन बाल्नु भयो र भन्नु भयो "ट्वायलेट जानु पर्छ कि के हो ?" मैले 'हो' मात्र भनेको थिएं । उहाँ तयार भएर शीघ्र मलाई लैजानु भयो । आमा बाबुको छोरा छोरीमाथि हुने व्यवहार यस्तै हो । आफ्नो सुविधालाई त्यागेर बच्चाहरूको लालन पालन गर्नु । म त गाउंबाट आएको केटो यातायातको कठिनाइले वर्ष दिन २।३ वर्ष सम्म पनि बाबु आमाको मुख हेर्न समेत नपाइने गरेर बोर्डिङ्गमा पढ्न आएको । तर उहाँले सच्चा अभिभावकको रूपमा हामीलाई व्यवहार गर्दा हामीले झण्डै झण्डै आफ्नै घरपनि विर्स्यौं अर्थात् घर संझी रोएर धेरै दिन बस्नु परेन ।

आनन्दकुटी विद्यापीठ शैक्षिक गुठीको उहाँ संस्थापक (प्रमुख) भइसकेपछि र म पनि गुठीको सदस्य भए पछि न्हुच्छे सरसंग पटक पटक गुठी सम्बन्धी बैठकमा



Downloaded from http://dhamma.digital

बसी उहाँको सान्निध्य प्राप्त गर्ने अवसर पाएं। यतिञ्जेल उहाँ चौरासी वर्षको उमेर पार गरी ८५ मा टेक्दै हुनु हुन्थ्यो। यस्तो उमेरमा पनि उहाँमा वैचारिक स्पष्टता र दृढता झल्किन्थ्यो। शारीरिक रूपमा कमजोर भएर आएपछि उहाँसंगको अन्तिम बैठकमा उहाँले भन्नु भएको थियो "अब त धेरै बाचिन्न कि ? शरीरले साथ दिन छाडिसक्यो।" आफ्नो मृत्युप्रति यति निरपेक्ष भावले बोल्न सक्नु पनि उहाँको ठूलो महानता हो किन कि मानिसहरू मृत्यु भनेपछि डराउंछन् मात्र होइन हताश नै हुन्छन्। यति ठूलो दिल र चौडा छाती भएको व्यक्तित्वलाई हामीले गुमाउनु परेको छ, हामी मर्माहत छौं शोक विव्हल छौं ।

आफ्ना सबै असल कामहरूका कारण न्हुच्छे सरले निर्वाण पद प्राप्त गरुन् र उहाँका परिवारजनले धैर्य धारण गर्न सकुन् भवतु सव्व मंगलम्।

२०६२।८।१५ विहान देवी नगर (बुटवल)

■



Downloaded from http://dhamma.digital





# मार्साहिव न्हुच्छेबहादुर बज्राचार्यज्यूमा मेरो अभिवादन

डा. लक्ष्मण शाक्य
ॐ वहाल, काठमाडौं

१) **अभिवादन छ मार्साहिवज्यूलाई**

आदरणीय मार्साहिव न्हुच्छेबहादुर बज्राचार्यलाई मैले धेरै वर्ष पहिलेदेखि चिनेको छु। त्यसबेला म एक सानो "भन्ते" थिएँ। उहाँको मधुर र रमाइलो प्रवचन पनि सुन्न पाएँ। धेरै प्रेरणा पनि पाएँ। उहाँ कसरी शिक्षक बन्नु भयो र विद्यालयहरू उहाँबाट कसरी स्थापना भए भन्ने कुरा सुन्दा मन हर्षले प्रफुल्लित हुन्छु। उहाँको समर्पित भावप्रति मेरो सदैव अभिवादन छ।

बौद्ध आदर्शका धनी श्री न्हुच्छेबहादुर सदांको निम्ति सबैको लागि प्रेरणाको स्रोत भएर हामीबीच रहिरहने छन्। उहाँको बाल्यकाल संघर्षमय भए पनि जीवनको पछिल्ला दिनहरू सन्तोष तथा आनन्दले भरिपूर्ण भएको देख्दछु। उहाँको कुशल नेतृत्व र समर्पणभावलाई म सदैव प्रशंसा गर्दछु। वास्तवमा उहाँले आफ्नो नश्वर जीवन यात्रामा धेरै राम्रा सामाजिक, धार्मिक तथा सांस्कृतिक कुशल कार्यहरू सम्पन्न गरेर जानु भएको छ।

२) **चरित्रवान् शिक्षक**

शिक्षक र शिक्षाप्रेमी हुनु आफैंमा राम्रो कुरा हो। त्यसमा पनि चरित्रवान् हुनु भनेको सुनमा सुगन्ध थप्नु हो। उहाँ न्हुच्छेबहादुरलाई मुक्तकन्ठले चरित्रवान् शिक्षक समूहमा तारा झैं चम्केको पाउँछु। उहाँले आफ्नै आत्म कथा- "The Story of My Life" पुस्तक लेख्नु भई उहाँ पछिका विद्यार्थीहरू र शिक्षकहरूलाई एक मार्ग दर्शकको रूपमा आफूलाई स्थापित गरेर जानु भएको छ। उहाँ सारै सौम्य मिलनसार र मृदुभाषी हुनुहुन्छ। उहाँको व्यवहार सबैमा सौहार्द पूर्ण छ जो सबै नेवार बौद्धहरूले अनुकरण गर्न योग्य गुण हो। उहाँले जीवनमै आफ्नो मिहेनतको मीठो फल चाख्न सफल हुनु भएको छ।



Downloaded from http://dhamma.digital

न्हुच्छेबहादुर मार्साहिवको शैक्षिक यात्रा र बौद्ध धर्मप्रतिको अगाढ श्रद्धाले उहाँले स्वदेशमा तथा विदेशमा समेत प्रशंसाको पात्र बन्न पुग्नु भयो। यो सबैको निम्ति गौरवको कुरा हो। उहाँले आफ्नो जीवनमा धेरै अनुभव गर्नुभयो। प्रथम र दोस्रो विश्वयुद्धहरूको विभीषण देख्नुभयो। भारत र श्रीलंका विदेशीको शासनबाट कसरी स्वतन्त्र भए र आफ्नै जन्मभूमि नेपालमा पनि १०४ वर्षको राणा शासनकालबाट कसरी प्रजातन्त्र प्राप्त भयो भन्ने कुरा राम्रोरी देख्नुभयो र बुझ्नु भयो।

३) **एक आदर्शवान् उपासक**

न्हुच्छेबहादुरको जीवन एउटा बौद्ध आदर्श जीवनको ऐना हो। उहाँको जीवनीबाट नेपाली बौद्धहरूको जीवनकतिको सरल र कठिन हुन सक्छ भन्ने शिक्षा पाउन सकिन्छ। दुई दर्जन भन्दा बढी मुलुकहरू भ्रमण गरिसक्नु भएका नेपाली सुपुत्र उहाँलाई सबैले आफ्नो मित्र र शुभचिन्तकहरूको नामावलीमा पाउँछन्, यो नै उहाँ मार्साहिवको अद्वितीय गुण हो।

एक आदर्शवान् बौद्ध उपासकको रूपमा उहाँ न्हुच्छेबहादुर मार्साहिवलाई पाउन सक्छौं। उहाँ दान, शील, भावनामा सदैव अग्रसर हुनुहुन्छ। बुद्ध-धर्म-संघको शरण त उहाँको वंशज र पुर्ख्यौंली सम्पत्ति भै हाल्यो जुन उहाँले आफ्ना पूर्वजहरूबाट हस्तान्तरण गरेर लिनुभयो र जीवनभर त्यसलाई ज्यान-प्राण सरी प्रेम गर्नु भयो र रक्षा गर्नुभयो। उहाँसंगको भेटघाट र उठवसमा मैले उहाँमा एक आदर्श बौद्ध उपासकमा हुनु पर्ने गुणहरू सबै पाएको छु। उहाँ "सरल जीवन र उच्च विचार" मा आफूलाई ढाल्न चाहन्छन्।

मैले कुनै बेला सुनेको छु, मेरो ममतामय आमा मोहनमाया शाक्य र न्हुच्छेबहादुर सरको स्नेही आमा बेतिमाया बज्राचार्यको बीचमा राम्रो मित्रता रहेको थियो जसको फलस्वरूप दिदी केशरी बज्राचार्य उहाँको अर्धाङ्गगी भएर सहचारी हुनुभयो। उहाँले आफ्नो परिवारलाई सुखी, समृद्धि र सफल बनाउन जीवनभर लाग्नुभयो। श्रद्धेय न्हुच्छेबहादुर मार्साहिवमा फेरी अभिवादन गर्दछु।



Downloaded from http://dhamma.digital





# न्हुच्छेबहादुर बज्राचार्य

अनागारीका माधवी

*स्वभावः* ***सबैसंग मिलन स्वभाव***

***सदैव मुसु मुसु हाँसिरहने***

व्यवहार अति राम्रो, सबैलाई आफ्नै दिदी वहिनी र दाजु, भाइ जस्तो व्यवहार गर्दछ, त्यसकारण सबैलाई न्हुच्छेबहादुर बज्राचार्यलाई मन पराउँदछन् ।

उत्साह : सुरू सुरूमा आनन्दकुटी विद्यापीठमा म पढेको बेलामा उहाँ नै संस्थापिका भएको थियो । त्यो बेलामा जम्मा ५, ६ जना मात्र विद्यार्थीहरू थिए ।

अनि उहाँले स्कुलको सम्पूर्ण अभिभारा लिदै काममा रेख देख गर्नु हुन्थ्यो । सबै काममा त्यति नै उत्साहपूर्वक काम गर्नु हुन्थ्यो । अल्छिभाव अलिकति पनि देखिंन्दैन । विद्यार्थीहरूलाई पनि त्यतिनै हेर विचार गर्थे ठाउँमा पनि त्यति नै हेरविचार गर्थे । फेरी आनन्दकुटीमा भन्तेहरूलाई पनि त्यति नै हेर विचार गरेर सेवा टहल गरिरहन्छ ।

भन्ते धम्मालोक स्थवीरले न्हुच्छेबहादुर बज्राचार्यलाई धेरै माया गर्थे । विद्यापीठमा सेवा गर्ने जति सेवा गरेर पछि धेरै विकास गरिसकेपछि अनेक प्रकारका मानिसहरू भएर आयो । नेवारीमा (चोका नायो) भन्छ । त्यस्तो मानिस भएपछि आफूलाई चित्त दुःख्ने गरी धोका दिने मानिस पनि भएर आयो । त्यस बेलामा त्यही झगडा गरी बस्नु भन्दा आफू अलग बस्नेछु । म अर्के विद्यालय खोल्ने भनेर छुटेर जानुभयो ।

सर्वप्रथम एउटा सानो छाउनीमा जग्गा किन्नु भयो । विस्तारै मैत्री शिशु कक्षा संचालन गर्नुभयो । त्यहाँ सर्वप्रथम प्राथमिक कक्षा मात्र सुरु गर्ने भनेर सुरु गर्नुभयो । पछि हुँदा हुँदै त्यो स्कुल ठूलो हुँदै मा.वि. हुन थाल्यो ।



Downloaded from http://dhamma.digital

उहाँको तिक्ष्ण वुद्धिले भरेकोले शिक्षाको विकासको साथमा आफ्नो आर्थिकस्थिति पनि प्रशस्त कमाउनु भयो । उत्साह उमंङ्ग बलियो भएको हुनाले आफूले खोलेको स्कुल यति विकास गऱ्यो कि भनेर साध्य छैन ।

भक्तिभाव : उहाँको एक मात्र आमा हुनुहुन्थ्यो । आमालाई पनि राम्रै हेरविचार गर्नु हुन्थ्यो । अल्छी भाव पटक्कै हुँदैन । आमाले के के भनेको वा इच्छा गरेको सम्पूर्ण पूरा गरिदिनु हुन्छ । आमा बूढी भई वृद्ध भएकाले पाता पाता बोलि रहन्छ तरपनि दिक्क मान्दैन । बूढी भयो भने हामी पनि त्यस्तै हुन्छ भनेर बरोबर आमालाई नरम स्वरले नबोल्नु ज्ञानी भएर जप गरेर बस इत्यादि भनेर बोध गर्थ्यौं ।

अनि पछि उहाँलाई सुहाँउदो खालको जीवन साथी केशरी बज्राचार्यसंग विवाहित भयो । उहाँको भाग्यले धेरै टाढाको केटी भए पनि हाम्रो माष्टरको दिलमा नजिक बस्न आयो । जब उहाँ जीवन साथी पाएपछि उन्नतिको आगो झन झन दन दन दन्केर आयो । सुनमाथि सुगन्ध बढेर आयो । केशरी बज्राचार्य पनि जहिले हेरपनि हँसिलो अनुहारको सबैलाई स्वागत सत्कार गर्ने उहाँको बानी । उहाँहरूका दुई छोरी र एक छोराको आगमनले घर स्वभायमान भयो ।

आफूले परिवारहरूलाई प्रशस्त धन कमाएर सुखसंग व्यवस्था गरी राखि आफू स्वर्गारोहण हुनुभयो । जीवन अनित्य जति सुखी भए पनि जरा, व्याधि मरण चक्रमा अल्झि रहन्छ । त्योबाट कुनै व्यक्ति पनि छुटकारा पाउन सक्दैन, आखिर परिचय भएको मानिस, इष्टमित्रहरूलाई मनमा रूवाइ, अर्को लोकमा जानुभयो ।

उहाँ जहाँ जन्मे पनि धर्म चित्त उत्पत्ति भएर सुख र समृद्धिवान् भएर निर्वाण लाभ होस् भनने कामना गर्दछु ।

शुभं ।
मिति २०६३।१।१९

■



Downloaded from http://dhamma.digital







## आइजनकार्य नेपालका मार्ग दर्शक

# श्री न्हुच्छेबहादुर बज्राचार्य

**मदनबहादुर प्रधान**

२०३२ सालमा मेरो पुरानो मित्र स्व. श्री रामहरि कृष्ण मानन्धरज्यू मेरो काठमाडौंस्थित निवासमा पाल्नु हुंदा ULBAC universal love and brother hood Associations जापानीमा Jin rui Aizain kai को विषयमा सुनाउनु भयो। मलाई यस संस्थाप्रति निकै आकर्षण बढ्यो। दुई बर्ष पहिले मात्र काठमाडौं किमडोल हाइटमा यस अन्तर्राष्ट्रिय अध्यात्मिक संस्थाको स्थापना गरिएको रहेछ। यस संस्थाको विश्वकेन्द्र जापानको क्योटो प्रिफेक्चरमा पर्ने कम्योका शहर र विश्व धर्मकेन्द्र आयावे शहरमा रहेछ। यस संस्थाको नेपालकेन्द्रको अध्यक्ष पदमा नेपालका प्रख्यात शिक्षाविद, वज्रयानका विद्वान न्हुच्छेबहादुर बज्राचार्य चुनिनु भएको रहेछ।

संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय शान्तिवर्षको रूपमा संसारभरि मनाउने निर्णय गर्दा आइजन काइको विश्व केन्द्रले पनि विश्व शान्तिको मुहान विश्व शान्तिको अग्रदूत महामानव गौतम बुद्धको पवित्र जन्मस्थली लुम्बिनीमा आई विश्वका प्रमुख धर्महरूमध्ये हिन्दू, बौद्ध, इश्लाम, क्रिश्चीयन र जापानको परम्परागत धर्म ओमोटो धर्मावलम्बीहरूलाई सम्मिलित गराई विश्व शान्तिको लागि सर्व धर्म प्रार्थना र पूजा गर्ने निर्णय गरेको रहेछ।

स्व. रामहरिकृष्ण मानन्धरले मलाई उपरोक्त कार्यमा सहयोग गरी दिनु हुन भनी अनुरोध मात्र गर्नु भएन, उहाँले नै मलाई न्हुच्छेबहादुर बज्राचार्यसंग परिचय गराउनका लागि किमडोलस्थित बज्राचार्यको निवासमा लग्नु भयो। त्यसैबेला लुम्बिनीमा संयुक्तपूजा र प्रार्थना कार्यक्रमलाई सफल गराउन तैयारीका लागि अल्वा प्रतिनिधि श्री के. फुरुताज्यू विश्वकेन्द्रबाट पाल्नु भएको थियो। उहाँसंग पनि भेंट भयो। आइजनकाई (उल्वा) बारे झन विस्तृत रूपमा जानकारी पाएं। श्री फुरुताज्यूले



Downloaded from http://dhamma.digital

केही महिनापछि हुने कार्यक्रम भन्दा पहिल्यै आइजनकाई अर्थात् उल्वाको लुम्बिनी शाखा खोल्न प्रस्ताव राख्नु भयो । श्री फुरुताज्यू म संगै भैरहवा पाल्नु हुँदा लुम्बिनी शाखाको स्थापना समेत गरियो । लुम्बिनी शाखाको अध्यक्षमा साथीहरूले मलाई निर्वाचित गर्नु भयो । एक वर्ष भित्रै विशाल प्रतिनिधिमण्डल नेपाल आई लुम्बिनी पुगी ऐतिहासिक सर्वधर्मको पूजा र प्रार्थनाको कार्यक्रम सम्पन्न गरियो । लुम्बिनी कै इतिहासमा हिन्दू, बौद्ध र शिन्तो धर्मको पूजा र प्रार्थना मायादेवी मन्दिरमा सम्पन्न गरियो । सन् १९८१ मा जापानमा पहिलो पटक जिररयू आइजन काई ULBA को एसियाली सम्मेलन हुँदा लुम्बिनी शाखाको प्रतिनिधित्व गरेर जापान जाँदा प्रतिनिधि मण्डलमा श्री बज्राचार्य पनि हुनुहुन्थ्यो ।

जिनरयू आइजनकाईले पहिलो क्षेत्रीय सम्मेलन काठमाडौंमा आयोजना गर्दा बज्राचार्यले मलाई प्रथम एसियाली क्षेत्रीय सम्मेलन तैयारी समितीको अध्यक्ष पदमा निर्वाचित गराउनु भएको थियो । काठमाडौं स्थित होटल शङ्करमा उक्त सममेलन भएको थियो ।

दुईवर्षपछि दोस्रो एसियाली क्षेत्रीय सम्मेलन बैंगलोरमा र तेस्रो क्षेत्रीय सम्मेलन श्रीलंकामा सम्पन्न हुँदा नेपाली प्रतिनिधि मण्डलको प्रतिनिधित्व गर्न पाउँदा स्वर्गीय बज्राचार्यज्यूको मूल्यवान् निर्देशन र अभिभावकीय सानिध्यता पाएको थिएँ । काठमाडौं लालदरबारमा नेपाल आइजन काईको राष्ट्रिय हेडक्वाटर गठन गरी राष्ट्रिय कार्यालय खोलियो । राष्ट्रिय सम्मेलनले मलाई राष्ट्रिय अध्यक्षपदमा र श्री बज्राचार्यज्यूलाई मानको लागि आजीवन अध्यक्ष पदमा निर्वाचित गरेको थियो । बज्राचार्य प्रत्येक आइजन समारोह बेला बेलामा आयोजना गरिने अन्तर धार्मिक कृयाकलापमा पाल्नु भई हामीलाई उत्प्रेरित गर्नु हुन्थ्यो । हौसला बढाउनु हुन्थ्यो ।

आइजनकाईको नेपाल राष्ट्रिय केन्द्रमा पहिलो पटक जापानबाट विशाल प्रतिनिधि मण्डल आउँदा होओस्, उल्वा नमूना कृषि फार्मको निरीक्षण गर्ने कार्यक्रम होओस्, परासीमा आइजन कृषि विकास केन्द्र भवनको शिल्यान्यास अथवा नआउँदा पनि उल्वाको कुनै पनि कार्यक्रममा सकृयतापूर्वक सहभागी भई रहने निष्कपट व्यक्तित्व हुनुहुन्थ्यो ।



Downloaded from http://dhamma.digital



न्हुच्छेबहादुर बज्राचार्य Would Federalist आन्दोलनको एउटा सक्रिय व्यक्तित्व हुनुहुन्थ्यो । बज्राचार्यले जीवन पर्यन्त शिक्षा क्षेत्रकै विकासमा आफ्नो सेवा पुऱ्याउनु भयो । आनन्दकुटी र छावनीस्थित मैत्री विद्यालय उहाँको स्मारक नीति कै रूपमा छन् ।

स्व.न्हुच्छेबहादुर बज्राचार्य भौतिकरूपमा आज हाम्रो बीचमा हुनुहुन्न तर उहाँका विचारहरू, भावनाहरू, जहिले पनि हाम्रो वीचमा छन् र रही रहनेछन् ।

यस बर्ष आइजनकाईको ८१ औं वार्षिकोत्सव र नेपाल जापान बीचको पचासौं बार्षिकोत्सव परासी आइजन केन्द्रमा आयोजना गर्दा स्व. बज्राचार्यको आकर्षक फोटो राखेर उपस्थित विभिन्न धर्मावलम्बीहरू र आइजनकाईका सदस्यज्यूहरूले उहाँप्रति हार्दिक समवेदन प्रकट गरे । उहाँको चिरात्माको शान्तिको कामना र श्रद्धाञ्जलि अर्पण गरियो ।

आज हामी बीच बज्राचार्य नरहेता पनि उहाँद्वारा स्थपित ULBA ENTER अर्थात् जिनरयु आइजनकाईलाई अझ बढी सुसंगठित र विस्तार गर्ने प्रतिज्ञा गर्दछु ।

काठमाडौं छाउनीस्थित नेपाल आइजन केन्द्र अथवा परासीस्थित आइजन केन्द्र होओस हामीमा केही अन्तर हुनु हुन्न । आइजन परिवारले आफ्नो आस्था अनुसार पूजा र प्रार्थना गर्न सक्नु हुनेछ । नेपालका समस्त आइजन परिवारले समेत स्व. बज्राचार्यले देखाउनु गर्नु भएको आइजनवृक्षलाई प्रत्येक आइजन सदस्यले मल जल दिंदै रहनेछन् भन्ने विश्वास गर्दछु । स्व. न्हुच्छेबहादुर बज्राचार्यको यही नै अमरत्व हुनेछ ।

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर दाईलाई मनपर्ने विषय "मैत्री"

सुवर्ण शाक्य
ॐ बहाल

थेरवाद बौद्ध जगत्मा पुरानो परिचित नाउँ बोकेका मध्ये न्हुछेबहादुर बज्राचार्य पनि एक हुनुहुन्छ। उहाँलाई म न्हुछेबहादुर दाइ भन्दछु। चिनाजानी भएर पनि १५ औं वर्षपछि मात्र हेलमेलमा रहेको थियो। तत्पश्चात् पनि फेरि अर्को १५ वर्षपछि मात्र निकटता रहेको मेरो उहाँसँगको सम्बन्ध हो।

उहाँ एक शिक्षित व्यक्ति। अन्तर्राष्ट्रिय गतिविधिसँग सरोकारका विचारधारा रहेका व्यक्ति। शिक्षक, लेखक अनि समाजसेवी। आफ्नो विचारका पक्का, चाहे उहाँको अभिव्यक्ति कसैलाई धृष्टता महसुस होस्। प्वाक्क बोल्ने बानी। शब्द प्रयोगमा नरम कडाको ख्याल नहुने। बुद्धधर्म र समाजविषयमा उहाँ भन्नुहुन्थ्यो - 'नेपाली समाजमा बुद्धधर्म भूतलाई दिने बलिझैं रहेको छ। भूतलाई दिने बलिमा ढुटोहोस वा भात होस् अनि रगत, मासु, फुल, फल आदि नाना प्रकारका वस्तु रहेका हुन्छन्। बुद्धधर्म मान्ने बौद्धहरूले पूजाका साथ त्यस्तो बलि दिने गर्दछन्। बुद्धधर्म पालनमा भने बुद्धद्वारा निर्देशित विनय र कर्मसिबाय अरू रहँदैन तर यहाँका बौद्धहरू कर्ममा जोड दिनुभन्दा जोसुकैबाट वरदान र आशीर्वाद नै चाहन्छन्। यहाँका बौद्धहरूको पूजाविधि नै यस्तै छ। यस्ताविषयमा छलफल हुँदा कुरा थप्नु हुन्थ्यो - 'बुद्ध शिक्षा ऐना हो बुद्धधर्म पालनको लागि। बौद्धहरू ऐना छँदाछँदै यताउती ऐना हेर्न किन जान्छन्, अन्य विधिको धार्मिक संस्कार किन लिन्छन्, विचित्र छ।'

उहाँ एक शिक्षक हुनुहुन्थ्यो। उहाँको शिक्षणपेशाको सुरुवात गजबको थियो। २००६ सालतिर आफ्नै स्वेच्छाले नभै त्यस बेलाको जहानिया निरंकुश शासक राणामुखी दलालहरूद्वारा दिइएको बाध्यतामा शिक्षक भई काम गर्नुपरेको थियो। देशका विभिन्न राजनैतिक परिवर्तन सहितका राज्यशासनहरूका साथै निर्धारित



Downloaded from http://dhamma.digital



शिक्षानीतिहरूको भोगाइमा परिचित उहाँले आजको शिक्षानीति पर्यन्तमा रहेका शिक्षार्थी विद्यार्थीको शील स्वभाव र शिक्षित बनेका प्रमाणपत्रधारी ठूला बडा बनेका समेतको व्यवहारलाई नियाल्दै उहाँ भन्नुहुन्थ्यो - 'सरकार शिक्षाप्रसारमा गर्व गर्दछ भने शिक्षितहरू आफूलाई महापण्डित ठान्दछन्। विद्यार्थीहरू खूब मिहेनत गरी जान्ने बुझ्ने भएको सम्झन्छन्। सबै मक्ख छन्। "सुवर्णजी, तपाई पनि एक शिक्षक, थाहापाउनुभयो होला आजको शिक्षाले दिएको उपलब्धि। गुरुको कठालो समात्ने विद्यार्थी, बाबुलाई मूर्ख मानी नटेर्ने छोराछोरी, आमालाई अशिक्षित गृहिणी सम्झने सन्तान, आफ्नो समाज, संस्कृति र व्यवहार पटक्कै नबुझ्ने स्नातक आफै सबै कुरा जान्ने सुन्ने भएको कुराको डिङ हाक्ने, कर्तव्यबिना अधिकारको व्याख्या गर्ने, विकृतितिर लम्कन पाउने अधिकार खोज्ने सामूहिक र सामुदायिक भावनाविहीन व्यक्तिगत स्वार्थमा लिप्त रहेर राष्ट्रियताकै ख्याल नगर्ने जस्ता शिष्टाचारविहीन कुराहरूलाई अनुशासनको बिल्ला सम्झने रहेका छन् आजका शिक्षानीतिले उत्पादित प्रमाणपत्रधारीहरू भन्ने कुरा तपाईलाई लाग्दैन ?" जटिल छ उहाँको अनुभवको कुरा।

समाजसुधारको कुरा उहाँ निकै गर्नुहुन्थ्यो। जिम्मेदार सामाजिक संस्था खोलियुन् र समाजसेवीहरू उत्पादन होस् भन्ने कुरा पोखिरहनुहुन्थ्यो। नभन्दै समाजमा धेरै प्रकारका संघ संस्था देख्न पाइयो। उहाँ आँखा चिमचिम गर्दै भन्नुहुन्थ्यो - 'संस्थाहरू सानातिना सस्ता कार्यक्रममा अल्झे। संस्थामा सदस्य बन्नेहरू संस्था र संस्थाको उद्देश्यप्रति कर्तव्य निर्वाह गर्नु भन्दा अधिकारको भाउ खोज्ने बहुलरूपमा देखिए। यस्तो बेला हामीले के गर्ने ?"

एकपटकको कुरा कुरामा उहाँ भन्नुहुन्थ्यो- 'हामीलाई राजनीति थाहा छैन। देशमा बोल्नेको पिठो बिक्ने भनेझैं भइरहेको देखिइरहेको छ। घरघरमा सम्पत्तिको लुछाचुंडी, देशमा हानाहान तानातान छ। टकाशेर खाजा, टकाशेर भाजा। गरिब गरिब छन्, धनी अझ धनी छन्। सबका सब आफै ठूला छन्। देशको परिस्थिति यस्तै छ।' निराश देखिनु हुन्थ्यो उहाँ तर परिस्थितिलाई मान्नुहुन्थ्यो।

भाषानीतिमा ज्यादै उदार उहाँ। मातृभाषाप्रतिको आस्था राखेर पनि भाषा जातिभित्र सीमित हुँदा आफ्नो जाति नै पनि सीमित भएर जान्छ भन्नुहुन्थ्यो। उहाँ



Downloaded from http://dhamma.digital

आफ्ना लेखहरू प्राय: अंग्रेजीभाषामा लेख्नुहुन्थ्यो । विदेशी संस्कृतिको तारिफ गर्नुहुन्थ्यो तर पनि आफ्नो संस्कृति विकृतितिर गएकोमा खिन्नता व्यक्त गर्नुहुन्थ्यो । इशाई धर्मनीति उहाँलाई पनपर्छ तर भन्नुहुन्थ्यो- 'बुद्धधर्मको वास्तविक जगबिना कुनैपनि धर्म त्यति मानवीय होइन । बुद्ध कसैको नजरमा आलोच्य होला तर उनका आर्यसत्यका कुरा त्रिकाल सत्य रहेको कुरामा मानिसले विश्वास मान्नुपर्दछ । मानिसको स्वभाव विविधतामा जे जस्तो भएपनि मानवीयतालाई जर्गेना राख्न सजिलो माध्यम भने बुद्धद्वारा उपदेशित व्याख्यासहितको 'मैत्री' भावनालाई नै मान्न सकिन्छ । झगडा तगडा र तेरो मेरोको भावना आदि कुराहरू मानवस्वभाव हुन् तर 'मैत्री' ले मानवस्वभावलाई स्वच्छ चरित्रमा बदलिदिने हुन्छ । कुनै कुरा कसैलाई मन परोस् वा नपरोस् "मैत्री" भावना एउटालाई हृदयङ्गम गरी राख्न सकियो भने भगवान् बुद्धका अरू आर्यसत्यका कुराहरूप्रतिको अभ्यास अगाडि बढ्न सक्छ ।'

प्रत्येक घर परिवारमा छोराछोरी, दाजुभाइ, नाति नातिना अनि पति भार्यापर्यन्तमा मैत्रीभाव जगाउन पाए सुखीजीवनको परिकल्पना सार्थक हुने कुरा उहाँ सम्झनुहुन्थ्यो । आफुमा पनि अरूप्रकारको नाताद्वारा सम्बन्धित रहनुभन्दा मैत्रीत्वलाई नै अँगालेर आपसी व्यवहार पाउन लालायित रहनुभएको कुरा उहाँ आत्मीयताको छलफलभित्र ल्याउनुहुन्थ्यो । न्हुछेबहादुर दाइसँगको संगतले म धेरै लाभान्वित भएको छु सामाजिक र आध्यात्मिक जीवनसंगको कुरामा उहाँसंग रहँदाको कुनै सभा, समारोह र भेलामा उहाँका अभिव्यक्तिहरूको संगालो अनि उहाँले बोल्दा चल्दाको उहाँको शारीरिक मानसिक भावभङ्गिमा अहिले पनि म झल्झली सम्झन्छु ।

उहाँ कहिलेकाहीं कुरैकुरामा उत्तेजनामा आउनुहुँदा Do or die र Hire Fire को कुरामा स्वर बजाउनुहुन्थ्यो । पछि बिस्तारै ती कुराको व्याख्यामा लागी शान्त भइदिनुहुन्थ्यो । यी उहाँसंगको मेरा सम्झनाहरूले उहाँको दिवंगतत्वमा श्रद्धाञ्जली हुनेछ भन्ने मैले ठानेको छु । जीवन जति कष्टप्रद अवस्थामा गुज्रिरहेको भएपनि त्यसलाई रुचिपूर्ण बनाउन प्रयास गर्ने उहाँको भावनात्मकताको प्रेरणा सबैजनमा पर्नु उचित छ भन्ने पनि ठान्दछु । उहाँले गर्ने गरेका कुरा आजको लागि शिक्षाका दुई शब्द पनि हुन सक्छ भन्ने पनि मलाई दृढताका साथ लागेको छ । उहाँको मैत्रीभाव सबैमा छाओस् भन्ने मेरो ठूलो आकांक्षा छ । ■



Downloaded from http://dhamma.digital





# न्हुच्छेबहादुर बज्राचार्यप्रति श्रद्धासुमन

रविचरण श्रेष्ठ

आज जुन १ अर्थात् Aizen Day - बहुआयामिक व्यक्तित्व स्व. न्हुच्छेबहादुर बज्राचार्यलाई आजको दिनले विशेष स्मरण गराउँदछ । जापानमा जनस्तरबाट संचालित एक सामाजिक संस्था जुन निरन्तर रूपले करिब आठ दशकदेखि विश्वशान्ति विश्वभातृत्व र धार्मिक सहिष्णुताको आदेशलाई संगालेर अगाडि बढिर हेको Jinrui Aizenkai नामक संस्था स्थापना भएको ऐतिहासिक दिन हो । जापानमा सर्वप्रथम महान् सुधारक (Onisabaro Degochi) ओनिसाबुरो देगुचिले प्रतिपादन गरिएको यस पवित्र अभियानलाई नेपालमा भित्र्याउने श्रेय स्व. न्हुच्छेबहादुर बज्राचार्यलाई जान्छ । यस संस्थाको स्थापना मात्र उहाँले गर्नु भएन यसको संरक्षण संवर्द्धन गर्दै जीवनको अन्तिमकालसम्म पनि कार्यरत हुनुभयो । यस संस्थाको माध्यमबाट उहाँले मानवीय मूल्य र संस्कारलाई जीवन्त तुल्याउने अथक प्रयास गर्नुभयो । आज यस संस्थाको हांगाबिंगा फैलिन्दै जीवन्त भएको छ । सानै संस्थाले गर्ने कार्यको पनि परिणाम ठूलो हुन सक्छ भन्ने प्रमाण Jinrui Aizenikai ले प्रदर्शन गरेका क्रियाकलापबाट छर्लङ्ग हुन्छ । शान्तिका हिमायती स्व. बज्राचार्यसंग मेरो परिचय करिब दुईदशक अगाडिदेखि भएको हो । उहाँसंगका हरेक भेटहरू, क्षणहरू मेरा सुखद् रहे । प्रत्येक पटक ज्ञानवर्द्धक र ज्ञातव्य कुराहरू उहाँबाट मैले प्राप्त गर्थे । यिनै अनुभवहरूले गर्दा उहाँ विशेष स्मरणीय व्यक्तित्वको रूपमा मेरो मानसपटलमा आज उभिन्छ ।

प्रशंसाले मानिस अमर हुने होइन, मानिस बाँच्छ सदाको लागि उसको सिर्जनाले । त्यसरी स्व. बज्राचार्य पनि बाँचिरहनेछ उनको सिर्जनामा । आज उहाँको पार्थिव शरीर हाम्रो माझ नरहे पनि उहाँले यो समाजको लागि धेरै विधामा पुऱ्याउनु भएको योगदान र उहाँका सिर्जनात्मक प्रतिभाले उहाँलाई सदाको लागि सम्झिरहनेछ



Downloaded from http://dhamma.digital

भन्ने कुरामा म विश्वस्त छु । एउटा बौद्ध चिन्तक, समाजसेवी, साहित्यकार, शिक्षा जगतका सारथीको निधनले यो समाजलाई अपुरणीय क्षती पुऱ्याएको छ । तर जन्मेपछि मर्नु पर्ने शाश्वत सत्यबाट कोही उम्कन नसक्ने यो यथार्थतालाई सबैले आत्मसात गर्नैपर्छ ।

अन्तमा, Jinrui Aizenchi आदेशहरूलाई व्यवहारमा उतार्ने उहाँको जुन सपना छ त्यसलाई मूर्तरूप दिने जिम्मेवारी नेपालमा कार्यरत सबै Azzen सदस्यहरूको दायित्व हो । त्यस दिशातर्फ निष्ठापूर्वक हामी सबै लाग्नु नै उहाँप्रति सच्चा श्रद्धाञ्जली अर्पण गरेको ठहरिन्छ ।

अस्तु !

Dhamma.Digital



Downloaded from http://dhamma.digital







# स्मृति : एक हस्तीको

**कृष्णकली शाक्य**
का.मु. प्रिन्सिपल
**आनन्दकुटी विद्यापीठ**
स्वयम्भू, काठमाडौं ।

"मलाई त्यौडको घरमा बस्नै मन लागेन । दिन रात गोलीको आवाज, जुलुस, शान्ति नै छैन । म त यही विहारमा बसी केही गर्न पाए हुने थियो ।" यो थियो न्हुच्छेबहादुर बज्राचार्यको अन्तस्कन्धको आवाज, अनि केही गर्ने उनको जवानीको अठोट र दृढता । भरखरै श्रीलंकाबाट आफ्नो पढाई समाप्त गरी आफ्नो देश फर्केका न्हुच्छेबहादुर बज्राचार्य एक साहसिक नौजवानले कर्मको एक निश्चित कार्य दिशा, एउटा ठोस गन्तव्य खोजिरहेको थियो । जीवनको साहसिक यात्रा सँगसँगै साथ पाएको भिक्षु अमृतानन्दको भारतको कुशीनगर, सारनाथ, कलकत्तादेखि यो यात्रा श्रीलंकासम्म पनि साथै रह्यो । साथ साथको बसाइँ र यात्रामा भिक्षु अमृतानन्दज्यूले नेपालमा फर्केपछि एउटा स्कुल खोल्न पाए हुन्थ्यो भन्ने कुराहरू गर्नहुनेरहेछ । न्हुच्छेबहादुर सरको एक पुस्तकमा लेखिएको थियो, "हुन त विद्यालय खोल्ने कुरा उहाँले सन् १९४३ मा पनि गर्नु भएको थियो" तर यसलाई मुहुर्त रूप दिने कार्य भने सन् १९५२ माघ महिनामा भएको देखियो। गर्भ अवस्थामा रहेको यस विद्यापीठको जन्म कसरी भयो यो सन्दर्भ उदृत गर्न सान्दर्भिक ठान्दछु ।

त्यौड टोल, काठमाडौ
मिति ६।२।१९५२
प्राप्त मिति १४।२।१९५२

*पूज्यवर भन्ते,*

तपाईंको ३१।१।१९५२ को पत्र प्राप्त भयो । त्यसैले मेरो धन्यवाद् । तपाईंले मेरो लागि ठूलो कष्ट उठाइदिनुभयो । तपाईंको आज्ञा अनुसार म जहाँ जान पनि तयार छुँ । तानसेन आउने कुरामा पनि मेरो इच्छा भएको कुरा तपाईंलाई भनि सकें । त्यस अनुसार तपाईंले मेरो लागि तानसेन मै बसेर पढाउने बारे बन्दोवस्त गरिदिन्छु भन्नुभएकोमा मेरो सहश्र धन्यवाद ।



Downloaded from http://dhamma.digital

म तपाईंको आज्ञा पालन गर्न तयार छुँ। तर भन्ते तपाईंको आज्ञा मुताविक हाम्रो गौचरण [Airport] मा भएको कुरा अनुसार यहाँ आनन्दकुटी मै एउटा बुद्धिष्ट स्कुल खोलिसकें। अहिले स्थानको अभावले गर्दा १२ जवान विद्यार्थी राखेको छुँ। बस्छु भन्नेहरू ५० नाघिसक्यो। तर ठूलो काम गर्न अनुचित सम्झें। वीउ त हालिसकें अब बखत, वखतमा पानी हालि मल दिई हुर्काउनुपऱ्यो। स्थान एउटा पनि आवश्यक भइसक्यो। यो काम तपाईं यहाँ नआइकन हुँदैन। अहिलेलाई यो काम सान्है सानो भए पनि भविष्यमा विशाल बनाई यसलाई विश्वविद्यालयको रूप धारण गराउने उद्देश्य राखेर काम गर्नुपर्छ। त्यसैले तपाईं त्यहाँ धेरै विस्तार नगरी यहाँ छिट्टै आएर एउटा योग्य स्थान रोजी दिन निगाहा राखिदिनुपऱ्यो। यो कुरा तपाईंलाई भनि राख्नु पर्दैन।

हाललाई बोर्डिङ्ग फी रु. २०।- गरें र १२ जना बोर्डसहरू छन्। अर्को भान्छे र एक टहलुवा राखें। एक महिना चलाएपछि कति खर्च लाग्छ भन्ने कुरा यकिन गर्न सकिएला। एक विद्यार्थीको रु. २५।- भए प्रशस्त पुग्ला भन्ने अन्दाज छ। डर्मिटरी (सुत्ने कोठा) तलको दुईटा कोठा राखेको छुँ। कक्षा तपाईं बस्ने कोठामा चलाई राखेको छुँ। बेन्च र चार डेक्सहरू भए भोजनालयमै कक्षा बनाउने छुँ। आरती, माधवीहरू पनि पढाई राखेको छुँ। अहिलेलाई यति, अरू पछि। विमलाको बारेमा के भयो ? छात्रावासको एउटा कार्यक्रम राखेर पठाएको छुँ।

तपाईंको सेवक,
न्हुच्छेबहादुर

(यसरी आनन्दकुटी विद्यापीठको स्थापना २००८ साल माघ महिनामा भयो। यस कार्यका लागि म श्री न्हुच्छेबहादुर बज्राचार्यप्रति आभारी छुँ।) -भिक्षु अमृतानन्दको डायरीबाट, आनन्दभूमि पत्रिकाबाट साभार

आनन्दकुटी विद्यापीठसँगै जोडिने एउटा नाम न्हुच्छेबहादुरको। यो नाम लिन भिक्षु अमृतानन्दले कहिल्यै विर्सनुभएन। उहाँ भन्नुहुन्थ्यो, न्हुच्छेबहादुरको साथ र सहयोग नपाएको भए आनन्दकुटी विद्यापीठले जन्म लिदैनथ्यो होला। २०३४ सालको विद्यापीठको रजत जयन्तीपछि स्व. श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको दोस्रो पटकको भ्रमणमा पनि भिक्षुज्यूले "न्हुच्छेबहादुर जस्तो सपूतको साथ पाएकोले



Downloaded from http://dhamma.digital



मैले स्कुल खोल्न सफल भएँ, सरकार ! किनभने मैले पढेको छैन मलाई पढाउन आउँदैन भन्नुभयो ।" यसरी आनन्दकुटीको जन्मभयो । प्राचीन गुरुकूल परम्परामा चलेको यस विद्यालयले सर्वप्रथम ६ जवान विद्यार्थीहरू राखेर संचालन गर्दा खेरीको कठिनाई र उतारचढावको पर्वाह नगरी जटिलतालाई आत्मसाथ गरेर उहाँ आनन्दकुटी विद्यापीठको स्वर्णिम इतिहास निर्माण गर्ने सारथीहरू मध्येमा एक हुनुभयो । इतिहासका पानाले बोल्छ "मानिस मानिस बन्न नजानेका कुरा, गन्तव्यमा गति ल्याउन नसकेका कुरा, यही कारणले मानिसका पाइलाहरू गन्तव्य स्थानमा पुग्न नसकेर गतिहीन हुन पुग्नेकुराहरू । तर न्हुच्छेबहादुर बज्राचार्य प्रत्येक खाल्डो खुल्डीलाई पुर्न सक्ने एक गतिशील व्यक्तित्व हुनुहुन्थ्यो । विद्यालय सुचारु रूपले संचालन गर्न भिक्षु अमृतानन्दको सहयात्री भई होस्ते मा हैंसे गरी स्थापनाकालदेखि पाँच दशकसम्म विद्यापीठलाई गतिशिलता दिन, समय र परिस्थितिको माग अनुसार, कमी र कमजोरी खोतली खोतली हेरी त्यो खाल्डो पूर्ने उहाँ एक दूरगामी व्यक्ति हुनुभयो ।

करिब २२ बर्ष अगाडिको कुरो थियो जब बालाजुबाट आउने सार्वजनिक धाराबाट आउने पानीमा कमी भयो उहाँले साइत गरेर स्वयम्भू आनन्दकुटी पछाडि दुईटा इनार बनाउनु भयो तर इनारको पानी पहेंलो थियो । हेडमाष्टर रत्नबहादुर बज्राचार्यले पहेंलो पानीको घोर विरोध गर्नुभयो । नाता सम्बन्धमा काका भतिजा पर्ने उहाँले ठाडै औंला उठाउँदै जवाफ फर्काउनु भयो - "पानी फोहर भए आजभोलि अनेक प्रविधि छ लगाउ न तिमीले Technique आज होइन तिमीले पछिसम्झने छौं यसको महत्त्व ।" बैठकमा बसेका हामी पदाधिकारीहरू कसैले केही नबोलि मूकदर्शक बनेर हेर्‍यौं । साँच्चि नै पानीको आपूर्तिमा कमी यस ठाउँमा रत्नबहादुर सरको समयदेखि नै थियो । अहिलेसम्म पनि यी दुई इनारको पानी प्रशोधित गरी चलाई राखेको छ । भविष्यद्रष्टा उहाँको दूरदर्शिताको यो ज्वलन्त उदाहरण हुन् ।

जीवन हिंडाइको गतिमा अत्यन्त कष्टकर समयमा पनि उहाँ अंग्रेज शासन पद्धतिको हिमायती र प्रशंसक हुनुहुन्थ्यो । उहाँसँगको बेलावखतको भेटमा भन्नुहुन्थ्यो, "हामी श्रीलंका छँदा दोस्रो विश्वयुद्धको समय थियो, श्रीलंकाका सिंहालीहरूको निम्ति राशन कार्ड थियो । हामीसँग भने सरकारी कागजपत्र पनि



Downloaded from http://dhamma.digital

नभएकोले सार्है दु:ख भोग्नुपर्‍यो। भिक्षु अमृतानन्द भिक्षु भएकोले बस्न खान व्यवस्था राम्रो मिलेको थियो तर म र मतिनाकाजी (हाल भिक्षु विमलानन्द महास्थवीर, लुम्बिनी) भने गृहस्थ भएको हुँदा खाना पाउन मुश्किल भयो। हामी दुई पालैपालो नरीवल कहिले खस्ला भनेर नरीवल रुखमुनि बस्थ्यौं, नरीवल खसेपछि नरीवल पानी र नरीवल आधा आधा खान्थ्यौं। हाम्रो पैसाले खाना समेत किन्न नपाउने यो कष्टकर समयबाट बच्न हामीलाई भिक्षु हुने सल्लाह दिए तर म भिक्षु बनिन, मतिनाकाजी भिक्षु बन्नुभयो। मलाई एक भिक्षुले आफ्नो भागको खाना आधा दिनुभई सहयोग गर्नुभयो।" उहाँ अगाडि भन्नुहुन्छ, "यसमा उनीहरूको दोष छैन। हामी सिंहाली होइनौं, हामीसँग सरकारी कागजपत्रहरू पनि थिएन। तर त्यहीँ बस्ने रैथानेहरूलाई कति राम्रो व्यवस्था थियो। अंग्रेजहरूको शासन शैली Systemetic थियो कडा थियो। अंग्रेज शासन व्यवस्थाको एक विश्लेषक उहाँ भन्ने गर्नु हुन्थ्यो। हाम्रो देशमा पनि यस्तै Systemetic तरीकाले काम गर्ने हो भने कति विकास भइसक्थ्यो खोई ! शासन सत्तामा बस्नेहरू कामभन्दा कुरा बढ्ता गर्छन्, कहिले विकास हुने ?"

उहाँसँगको भेटमा एउटै कुरा "ड्युटी" मा जोड दिने उहाँले काम गर्दा सम्यक दृष्टि राखेर, सम्यक कर्म गर्दै गयो भने सबै कुरा मिलेर आउँछ। मलाई यी पंक्तिहरू कोर्दा एउटा घटनाको याद आउँछ। हामी स्कुल परिवार कार्यविनायकतिर पिकनीकमा गएका थियौं, उहाँ सुपरिटेण्डेट रहँदा जुन बेला वनभोज गएपनि खानाको एउटा नयाँ Item हुन्थ्यो र त्यो आफै आएर सबैलाई हँसाई हँसाई यो यसपालिको नयाँ भनेर आफैं राख्ने गर्नुहुन्थ्यो। विहानीका खाजा खाइसकेपछि कोही घुम्न गए कोही तासमा रमाए। साँझ पर्न थाल्यो, तास खेल्ने शिक्षक शिक्षिकाहरू उठ्ने नामै लिनन्, हाम्रो हेडसर पनि तास मै रमाउनु भएको थियो। यिनीहरूलाई उठाउनु पर्‍यो, अब के गरुँ, म पनि रमाईलो गर्छु भनि खण्डेथालमा डाडुले ठटाएर घण्टि बजाउँदै, कम्मर मर्काउँदै, खुट्टा हल्लाउँदै सबैको ध्यान आकर्षित गर्नुभयो, हामी सबै मरी मरी हाँस्यौ। यत्तिकैमा उहाँको श्रीमतीले भन्नुभयो, "आहा N.B. कस्तो सुहाएको ! कति राम्रो देखियो !" न्हुच्छेसरले ठाडै जवाफ दिनुभयो, "म सुपरिटेण्डेन्ट हुं, थाल ठटाएर रमाइलो मात्रै गरेको होइन, सबैलाई समयमा



Downloaded from http://dhamma.digital





ख्वाएर फर्काउनु मेरो "ड्युटी" पनि हो ।" मेरो हाँसो अनायासै रोकियो "ड्युटी" शब्दले । ठट्यौलीसँग मिसिएको त्यो "ड्युटी" "ड्युटी" सँगैको त्यो ठट्यौलीले मलाई नतमस्तक पारिदियो । मनमा असिम श्रद्धा र सम्मान जाग्यो । केशरी म्याडम भन्दै हुनुहुन्थ्यो, "ल हेर हेर ।" मैले पनि मैडमलाई सरले ठीकै त भन्नुभयो भनें । यसरी "ड्युटी" शब्दलाई होसपूर्वक व्यवहारमा उतार्ने उहाँको कार्यशैलीले उहाँलाई सधैं सवल, सजक र उत्प्रेरक बनाईदियो ।

स्थापनाकालदेखि नै विद्यालयको अधिकांश जिम्मेवारी वहन गरिरहनु भएको उहाँ उस बेलाका पुराना विद्यार्थीहरूको माझमा ठूलो माष्टरसाहेबको नामले परिचित उहाँ विद्यालयकै प्रथम हेडमाष्टर पनि हुनुभयो, त्यसपछि सुपरिवेक्षक । "ड्युटी" लाई प्रमुख विशेषता मान्ने उहाँले आवासीय विद्यार्थीहरूलाई विहान ६ बजेको घण्टि पछि नै "Wake up boys" भन्दै ढोका ढोकामा आवाज दिंदै सबैलाई उठाउनुको साथै विहानीको पंचशील प्रार्थना, विहानीको अंग्रेजी कक्षाहरू सबैजसो उहाँले लिने गर्नुहुन्थ्यो । त्यसबेलाका विद्यार्थीहरूमा अंग्रेजी भाषामा विशेष दखल हुनु, अनुशासित हुनुमा उहाँले गर्ने कार्यशैलीको उपादेयता हो भनेर ठोकुवा गर्न सकिन्छ ।

न्हुच्छेबहादुर बज्राचार्य विशुद्ध बुद्ध धर्मका अनुयायी, थुप्रै साना ठूला लेख र चनाहरूका रचनाकार हुनुहुन्थ्यो । उहाँले "Awake Buddhist ! The Story of My Life" र अन्य अंग्रेजी पाठ्यपुस्तकहरूको रचना गर्नुभयो । उहाँ एक समाजसेवीको साथै जीवनको कर्मक्षेत्रको शुभारम्भ नै भाषा सेवा, गरी आफ्ना जीवन उत्सर्ग गर्नुभयो । Iron Man झैं उहाँ अति दृढ स्वभावको, एक कुशल प्रशासक, एक समाजसेवी, शिक्षाप्रेमी, आनन्दकुटी विद्यापीठको एक स्तम्भ अनि एक हस्तीले कार्त्तिक ८ गतेका दिन यस भवचक्रबाट सदा सदाका लागि बिदा लिन्छ । श्रद्धा सुमनका यी शब्दहरू यहाँ स्वतः प्रस्फुरण हुन्छ कि आनन्दकुटी विद्यापीठ उहाँप्रति ऋणी छ । उहाँको ऋण चुकाउन म लगायत विद्यापीठका सम्पूर्ण परिवारले स्कुलको मौलिक अस्तित्व बचाई राख्न सक्नुको साथै माथिको पत्र अनुसार नै विद्यालयलाई ढाल्दै लगेर उद्देश्य प्राप्ति गर्नतिर तत्परता देखायो भने मात्रै उहाँलाई दिइएको श्रद्धाञ्जलीले सार्थकता पाउने छ भन्ने ठान्दछु । भवतु सब्ब मङ्गलम् । ■



Downloaded from http://dhamma.digital



# न्हुच्छेसर अतितका पाना

राधाकृष्ण घिमिरे

२०५७ सालमा जागिरको सिलसिलामा जिल्ला शिक्षा कार्यालय मकवानपुरबाट जिल्ला शिक्षा कार्यालय काठमाडौंमा सरुवा भई आएपछि विद्यालय निरीक्षणको लागि मलाई श्री गीतामाता उच्च माध्यमिक विद्यालय, विजयश्वरी स्रोतकेन्द्र तोकिन्छ। तत्कालीन अवस्थामा कार्यालयमा पनि कार्यसम्पादन गर्नुपर्ने कारणले मलाई कार्यालय नजिकको स्रोतकेन्द्र तोकिएको थियो। त्यसैले मैले आफ्नो स्रोतकेन्द्रको नियमित कार्यसम्पादनका अलावा कार्यालयको काममा पनि व्यस्त हुनुपर्ने अवस्था थियो। यसरी एक विद्यालय निरीक्षकले आफूलाई तोकिएको स्रोतकेन्द्रमा पूर्णसमय ध्यान दिनसक्ने अवस्था थिएन। यसो हुँदाहुँदै पनि स्रोतकेन्द्र विद्यालयका प्रधानाध्यापक लगायत स्रोतकेन्द्र भित्रका विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक/प्रिन्सिपल, शिक्षक, कर्मचारी तथा अभिभावक वर्गहरूबाट प्राप्त भएको पूर्ण सहयोगले जिल्लाभित्रका स्रोतकेन्द्रहरूले सम्पादन गर्नुपर्ने कार्यमा कहिल्यै पनि मलाई तोकिएको स्रोतकेन्द्र पछिपरेको थिएन। यसको मूल्याङ्कनको जिम्मा मैले हालसम्म पनि सरोकारवालाहरूलाई छोडिदिएको छु।

करिब सोही वर्षको पुस महिनातिरको कुरा हो, निरीक्षण क्षेत्रमा आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा आनन्दकुटी विद्यापीठ, स्वयम्भुको विद्यालय व्यवस्थापन समितिको बैठकको लागि पदेन सदस्यको हैसियतले उपस्थित हुन बोलाइएको पत्र हातमा पर्छ। बैठकको विषयवस्तु विद्यालयको स्वर्ण महोत्सव सम्बन्धी भन्ने उल्लेख भएको हुनाले कार्यालयमा शिक्षा दिवसको तयारीको सिलसिलामा व्यस्त भएता पनि जाने अठोट गरी तोकिएको समयमा विद्यालयमा पुग्छु। यही नै मेरो न्हुच्छेसरसँगको पहिलो भेट थियो।



Downloaded from http://dhamma.digital



नेवारी भाषामा न्हुच्छेको अर्थ नयाँघर हो भन्ने मलाई सामान्य रूपमा थाहा थियो । परिचयको क्रममा मलाई नाम अनुसार त्यो पुरानो, जीर्ण करिब ८५ वर्ष नाघेको शरीरको नाम कता कता नमिलेको महसुस भयो । सामान्यत: सबैले अनुभव गर्नसक्ने ध्रुवसत्य पनि यही थियो । जन्मदा त्यो नाम पृथ्वीमा पदार्पण गरेको नव शिशुको लागि उपयुक्त नै हो तर कालक्रमसंग हाल सो नाम मेरो मानसपटलमा अमिल्दो लागेको मात्र हो ।

लगातारको उठबस तथा सहकार्यले हामीबीच कार्यसम्पादनको क्रममा एक अर्कालाई नजिकबाट नियाल्ने र चिन्ने मौका प्राप्त भयो । समयको क्रमसंगै जिल्ला शिक्षा कार्यालय, काठमाडौंमा करिब तीन वर्ष व्यतित गर्दा मेरो जागिरे जीवनको अनुभवमा उहाँ एक आदर्श पुरुषको रूपमा स्थापित हुन पुग्नु भयो । उहाँको भौतिक काय नामसँग मेल नखाने भए पनि उहाँको विचार, बौद्ध धर्मप्रतिको आस्था तथा शैक्षिक क्षेत्रमा अविश्रामको लगनले उहाँ अति नै नविन विचारको खानी र कहिल्यै नथाक्ने व्यक्तित्वका धनी हुनुहुँदो रहेछ । यसरी मेरो सोचमा परिवर्तन हुन जान्छ ।

"दु:ख पाएँ भनेर राडी नओढ्नू, सुख पाएँ भनेर सिरक नओछ्याउनू" भन्ने उखानसंग उहाँको जीवनयात्रा ठ्याक्कै मिल्दथ्यो । व्यवहार सदैव एकनास, सरल किसिमले बहिरहेको पाइन्थ्यो भने मानसिक तनावका क्षण तनावबाट मुक्ति प्राप्त गर्न उहाँको दैनिक कार्यतालिकाको व्यवहार सम्झे पुग्दथ्यो । कहिल्यै पनि कुनै कुराले कत्ति पनि विचलित नहुने उहाँको स्वभाव थियो । उहाँको नम्रता, बाल, वृद्ध, बनिता सबैमा उहाँले गर्ने व्यवहार साँच्चै नै ग्रहण गर्न लायक थियो । घरव्यवहारलाई नजरअन्दाज गर्दा उहाँ साँच्चै नै विनम्रताको खानी हुनुहुन्थ्यो । घरव्यवहारको दैनिकीले उहाँको शालनितामा कहिल्यै पनि आँच पुगेको मैले पाइन किन कि यो उहाँको विशेषता थियो ।

उहाँसँग कुरा हुन वा भेट गर्न हप्ता नाघ्यो कि, ममा के अपुग भएजस्तो मलाई लाग्ने भइसकेको थियो । हुनसक्छ उहाँसँगको सहकार्य मेरो जीवनमा नशापान नै भइसकेको थियो । त्यसैले मौका मिल्नासाथ म उहाँसँग भेटगर्न जाने गर्दथें । बहाना विद्यालय निरीक्षणको हुन्थ्यो, चाहना जीर्ण शरीररूपी न्हुच्छेसरसंगको भेट



Downloaded from http://dhamma.digital

हुन्थ्यो। भेट गर्न जान नसकेको अवस्थामा प्रायश: फोनमा नै भलाकुसारी हुन्थ्यो। जीवनको अन्तिम क्षणमा उहाँको खुट्टा भाँचिई हिंडडुल कर्म गर्न थाल्नु भयो। यसपछि क्रमश: बूढो शरीर विभिन्न रोगले ग्रसित हुनुभई दिनानुदिन गल्दै गएको अनुभव मैले गर्नथालेको थिएँ। यसै क्रममा मेरो जागिर शिक्षा तथा खेलकुद मन्त्रालयमा सरुवा भयो। उहाँसंगको नियमित भेटमा केही कमी हुनपर्ने बाध्यता मेरो मन्त्रालयको जागिरले उत्पन्न गऱ्यो। त्यसो भएता पनि नियमित रूपमा फोनमा कुराकारी भइ नै रहन्थ्यो। उहाँ बित्ने करिब हप्तादिन अघि फोन गर्दा केशरी मेडमले फोन उठाउनुभयो र केही असजिलो अनुभव भई सुत्नुभएको जानकारी पाएँ। भेटगर्न जाने इच्छा हुँदाहुँदै विविध कारणले जान सकेको थिइन। एका बिहानै फोन आयो, "न्हुच्छेसर अब यस सन्सारमा हुनुहुन्न, उहाँको पार्थिव शरीर अन्तिम दर्शनको लागि राखिएको छ, पाल्नुहोला।" म झल्यास्स भएँ, मेरो भेट गर्ने चाहना उहाँको पार्थिव शरीर दर्शनमा मात्र सीमित रहन गयो। मैले अनुभव गरें, मेरो शिक्षाको जागिरे जीवनमा मेरो आदर्श पुरुष मैले गुमाएँ, अब पुन: प्राप्त गर्न सक्ने अवस्था रहेन। म तुरुन्तै उहाँको घरमा पुगें, सबै शोक विह्वल थिए, मसंग व्यक्त गर्ने शब्द थिएन, आवाज थिएन, उहाँ चिर निन्द्रामा हुनुहुन्थ्यो, मैले फूलको गुच्छा लिएर उहाँको चिर निन्द्रामै अन्तिम दर्शन गरें र उहाँले मसँग मौनतामै कहिल्यै भेट नहुने गरी बिदा माग्नु भएको अनुभूति गरें।

■



Downloaded from http://dhamma.digital







# हेडसरलाई नजिकबाट नियाल्दा

जीवन भण्डारी

सर्वप्रथम त प्रात: स्मरणीय हेडसर स्व. न्हुच्छेबहादुर बज्राचार्यको स्मृतिमा एक बृहद् स्मृति ग्रन्थ प्रकाशित गर्ने सदिच्छा राखेकोमा यसको सफलताको लागि आनन्दकुटी विहार गुठीलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रकृतिको लिला पनि विचित्रकै रहेछ । 'विछोडको पीडा त्यतिखेर थाहा हुन्छ जब यो आफैंमाथि आइपर्छ' भन्ने सुनेको थिएँ तर अनुभव भने थिएन । आफ्नो शैक्षिक अभिभावक गुमाउनुपर्दाको पीडा त्यतिखेर थाहा पाएँ जब श्रद्धेय हेडसरले यो संसार छोडेर जानुभयो । भर्खर भर्खर मात्र शिक्षण क्षेत्रमा पदार्पण गरेकोले पनि होला, उहाँको साथ मेरो लागि अति नै प्रिय थियो । उहाँको त्यो सरल जीवन, इमान्दारिता तथा राष्ट्रप्रतिको जिम्मेवारी बोधबाट म असाध्यै मोहित भैसकेको थिएँ । जीवनोपयोगी धेरै कुराहरू अझपनि उहाँबाट सिक्ने मेरो अभीष्ट थियो तर नियतिले ठगेपछि कसको के पो लाग्दो रहेछ र ?

बाल्यकालदेखि नै गम्भीर तथा अध्ययनशील स्वभावका स्व. हेडसरको जन्म वि.सं. १९७७ आषाढ कृष्णपक्ष पञ्चमीका दिन काठमाडौंमा भएको थियो । उहाँ पहिले आफू शिक्षित हुनुभयो अनि शिक्षा प्रचारमा लाग्नुभयो । उहाँले अध्ययनको सिलसिलामा करिब ४० भन्दा बढी मुलुकहरूको भ्रमण गरी अन्तर्राष्ट्रिय अनुभव समेत बटुल्नुभयो । उहाँले श्रीलंकामा बाल्नुभएको शिक्षाको दियोले नेपालमा आएर सन् १९५२ मा आनन्दकुटी विद्यापीठ स्थापना गरी दियोमा घ्यू थप्ने काम गर्नुभयो । त्यस्तै सन् १९८५ मा मैत्री शिशु विद्यालयको स्थापना गरी शिक्षा क्षेत्रमा अर्को ज्योति बाल्नुभयो । यसका साथै उहाँ वेला प्रि-स्कुलका संरक्षक तथा



Downloaded from http://dhamma.digital

आनन्दकुटी एसियन् कलेजका समेत संस्थापक सदस्य हुनुहुन्थ्यो। शैक्षिक क्षेत्रमा मात्र सीमित नरहेर उहाँले सामाजिक तथा धार्मिक क्षेत्रमा पनि उल्लेखनीय योगदान गर्नुभएको छ।

यसरी करिब ६० बर्षसम्म मुलुकको शैक्षिक विकासमा अनवरत योगदान पुऱ्याउनुहुने बहुआयामिक व्यक्तित्वका धनी स्व. न्हुच्छेबहादुर बज्राचार्यको मृत आत्माले चिर शान्ति पाओस्, मेरो यही कामना छ। साथै उहाँका अधुरा सपनाहरू साकार पार्ने शक्ति भावी पुस्तालाई प्राप्त हुने नै छ र ती सपनाहरू साकार पारिएको क्षण नै उहाँप्रतिको वास्तविक श्रद्धाञ्जलिको क्षण समेत हुनेछ।

(लेखक मैत्री स्कुलका माध्यमिक तहका शिक्षक हुनुहुन्छ।)

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital





# कान्छा बाको सम्झनामा

हिरारत्न बज्राचार्य
स्वयम्भू, किम्डोल

बि.सं. २००८ सालको श्रीपंचमीको केही दिन अगाडिको कुरा हो। म १० वर्षको थिएं र मेरो दाइ रत्नबहादुर बज्राचार्यको उमेर १५/१६ वर्षको थियो। श्रीपंचमीको दिन मेरी आमा, मेरा दाजु रत्नबहादुर र मेरी बहिनी संघमित्राको जन्मदिन त्यही दिन एकै दिनमा परेको थियो। भोलि २००८ सालको श्रीपंचमीको दिन मेरो काका न्हुच्छेबहादुरले मेरो बुबा कान्छाबुद्ध बज्राचार्यसंग आनन्दकुटी विहारमा गएर स्कुल स्थापना गर्ने बारे सरसल्लाह गरी आनन्दकुटी विहारमा जानु भयो। स्कुल स्थापना गर्नु अगाडि केही वर्ष पहिले मेरो दाजु रत्नबहादुर स्कुलमा पढ्दै हुनुहुन्थ्यो। त्यो बेलामा उनले स्कुल नगइकन टोलको यताउती छिमेकीको घरमा लुकी लुकी गुच्चा खेल्न जानुहुन्थ्यो। खेल्न गएको चालपाई जहां भेटियो त्यहांदेखि मेरो काका न्हुच्छेबहादुरले मेरो दाजुलाई कान समातेर घरमा ल्याई संजाय दिनु हुन्थ्यो। अनि उनलाई पढाइमा निगरानी राखी घरैमा पढाउंथे। बल्ल बल्ल २००८ सालको समयमा आफ्नो पढाइमा सुधारभयो र २००९ सालको S.L.C परीक्षामा पास पनि भयो। २००९ सालको S.L.C परीक्षामा उत्तीर्ण भएको खुसीयालीमा एउटा साइकल उपहार स्वरूप दिलाई दिनुभयो। २००८ सालको श्री पंचमीको दिन मेरो काका स्व. न्हुच्छेबहादुर बज्राचार्यले आनन्दकुटी विहारमा आई आफैले भगवान् बुद्धको मूर्ति अगाडि बसी एक स्कुलको स्थापना गर्नु भयो।

त्यो बेला त्यहां सानो एक झोपडी र एउटा बुद्धको मूर्ति थियो। जसको नाउं आनन्दकुटी विहार भन्ने कुटी थियो। त्यसबेला मेरो काका न्हुच्छेबहादुरको चिनेजानेका साथीहरूको छोराहरू ४ जना राखी स्कुल खडा गर्नुभयो। विद्यार्थीहरूलाई पढाउन बेन्च मेचहरू केही थिएन। रुखमुनि एउटा सुकुल ओछ्याएर पढाइन्थ्यो। त्यसताका भिक्षु अमृतानन्द महास्थवीर सिलोन (श्रीलंका) मा हुनुहुन्थ्यो। भिक्षु अमृतानन्दको



Downloaded from http://dhamma.digital

मौखिक आदेशानुसार मेरो काका न्हुच्छेबहादुरले आनन्दकुटीमा स्कुल स्थापना गरेको हुनाले त्यस स्कुलको नाउं आनन्दकुटी विद्यापीठ रहन गएको हो । त्यो बेला विद्यार्थीहरूसंग स्कुल फीस लिन्दैनथ्यो । खानलाई विद्यार्थीहरूको घरबाट खाद्यान्न र सुत्नको लागि डसना र सिरक ल्याउंथे । हुंदा हुंदा खाद्यान्नको भाउ बढ्दै गएपछि अलि अलि न्यून मात्रामा फीस स्वरूप शुल्क उठाउने गर्दथे । त्यसबेला आफू प्रधानाध्यापक हुनुहुन्थ्यो । सबै स्कुलको रेखदेख आफैले गर्नु पर्दथ्यो । त्यसबेला मैले पनि स्वयंमसेवकको रूपमा त्यस स्कुलका विद्यार्थीहरूलाई खाना तयार गर्नको लागि दाल, तरकारी किन्न जान्थे । अनि स्कुललाई सकेसम्म मेरो काकाले अह्राएको काममा सघाउंथे । पछि हुंदा हुंदा विद्यार्थीहरू बढ्दै गएपछि विहारमा ठाउं नपुग भएर आयो । विहारको अलिपर करिब ५।१० मिनेटको बाटो स्वयम्भूको पश्चिमपट्टि पछाडि ब्रम्ह शम्शेरले चलाई राखेको एउटा कुटीर उद्योग थियो । त्यो उद्योग चलाउन नसकेकोले त्यो जग्गा स्कुललाई चन्दा स्वरूप प्राप्त भयो । यो २०१० साल तिरको हो । त्यस बखत त्यस नयां ठाउंमा आनन्दकुटी स्कुल सरेको थियो । अमृतानन्द भन्तेले विदेशमा गई ठाउं ठाउंबाट स्कुललाई भनेर चन्दा मागेर ल्याउंथे । विश्वको विभिन्न ठाउं ठाउंबाट ठूल्ठूला गन्यमान्य व्यक्तिहरू मन्त्री राष्ट्रपतिहरूले स्कुललाई चन्दा दिएर जान्थे । चीनको भूतपूर्व प्रधानमन्त्री स्व. चाउएनलाईले स्कुलमा पाल्नु हुंदा चन्दा स्वरूप भा.रु. पांच लाख (५,००,०००।-) दिएर जानुभयो । त्यस्तै अन्य राष्ट्रहरूले स्कुललाई सहयोग स्वरूप विज्ञानको सरसामान उपलब्ध गराउनु भयो । त्यो बेलामा विज्ञानको कलेज खोल्नको निम्ति प्रशस्त सामग्री प्राप्त भइसकेकोले २०२२ सालमा एउटा कलेज पनि खडाभयो जसको नाम आनन्दकुटी साइन्स कलेज नामाकरण गरियो । आनन्दकुटी स्कुलमा प्रधानाध्यापकको रूपमा श्री निलवीर सिं कंसाकार प्रथम प्रधानाध्यापक हुन आउनु भयो । कालान्तरमा पछि अन्य व्यक्तिहरू प्रधानाध्यापक हुनुभयो । २०१६ सालमा श्री भुवनलाल प्रधानको प्रधानाध्यापकको कार्यकालमा उहाँलाई सरकारबाट मन्त्री बनाएपछि बाध्य भई स्कुल छोडेर जानुभयो ।

भुवनलाल प्रधानले स्कुल छोडेर जानु भएकोले मेरा दाजु रत्नबहादुर बज्राचार्यलाई स्कुलको प्रधानाध्यापक गराउनु भयो । बेला बेलामा मेरो काका न्हुच्छेबहादुर आफ्नै निजी काममा बराबर विदेशमा जानु हुन्थ्यो । उहाँले विश्वको



Downloaded from http://dhamma.digital



धेरै देशहरूमा भ्रमणमा जाने गरेको थियो । पछि उहाँले आनन्दकुटी स्कूलबाट स्वैच्छिक अवकाश लिई अर्को एउटा स्कुल स्थापना गर्नुभयो । जसको नाम मैत्री शिशु विद्यालय भनी स्कुल खडा गर्नुभयो । त्यस्मा आफै संस्थापक भई प्राथमिक स्कुल चलाउनु भयो । पछि उक्त स्कुलमा कक्षाहरू १० कक्षासम्म राखी माध्यमिक स्कुल गरी मैत्री शिशु विद्यालयबाट मैत्री स्कुल भनेर नाम राखियो ।

२०५८ सालको श्रीपंचमीको दिन स्कुल चलेको दिन ५० वर्षपूरा भएकोले त्यो सालमा मेरो दाजु रत्नबहादुरलाई स्कुलको स्वर्ण जयन्तिको अवसरमा ५० वर्षसम्म अविच्छिन्न शिक्षक पदमा रही काम गरे वापत श्री ५ महाराजधिराज ज्ञानेन्द्र सरकारको बाहुलीबाट एक स्वर्ण पदक प्रदान गरिवक्सियो । त्यही दिनमा उक्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरू मध्ये पनि २५ वर्ष सम्म काम गरी सकेकाहरूलाई पदक प्रदान गरिबक्सियो । त्यस्मा मलाई पनि अटुट रूपमा २०२०-९-१ देखि २०६०-४-११ सम्म ४० वर्ष काम गरेकाले श्री ५ ज्ञानेन्द्र सरकारले पदक प्रदान गरिवक्सियो । यो मेरो लागि गौरवको कुरा हो । स्कुलको स्वर्ण जयन्ति पश्चात पनि अगाडि मेरो काका न्हुच्छेबहादुर बज्राचार्य २०६२ साल सम्म स्कुलको संचालक समितिको अध्यक्ष हुनुहुन्थ्यो । पछि उहाँ बिरामी भएर २०६२ सालको कात्तिक ८ गते निधन हुनुभयो । उहाँले यस आनन्दकुटी विद्यापीठप्रति गरेको योगदान ठूलो छ । अन्तमा स्कुललाई ठूलो सम्झना गर्दै यो मेरो सम्झना भवतु सब्ब मंगल भन्दै भगवान् बुद्धसंग बिदा लिई यो सम्झना पत्र अर्पण गर्दछु ।

भवतु सब्ब मंगलम्

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर बज्राचार्य एक महान् कर्मयोगी

ज्ञानी के.सी.
डल्लु, छाउनी

स्व. न्हुच्छेबहादुर बज्राचार्य नेपालको महान् कर्मयोगी तथा संघर्षशील व्यक्तिहरू मध्ये एक हुनुहुन्थ्यो । उहाँले आफ्नो अमूल्य जीवनलाई समाजसेवा, विद्यालयहरूको स्थापना, आध्यात्मिक चिन्तन, मनन् तथा समस्त मानव कल्याणमा समर्पित गर्नु भएको थियो। आज भन्दा बीस वर्ष पहिले नै म उहाँको सम्पर्कमा रहँदा उहाँको उज्यालो व्यक्तित्वबाट प्रभावित भएको थिएँ । उहाँले त्यसबेला छाउनीमा आफ्नै फराकिलो घर जग्गामा संचालन गर्नु भएको ५ कक्षा सम्मको मैत्री शिशु विद्यालयमा मैले आफ्नो छोरा छोरीलाई भर्ना गरेर पाँच कक्षासम्म अध्ययन गराएको थिएँ। आज त्यही विद्यालय उहाँको परिश्रम र सक्रियतामा १० कक्षासम्म सफलताका साथ संचालन भइरहेको छ । जहाँ नेपाल अधिराज्यका विभिन्न जिल्लाका केटाकेटीहरू त्यहाँको स्वच्छ, शान्त अध्ययनशील, सहुलियत, सुविधायुक्त तथा अनुशासित वातावरणमा अध्ययन गर्छन् । उहाँको भद्र व्यवहार, मिलनसार तथा सहयोगी स्वभावबाट जो कोही पनि प्रभावित भएर उहाँलाई आदर गर्थे। उहाँ विभिन्न सामाजिक तथा बौद्धिक संघ संस्थासंग आवद्ध भएको नाताले उहाँले संसारको धेरै मूलुकको भ्रमण गर्नु भयो र त्यहाँको संघ संस्थाहरूबाट सम्मान पाउनु भयो। भगवान् गौतम बुद्धको जन्मस्थान नेपालबाट ती मुलुकहरूमा पुगेर बुद्ध धर्मको उज्यालो ज्योति छरेर नेपालको नाम राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो । मानिस जन्मिएपछि एक दिन मर्छ तर उसको कीर्ति नाम तथा सेवा कहिल्यै मर्दैन। न्हुच्छेबहादुरले आफ्नो नश्वर शरीरलाई त्यागेर जानु भयो तर उहाँको नाम अमर रहेको छ। म सँगको भेटमा उहाँले आफ्नो जिन्दगीलाई शिक्षाको प्रचार प्रसार तथा समाज सेवामा नै अर्पित गर्न पाउँदा गौरवान्वित भएको र अन्तिम बेलासम्म यसैमा लागी राख्ने भन्नु भएको कुरा मेरो सम्झनामा ताजै छ ।



Downloaded from http://dhamma.digital



उहाँले आनन्दकुटी विद्यापीठ जस्तो नेपालको एउटा प्रख्यात शिक्षण संस्था वि.सं. २००८ सालम स्थापना गरेर नेपालमा शिक्षाको ज्योति बाल्नु भएको थियो । उहाँले आफ्नो जीवनमा कहिल्यै विश्राम लिनु भएन । आफ्नो लामो जीवन यात्रामा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामूहिक स्वार्थतर्फ उन्मूख भएर उहाँ लोक कल्याणमा लाग्नु भयो । त्यसैले उहाँको व्यक्तित्वबाट देश विदेशका नेता, सन्त, महात्मा, शिक्षाविद्, साहित्यकार, समाजसेवी तथा ठूलो ओहदाका व्यक्तिहरू प्रभावित भएर उहाँ प्रशंसनीय हुनु भएको थियो । उहाँका विद्यार्थीहरू देश विदेशमा लब्धप्रतिष्ठ क्षेत्रमा कार्यरत छन् तथा नाम कमाएका छन् ।

उहाँको कीर्तिलाई अमर बनाई राख्न उहाँको नाममा एउटा मुठी स्थापना गरी त्यसबाट गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने तथा अरू शैक्षिक सामाजिक कार्यक्रम संचालन गरेमा नै उहाँप्रतिको हाम्रो श्रद्धा, सम्मान तथा श्रद्धान्जली सार्थक हुनेछ भन्ने लाग्छ ।

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital



# न्हुच्छे सरको सम्झनामा दुई शब्द

ऋषिराम पौडेल
आनन्दकुटी विद्यापीठ

"बधाई छ । ऋषिराम सर तपाईंलाई ! आनन्दकुटी जस्तो हरेक दृष्टिले स्वच्छ, पवित्र विद्यालयमा तपाईं आइपुग्नुभएको छ । राम्रोसंग आफ्नो कार्य गर्नुहोला ।"

-२०३७ वैशाख २ गते

"धन्यवाद ऋषिराम सर तपाईंले निकै राम्रोसंग आफ्नो कर्तब्य निर्वाह गरिरहनु भएको छ । रत्नबहादुरलाई साह्रै प्रभाव पार्नुभएको रहेछ, उनी खुसी छन् ।"

२०३७ फागुन ५ गते

"ल पौडेलजी विद्यालयले अपेक्षा गरे अनुरूपको शिक्षक तपाईंलाई भेटेको छ; विद्यार्थीहरू पनि सन्तुष्ट छन् र उनीहरूको रेखदेखमा हामी तपाईंलाई जिम्मा दिंदै छौं, तपाईंलाई कुनै समस्या छ भने भन्नुहोस् है ।"

२०४० साल

हिजो अस्ति जस्तो लाग्छ श्री न्हुच्छेबहादुरज्यूले मसंग अनौपचारिक रूपमा गर्नुभएका कुराहरू मोटामोटी, आफ्नो डायरी पल्टाएर ससर्ती हेर्दा प्राय: भेट भए पिच्छे उहाँका अरूलाई प्रशंसा गर्ने बानीको सकारात्मक सोच ममा परेको मैले पाएको हुँ । हुन त प्राधानाध्यापक रत्नबहादुर बज्राचार्यसंगको मेरो दैनिक सहकार्यको तुलनामा न्हुच्छेसरसंग कम भेटघाट भएतापनि छिट्टै अरूलाई प्रभाव पार्न सक्ने वाक् चातुर्यले गर्दा अझैं पनि कता कता न्हुच्छेबहादुर सर त्यतै स्वयम्भु वरिपरि भेटिनुहुन्छ कि र के छ ऋषिजी स्कुलको हालखबर भनेर सोध्नुहुन्छ कि भने झैं लाग्छ तर यो मेरो भ्रम हो । यस धर्तीमा जन्मिएपछि कोही पनि अमर हुन सक्तैन मृत्यु शाश्वत छ । कसैको आयु लामो होला त कसैको छोटो । जन्मिएका सबैले जीवनलाई सार्थक पार्ने काम गर्न सक्तैनन् जसले जीवनलाई बुझेको छ उसले आफ्नो जीवनमा



Downloaded from http://dhamma.digital



संघर्ष गरेर पनि भौतिक शरीरलाई अमर पार्न त सक्तैन नै तर आत्मालाई अमर नामलाई अमर कीर्तिलाई अमर र देशलाई अमर बनाएर विश्वमा नै ऊ अमर बन्नसक्छ । यसरी कुनै व्यक्ति जीवनको महत्त्वलाई बुझ्नै नपाई, जीवनको जिम्मेवारीसम्म वहन नगरी मृत्युलाई वरण गर्न पुगेका हुन्छन् भने बुद्धिमानीहरू, विवेकीहरू जीवनलाई सफल बनाउने लगाम आफ्नै हातमा हुन्छ भन्दै अगाडि बढ्छन् र कहिल्यै पनि हरेश नखाई निरर्थक होइन सार्थक जीवन बाँचेर अमर भइरहेका हुन्छन् । यस्ता महान् आत्माहरू मध्ये मैले आफ्नो जीवनलाई सार्थक र सफल जीवन बनाउनेहरूमा स्व. श्री न्हुच्छेबहादुर सरलाई अग्रपंक्तिमा राखेको छु ।

न्हुच्छेबहादुर सरसंग मेरो प्रथम भेटघाट २०३७ साल वैशाख २ गते भएको हो । म २०३१ सालमा शिक्षण पेशामा लागेको हुँ । २०२८ सालको नयाँ शिक्षा नियम अनुसार सबै निजी वा सार्वजनिक विद्यालयहरूलाई पनि सरकारी (अनुदान पाउने) भए । सोही समयमा म एक सरकारी स्कुलको शिक्षक पदबाट सरुवा भई अर्को सरकारी (पहिले प्राइभेट) स्कुल पुगें । त्यो स्कुल थियो आनन्दकुटी विद्यापीठ आवासीय मा.वि., स्वयम्भू । यो एक बौद्ध समुदायद्वारा स्थापित पुरानो विद्यालय हो, जसका संस्थापक भिक्षु अमृतानन्द महास्थवीर र सहसंस्थापक श्री न्हुच्छेबहादुर बज्राचार्य हुनुहुन्थ्यो । स्थापनाकालदेखि नै सहसंस्थापकको अतिरिक्त प्रधानाध्यापक पनि उहाँ नै हुनुहुन्थ्यो भने अर्कोतिर बौद्ध धर्मका श्रीवृद्धिको लागि पनि उहाँ समर्पित नै हुनुहुन्थ्यो ।

नयाँ शिक्षा प्रणालीको प्रावधान अनुसार, म चामुण्डा मा.वि.बाट सरुवा भएर जिल्ला शिक्षा कार्यालय काठमाडौं मार्फत २०३७ साल वैशाखको सुरुदेखि आनन्दकुटी मा.वि.मा स्थायी मा.वि. शिक्षकको रूपमा लेखा तथा कार्यालय सञ्चालन विषय पढाउन थाले । डायरीका पानाबाट टिपेका माथिको भनाइहरूले पनि अलि अलि पुष्ट्याई त भइसक्यो तैपनि २०३७ साल कै फागुन महिनाबाट मलाई आवासीय शिक्षकको रूपमा बसेर काम गर्न विद्यालय प्रशासनले प्रस्ताव गर्‍यो । आफ्नो मनमा खेलेको कुरा झट्ट अरूलाई भनिहाल्ने बानी मेरो छैन, त्यसैले विद्यालयको प्रस्तावको बारे बहुत सोचें अनि आफूभन्दा ठूलाहरूसंग र स्वयम् न्हुच्छे सरसंग पनि सोधें, सल्लाह गरे र एउटा नाम चलेको विद्यालयमा आवासीय भएर



Downloaded from http://dhamma.digital

बस्दा आर्थिक रूपले पनि त फाइदै होला, राम्रो काम गरेर देखाउन सके आफ्नो चिनारी नै बन्ला भन्ने सोचेर एकदिन साँझ टेकु घरबाट गुण्टा बोकेर श्रीमती र एकवर्षको रहरलाग्दो छोरालाई बाई बाई गर्दै सेतो भक्स वेगनमा चढेर विद्यालय स्वयम्भू आई महेन्द्र भवनमा बस्न थालें । आफूले गर्नुपर्ने कामहरू र लिनुपर्ने जिम्मेवारीप्रति नजिकिंदै म प्रधानाध्यापक श्री रत्नबहादुर बज्राचार्य तथा सुपरिवेक्षक श्री न्हुच्छेबहादुर बज्राचार्यको व्यवस्थापकत्वमा काम गर्न थालें ।

मेरा जिम्मेवारी प्रत्यक्षरूपमा न्हुच्छेसरप्रति बढी थियो । बिहान ६:०० बजेदेखि बेलुकी साँझसम्म संगसंगै व्यस्त हुन्थ्यौं । अरू सहकर्मी मित्रहरू पनि उत्तिकै खटिनु हुन्थ्यो तर उहाँहरूलाई मैले के प्रभाव पारें त्यो मेरै ब्रह्मले जान्ला वा उहाँहरूको आत्माले भन्ला त्यसैले उहाँहरूप्रति मैले कृतज्ञता व्यक्त गर्नैपर्छ । उहाँहरू विश्वास गरेर एकातिर आवासीय शिक्षकमा बोलाउनु भयो भनें अर्कोतिर पुन: सहायक सुपरिवेक्षकमा नियुक्ति पत्र मैले पाएँ । सायद एउटा नि:स्वार्थी र कर्मनिष्ठ आवासमा बस्न रुचाउने शिक्षकको खोजीमा उहाँ हुनुहुँदोरहेछ क्यारे त्यस्तो पात्र त्यतिखेर म नै भएछु क्यारे, मेरा दैनिकीहरू, आचरण प्रवृत्ति सबै अध्ययन पश्चात २०४० सालमा जब न्हुच्छे सरको जापान भ्रमण (निजी) जाने तय भएछ तब मलाई का.मु.सुपरिवेक्षकको पत्र समेत दिइयो । मैले पनि शिक्षा क्षेत्रमा लागिसकेपछि सबै अनुभव लिनुपर्छ भन्ने ठानेर जे गर्छ ईश्वरले राम्रै गर्छ भन्ने सकारात्मक सोच राख्दै आफ्नो बुद्धि, बल र विवेकले भ्याएसम्म उहाँ नआउञ्जेल भनेर उहाँकै उत्तराधिकारी बनेर उहाँको कार्यभार सम्हाल्न थालें ।

अब मेरो अन्तर्आत्माले सोचेको भनौं वा मेरो कमजोर मनस्थितिको उपज भनौं न्हुच्छेबहादुरसर जापानको निजी भ्रमण सकेर पनि विद्यालयमा आउनुभएन; अरू प्रसङ्ग मैले कोट्याउनु आवश्यक छैन; जे होस् २०४०-२०४५ सम्मको समय आनन्दकुटी विद्यापीठको विकास चरम विन्दुमा पुगिसकेको थियो सबैले त्यही अनुसार हातेमालो गर्दै जानसकेको भए आनन्दकुटी विश्वविद्यालयसम्म खोल्न सकिन्थ्यो जस्तो लाग्छ । तर पनि केही छैन कुनै एक क्षेत्रमा बलेको ज्योतिले सबै क्षेत्रलाई उज्यालो दिन सक्तैन त्यसैले शिक्षाप्रेमी न्हुच्छे सरले डाँडामा रहेको आनन्दकुटी विद्यापीठलाई अझ झलमल्ल पार्न घ्यू तेल थपे झैं फेदीमा अथवा आफ्नै



Downloaded from http://dhamma.digital



आवास क्षेत्रमा अर्को ज्योति (निजी विद्यालय) "मैत्री शिशु विद्यालय" खोल्नु भई त्यसको संस्थापक आफैं बन्नुभयो । समाजसेवी शिक्षानुरागी न्हुच्छे सरले आफूमात्र होइन आफ्ना परिवारलाई पनि सदैव यस्तै क्षेत्रमा लाग्ने सद्प्रेरणा दिनुभयो । देश विदेश लगभग विश्व भ्रमण गरेर थुप्रै अनुभव बटुल्नुभएका बहुआयामिक व्यक्तित्वका धनी नेपाल आमाका सपूत यस स्मारिकाका केन्द्र विन्दु स्व. न्हुच्छेबहादुर आज हाम्रो सामु हुनुहुन्न । हामी धेरै दुःखी छौं प्रतिभाका यस्ता मूर्तिलाई विधिले पनि विवेक नपुऱ्याएको भन्ने लाग्दोरहेछ । त्यसैले पो कवि शिरोमणिले लेखेका छन् ।

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो"*

हो हाम्रा आदरणीय न्हुच्छे सरलाई पनि दैवेले लग्यो । उहाँको भौतिक रूप हाम्रो सामु छैन । कोमलता, सरलता, शिष्टता, मृदुभाषी, सहृदयी जस्ता गुणहरूले सम्पन्न सृजनशीलताका धनी बहु भाषाका धनी, अंग्रेजी भाषाका विशेषज्ञलाई अन्तिम अवस्थामा भेट्न सकिन, यसमा म दुःखी छुँ तापनि आत्मारुपी सिंहासनमा अनि अविष्मरणीय स्मृतिका पानाहरूमा उहाँ सदा सर्वदा विराजमान हुनुहुने छ भन्ने कुरामा भने म विश्वस्त छुँ । अन्त्यमा यो स्मारिकामा उहाँप्रति मेरो भावना लेखेर व्यक्त गर्ने अवसर दिनुभएकोमा आनन्दकुटी विहार गुठीलाई धेरै धेरै धन्यवाद दिंदै श्री न्हुच्छेबहादुर बज्राचार्यप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँको दिवंगत आत्माले चिर शान्ति पाओस् । उहाँको परिवारमा धैर्य र साहस बढोस् ।

*अन्त्यमा सम्झनाका दुईशब्द यहीं टुङ्ग्याउँछु अस्तु ।*

■



Downloaded from http://dhamma.digital

# न्हुच्छेबहादुरको सम्झनामा

**कन्हैया राजभण्डारी**
त्रिपुरेश्वर, काठमाडौं ।

न्हुच्छेबहादुर बज्राचार्य मेरो बाल्यकालदेखिका साथी थिए । न्हुच्छेबहादुर संगसंगै खेली हुर्की विभिन्न अवस्था पार गरिसक्यौं । तर उनीसंगको मित्रता आठदशक पार गरिसक्दासम्म पनि हाम्रो सम्बन्धमा कुनै आँच नआई अटुट भइरह्यो । आज उनले छोडेर गए पनि जन्मेपछि एकचोटी सबैले छोडेर जानुपर्ने प्राकृतिक नियम हो । उ नभए पनि उनीसंग बिताएका बाल्यकालदेखिको सम्झना भने चलचित्र झैं झलझलै सम्झिरहन्छु ।

न्हुच्छेबहादुरको साथै अरू मित्रहरू चैनबहादुर राजभण्डारी, कृष्णप्रसाद मानन्धर, गोविन्दबहादुर गुरूङ्ग (संगीतज्ञ), नेपालमान, श्रीधर शर्मा, रत्नमान श्रेष्ठ र म कन्हैया राजभण्डारी समेत आठ जना ग्रुपको मित्र मण्डली नै थियौं । हामी आठजनाको मित्र मण्डली विभिन्न पेशामा लागे पनि हामी जहाँ जानु परे पनि फुर्सद निकाली संगसंगै नै जाने गर्थ्यौं । त्यो बेला हामीले बरोबर वनभोजको आयोजना गर्थ्यौं । विभिन्न देवीदेवता स्थान यताउति घुम्ने रमणीय स्थानमा हामी नपुगेको विरलै होला । त्यो बेला हामी यति सुखी र मनमौजी थियौं सम्झना अझसम्म पनि आनन्द चाखिरहेछु । तर हामीले जति मोजमज्जाले यताउति घुमेर आनन्दले जीवन बिताए पनि नचाहिने, नराम्रो र अरूलाई मर्का पर्ने काममा कहिल्यै लागेनौं ।

अलि वयष्क भएपछि हामीलाई यताउति डुल्ने रहर पुगेर होला हामीले घर घर मै जमघट हुने गर्न थाल्यौं । अनि हामी आठजना मित्र मण्डलीको गुठी नै बनाएर पालो पालो गरी घरमा नै जम्मा भई जाफत गर्ने गर्न थाल्यौं । तर हामीले घरघरमा जाफत मनाउने गुठीलाई निरन्तरता दिन सकेनौं । हामीले गुठी पालो पालो गरी संचालन गरे पनि धेरै जसो जमघट गर्ने थलो त न्हुच्छेबहादुरको घरमा नै



Downloaded from http://dhamma.digital





गर्थ्यौं । पछि हामी परिवारले घेर्दै ल्याएपछि हाम्रो भेटघाट गर्ने क्रम पनि विस्तारै सेलाउँदै गए । पछि त प्राय: सून्य नै भएर गयो । तर हाम्रो मित्रतामा भने कुनै आँच आएन सदा सर्वदा अटल नै भइरहे । अब त मित्र मण्डलीका सदस्यहरू पनि विस्तारै घट्दै जान थाले ।

आज न्हुच्छेबहादुरले छोडेर गएपछि उसकी अर्धाङ्गिनी श्रीमती केशरी बज्राचार्यले दिवंगत पतिको आत्माको चिर शान्तिको लागि संस्मरण निकाली शब्दरुपी अक्षरले श्रद्धाञ्जली चढाएर न्हुच्छेबहादुरलाई अमरत्व प्रदान गर्न लागेको देखेर मलाई ज्यादै खुसी लाग्यो । बालसखाको नाताले मलाई पनि साथीसंग बिताएका केही सम्झना लेखिदिन अनुरोध गर्नुभयो । हाम्रो आठदशक लामो मित्रताको यात्रा वर्णन जति लेखे पनि सकिदैन । खालि उहाँको अनुरोधलाई सन्मान गरी केही शब्द लेखिदिए ।

श्रीमती केशरी बज्राचार्यले गर्दा मैले साथीको लागि अरू केही गर्न नसके पनि सम्झनाका दुईचार शब्द लेखिदिन पाएकोमा आफूलाई धन्य सम्झे साथै श्रीमती केशरी बज्राचार्यलाई उहाँले गर्नुभएको कार्यमा सफलताको कामना गर्दै धन्यवाद दिन चाहन्छु ।

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेसर एक संस्मरण

श्रीमती नीरा शर्मा
आनन्दकुटी विद्यापीठ
स्वयम्भू, काठमाडौं ।

न्हुच्छेबहादुरसरसँग २०३३ सालदेखि मेरो चिनजान भएको थियो । म आनन्दकुटी विद्यापीठमा एउटी शिक्षिकाको रूपमा पुगेकी थिएँ । उहाँको व्यक्तित्व बडो गजबको थियो । उहाँ सधैं एकदम फूर्तिलो देखिनुहुन्थ्यो उमेरको हिसाबले । आनन्दकुटी विद्यापीठमा धेरै भऱ्याङहरू चढ्नुपर्छ दिनको कयौं पटक तर पनि कहिले मैले उहाँलाई गाह्रो मानेको देखिन् । सधैं फुर्तिलो उस्तै Fresh र तगडा देखिनु हुन्थ्यो । उहाँको बोलीवचन पनि नरम थियो तर एक दुई पल्ट भने मैले खैं के कुरामा हो कुरा नेवारी मै भएकोले गर्दा मैले राम्ररी बुझ्न सकिन्, किनभने त्यतिखेर म भर्खर भर्खर मात्र विद्यालयमा गएकी थिएँ, भयङ्कर झगडा (मुखामुख) पनि भएको देखेकी थिएँ । यस्तो कहिल्यै नदेखिएकीले त्यसबखत मलाई ज्यादै डर पनि लागेको थियो । आफूलाई चित्त नबुझेको कुरा सायद उहाँले प्रतिकार गर्नुभएको थियो । यो पनि उहाँको व्यक्तित्वको अर्को पक्ष थियो ।

त्यतिखेर विद्यालयमा शनिबारको Duty गर्नुपर्थ्यो । आवत्जावत्को व्यवस्था केही थिएन । एक्लै Taxi चढ्ने पनि इजाजत थिएन । आवत्जावत्को अहिलेको जस्तो सुविधा थिएन । विद्यालयमा Duty को दिनमा हिंडेर आउनु पऱ्र्यो । म पनि Saturday को Duty गर्न विद्यालय हिंडेरै आएँ हिंडेरै गएँ । स्वयम्भूसम्म हिंडेर आउनु र फर्किनु चानचुने कुरा थिएन हामी जस्ताको लागि । त्यहीमाथि पनि काठमाडौंमा यताउति गर्दा त सकेसम्म, पाएसम्म भेटेसम्म केही चढ्ने साधन कै प्रयोग गर्न मन लाग्थ्यो, गरिन्थ्यो पनि । यो त मेरो लागि ज्यादै गाह्रो काम भयो । म भोलिपल्ट आइतबार ज्वरो आएर विद्यालय आउनै सकिन । पर्सिपल्ट सोमबार विद्यालय आएपछि उहाँले "हिजो किन विद्यालय नआएको के भयो ?" भनेर सोध्नुभयो, अनि मैले "सर अस्ति Duty को दिन हिंडेर आवत्जावत् गरेकोले ज्वरो



Downloaded from http://dhamma.digital



आयो, यसरी कहिले हिंडेकी थिइनँ, त्यसैले आउनै सकिनँ" भनें । "ओहो कस्तो कमजोर त्यति पनि हिंड्न नसक्ने, बानी गर्नुपर्छ बानी, शरीरलाई जस्तो बनायो त्यस्तै बन्छ" भन्नुभएको थियो ।

हुन पनि हो शरीरलाई जस्तो बनायो त्यस्तै बन्छ । यो हामीमा भरपर्ने कुरा हो । तर सबै कुरा समय, परिस्थिति, र अवस्थामा पनि त भर पर्छ नि ।

उहाँले लेख्नुभएको "मेरो कथाका पन्नाहरू" भन्ने पुस्तक मलाई पनि दिनुभएको थियो । खूब हेर्ने (पढ्ने) इच्छा थियो मलाई, पढ्न पाएँ । साँच्चै त्यो पुस्तक पढेपछि बूढापाकाले भने भैं उहाँ त मलाई एउटा अनुभवको ठेली नै लागेको थियो । त्यो पुस्तक पढेपछि मलाई जीवन त एक संघर्ष रहेछ । जसले यसलाई Challenge को रूपमा लिन सक्छ त्यस्को जीवन सार्थक हुने रहेछ । जीवन त फूलै फुलको विच्छौना नभएर यो त घोच्ने काँडा पो रहेछ । हरेक पल काडाँ देखि बचेर हिंड्नु पर्ने रहेछ । जीवन एउटा खेल रहेछ यसलाई खेल्न सक्नुपर्ने रहेछ । सफलता भन्ने कुरा त्यत्ति कै हात पर्ने वस्तु रहेनछ । प्रयास मेहनत र संघर्ष ठूलो कुरा रहेछ । जस्ले जीवनको आरोह र अवरोहमा सुर मिलाउन सक्यो त्यो नै उस्ताद हुदोंरहेछ भन्ने ज्ञान पाए ।

आफ्नो सम्पूर्ण जीवन देशका बालबालिकाको उज्ज्वल भविष्यका लागि उहाँले समर्पण गर्नुभयो । शिक्षा क्षेत्रमा यो उहाँको ठूलो योगदान हो । जसरी एउटा बलेको दियोले हजारौं अरू दियोहरूलाई बाल्न सक्छ त्यसैगरी उहाँले पनि आफूले आर्जन गरेका ज्ञानको दियोले थुप्रै बालबालिकाको भविष्य उज्यालो पार्नुभयो, यो कुरा हामी कहिल्यै पनि विर्सन सक्तैनौं । "Behind every Successful man there is a woman" भने भैं न्हुच्छे सरको सफलतामा अर्थात् एउटा विद्यालयबाट अवकाश लिइसकेपछि फेरि अर्को आधुनिक सुविधा युक्त, र सम्पन्न विद्यालय खोलेर निरन्तर बाल बालिकाहरूको उज्ज्वल भविष्यका लागि अनवरत रूपमा सेवामा लागिरहनुमा केशरी म्याडमको ठूलो भूमिका रहेको देखिन्छ । उहाँले यदि कति यो काममा लाग्ने अब त उमेर पनि भै सक्यो अब त आराम गरेर बस्नु पर्छ । हामीले धेरै दुःख गरिसक्यौ अब हाम्रा छोरा छोरीको पालो भनेर भन्नु भएको भए सायद मैत्री



Downloaded from http://dhamma.digital

शिशु विद्यालयको जन्म हुने थिएन होला । यो विद्यालय खोलिनु र अहिलेको यस अवस्थामा पुग्नुमा विशेषगरी केशरी म्याडम तथा उहाँको परिवारको ठूलो हात रहेको छ । उहाँ स्वयं पहिले आनन्दकुटी विद्यापीठमा शिक्षिकाको रूपमा लामो समयसम्म कार्यरत हुनुहुन्थ्यो भन्ने कुरा त सबैलाई थाहा भएकै कुरा हो। धेरै वर्षको आफ्नो अनुभव मेहनत, लगन र पारिवारिक आपसी सहयोग कै कारण मैत्री शिशु आजको अवस्थामा पुग्न सकेको हो। अतः न्हुच्छेसरको प्रत्येक सफलतामा केशरी म्याडमको धैर्य, सहयोग र आपसीसमझदारीको सराहना नगरी रहन सकिदैन ।

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital



# सबैका गुरु न्हुच्छेसर

मुकुन्दबहादुर श्रेष्ठ

नयाँ घर बनाएको सालमा जन्मनु भएकाले न्हुच्छे सरलाई सबैले न्हुच्छे भनेको रहेछ । पछि त्यही नाम नेपालको शिक्षा विकासमा अविष्मरणीय बन्न गयो । उहाँ सधैं अरूका लागि प्रेरणा हुने काम गर्नु हुन्थ्यो । उहाँले देश बिदेश घुमेर हासिल गर्नु भएको अनुभवले हामीजस्ता उहाँका विद्यार्थीहरूलाई ठूलो प्रेरणाको काम गऱ्यो । उहाँले बुद्धधर्मको राम्रो अध्ययन गर्नु भएको थियो । त्यसलाई ब्यवहारमा परिणत गर्ने प्रयास गर्नुहुन्थ्यो । विद्यालयमा पञ्चशील लिन लगाउनु हुन्थ्यो ।

नेपालमा शिक्षाको राम्रो विकास भएको थिएन । थुप्रै अन्धविश्वासहरू समाजमा फैलिरहेको थियो । शिक्षाको ज्योति फैलाएर त्यसलाई हटाउन सकिन्छ भन्ने उहाँको दृढ विश्वास थियो । उहाँले प्रजातन्त्र आएपछि आनन्दकुटी विहारमा केही सहकर्मीहरूसंग मिलेर विद्यालय स्थापना गर्नुभयो । त्यसैको विकास र बिस्तार गर्दागर्दै उहाँले जीवन बिताउनु भयो । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिकाले बञ्चित हुनु नपरोस भन्ने उहाँको इच्छा थियो । त्यसै आधारमा उहाँले आफ्नो जीवनभर शिक्षा सेवामा नै बिताउनु भयो ।

उहाँ शिक्षा लगायत सामाजिक र धार्मिक क्षेत्रमा पनि उत्तिकै सक्रिय हुनुहुन्थ्यो । उहाँलाई चिवरबिनाको भन्ते भन्दा पनि कुनै फरक पर्दैनथ्यो । आपसमा मैत्री फैलाउने कार्यमा उहाँ सधैं सक्रिय हुनुहुन्थ्यो । उहाँका थुप्रै विदेशी मित्रहरू पनि थिए । सबैसित उहाँको राम्रो सम्बन्ध कायम थियो । उहाँ आजीवन शिक्षा सेवामा अथक रूपमा लागि रहनुभयो । ८६ बर्षको उमेरसम्म पनि उहाँ शिक्षा सेवामा सक्रिय हुनुभयो । सायद यति लामो उमेरसम्म धेरै कम मानिस मात्र यसरी सक्रिय हुन सक्छन् । आफ्नो शिक्षा विकासप्रतिको आस्था, विश्वास र लगनशीलताकै कारण उहाँ जीवनको अन्तिम कालसम्म सकृय रहनु भयो । यो उहाँको ठूलो इच्छा शक्ति नै थियो । *उहाँप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्ति गर्दछु ।*



Downloaded from http://dhamma.digital



## न्हुच्छेबहादुर : शिक्षा जगतका अथक योद्धा

रमेश धर्ती
(पूर्व विद्यार्थी, आनन्दकुटी)

कान्तिपुरका पानाहरू पल्टाउँदै थिएँ, न्हुच्छेबहादुर 'सर' को फोटो देखें। ४५ दिनको पुण्य तिथिको फोटो रहेछ। स्वर्गीय सरलाई सम्झेर स्तब्ध भएँ। आदरणीय केशरी म्याडमलाई सम्झें। गत साल शिवपुरीमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा शिवपुरी साहित्यिक पत्रिकाले आफ्नो रजतजयन्तीको आयोजना गरेको थियो। केशरी म्याडमले पनि कविता वाचन गर्नुभयो। राष्ट्रकविले स्नेहको साथ उहाँसँग हात मिलाएको देखर मलाई रमाइलो मात्र हैन गर्व पनि लागेको थियो। केशरी म्याडमलाई केही वर्ष अगाडि उहाँको कृति "मरुभूमिको काँडा" नामक कविता संग्रहबाट एउटा स्थापित कवियत्रीको रूपमा चिन्ने अवसर पाएको थिएँ। यस कविता संग्रहमा राष्ट्रकविको सशक्त भूमिकाबाट म्याडमको प्रतिभाको प्रशंसा गरिएको छ। आनन्दकुटीमा उहाँले हामीहरूलाई सानो कक्षामा नेपाली पढाउनु हुन्थ्यो। त्यतिबेला पनि उहाँले हामीहरूलाई कविता वाचन गरेर सुनाएको सम्झना छ। आज कवियत्री म्याडमको जीवन साथी आदरणीय न्हुच्छेबहादुरसरको स्वर्गारोहणको खबरले आनन्दकुटीका हामी पूर्व शिष्यहरू शोकाकुल भएका छौं।

४४ वर्ष अगाडि मेरा २ दाजुहरू पढ्दै गरेको स्वयम्भुस्थित आनन्दकुटी विद्यापीठ, बौद्ध आवासीय स्कुलमा मेरो बुबाले दाइहरूको साथ अध्ययनार्थ पठाउनु भएको थियो। वि.सं. २०१८ साल फागुन महिनादेखि वि.सं. २०२७ सालसम्म सुरुको कक्षा ३ देखि कक्षा १० सम्म यस स्कुलमा मैले आफ्नो अमूल्य बाल्यकाल बिताउछु। २०२६ सालको एस.एल.सी. वोर्ड परीक्षामा अनुत्तीर्ण भएको हुँदा थप एक वर्ष गरी जम्मा ९ वर्ष यस स्कुलमा मेरो जीवन बितेको छ।

न्हुच्छेबहादुरसर यसै स्कुलका अंग्रेजीको शिक्षक हुनुहुन्थ्यो। ४ कक्षादेखि कक्षा ८ सम्म उहाँले हामीहरूलाई अंग्रेजी पढाउनु भयो। त्यस बखत स्कुलको



Downloaded from http://dhamma.digital



हेडमास्टर स्वर्गीय रत्नबहादुरसर हुनुहुन्थ्यो। न्हुच्छेबहादुरसरमा आफ्नै मौलिक पन थियो। विद्यार्थीहरूमा उहाँ कडा अनुशासन, लगनसिलता चाहनुहुन्थ्यो। त्यो भन्दा महत्त्वपूर्ण कुरा विद्यार्थीहरू सृजनशील भएको देख्दा रमाउनु हुन्थ्यो। त्यति बेला Orient Lonogsman पब्लिकेसनको New Method Reader, सिरीजको अंग्रेजी किताब हामीहरूलाई पढाइन्थ्यो। यी पुस्तकहरूमा रोचक कथाहरू थिए। सरले अत्यन्त रोचक पूर्वक पढाउनु हुन्थ्यो। हरेक दिन गृहकार्य गर्नु पर्दथ्यो। म कक्षा ३ देखी ५ कक्षासम्म पढ्नमा धेरै राम्रो विद्यार्थी थिएँ। मेरो प्रतिस्पर्धा गोपालजङ्गसँग हुने गर्थ्यो। हाल उनी स्टाफ कलेजका कार्यकारिणी निर्देशक पदमा कार्यरत छन्। गृहकार्य गरेवापत प्राय सरबाट Excellent पाउने गर्दथैं। एक दिन कक्षा ४ हो की कक्षा ५ मा राक्षेस Kormorang को कथा पढाउँदै हुनुहुन्थ्यो। रिडिङ गर्न भन्नुभयो। रिडिङ गर्ने पालो लाक्पा शेर्पाको आयो, उनले Kormorang लाई प्दम नारायण भनेर उच्चारण गर्दा हामी कक्षाका सम्पूर्ण साथीहरू मात्र हाँसेनौं सर पनि हाँस्न लाग्नु भयो। त्यतिबेला पद्मनारायण दाइ ठूलो कक्षामा पढ्नु हुन्थ्यो। उहाँको पहिचान बडिवि ल्डरको रूपमा बनिसकेको थियो। एक दिन रिडिङकै क्रममा School शब्दको उच्चारण गर्न लगाउनु भयो। म लगायत केही साथीहरूले उहाँले चाहेको जस्तो गरेर उच्चारण गर्न सकेनौं। सरले उच्चारण गर्न नसक्ने हामीहरूको अनुहारमा मसिले जुँघा बनाइदिनुभयो। विद्यार्थीहरूले राम्रोसँग, शुद्धसँग, भित्रैबाट बुझ्न, सिक्न पर्छ भन्ने उहाँको चिन्ता हुन्थ्यो। अतः मेहनतका साथ पढाउनु हुन्थ्यो। पाठ्यक्रम बाहेक बाहिरी जगत्का रोचक, ज्ञानवर्द्धक कुराहरूको जानकारी उहाँबाट हामीहरूले पाउने गर्दथ्यौं। धेरै देशहरूको उहाँले भ्रमण गर्नु भएको कुरा सुन्दथ्यौं। कहिले काहीं आफ्ना विदेशी मित्रहरूलाई स्कुलमा लिएर आउनु हुन्थ्यो।

स्कुलबाट आनन्दकुटी विहार जाँदा वनको बाटो भएर जानु पर्दछ। त्यसै वनको वृक्षहरूको छहारीमा राखेर धेरैपटक हामीहरूलाई पढाउनु भएको थियो। आज ती अतीत क्षणलाई सम्झिँदा हृदय रोमाञ्चित हुन्छ। गुरु रविन्द्रनाथ टैंगोर झैं उहाँ प्रकृतिको अत्यन्त प्रेमी भएको कुरा आज महसुस गरेको छु। सरलाई हामीहरू जति आदर गर्दथ्यौं, सरसँग त्यत्तीकै डराउने पनि गर्दथ्यौं। एउटा मुख्य कारण थियो, अनुशासनको दायरा नाघ्ने, पठनपाठनमा लापरवाही गर्ने विद्यार्थीहरूले उहाँबाट



Downloaded from http://dhamma.digital

कठोर सजाय पनि पाउँदथे । मैले उहाँबाट कहिले पनि पिटाई र तीतो शब्द सुन्ने अवसर पाइन । यसो त हामीहरू मात्र हैन ठुलो कक्षाका दाइहरू पनि अन्य सरहरू L.R. Sir, Y.B. Sir बाट थर्कमान हुने गर्दथे । उहाँहरूबाट पनि कहिल्यै पिटाई खान र तीतो बोली सुन्न परेन । दशैंमा १५ दिनको लामो बिदा हुने गर्दथ्यो उपत्यका बाहिरका विद्यार्थीहरू प्रायः दशैं बिदामा घर जाँदैन्थे । हाम्रो पनि पाल्पा घर भएको हुँदा दशैं बिदामा घर जाने कुरो थिएन । एकपटक दशैंको बिदामा सरले मलाई र अन्य एकजना साथीलाई रञ्जना सिनेमा हलमा सिनेमा देखाउन लग्नुभएको मेरो मानस पटलमा ताजै छ । तर सिनेमाको नाम भने मैले भुलें ।

सरले विद्यार्थीहरूको बहुआयामिक विकासमा जोड दिनु हुन्थ्यो । स्कुलमा व्यवसायिक शिक्षाको पढाइ त हुँदैनथ्यो तैपनि उहाँले करेसाबारीमा ७ र ८ कक्षाका विद्यार्थीहरूलाई तरकारी खेती विषयमा व्यवहारिक ज्ञान दिएको म सानो कक्षामा हुँदा देख्दथें । बारीमा मूला, गोभी, रामतोरी फलेका हुन्थे । कहिले कहिले खानाको समयमा डाइनिङ हलमा पस्नु हुन्थ्यो । खाना खाने तरीका सिकाउनु हुन्थ्यो । पछि थाहा पाएँ, म स्कुलमा भर्नाहुन अगाडि स्कुलको सुपरीटेन्डेण्ट पदमा कार्यरत हुनुहुन्थ्यो रे !! न्हुच्छेबहादुरसर त्यसै पदमा कार्यरत भएको भए विद्यार्थीहरूले धेरै कुरा जान्ने, सिक्ने अवसर पाउने थिए भनेर सिनियर दाइहरूले कुरा गरेको सुन्ने गर्दथे । यति मात्र हैन विद्यालय स्थापनामा उहाँको भगीरथ प्रयासको कुरा पनि सुन्ने गरिन्थ्यो ।

गत साल शिवपुरीमा कविता वाचन कार्यक्रमको क्रममा केशरी म्याडमले प्रश्न गर्नु भएको थियो, रमेश, आनन्दकुटीका टिचरहरूलाई कस कसलाई सम्भिन्छौ ?" मैले धेरै सरहरूको नाम गणना गरें । एक जना सर त त्यति बेला नै बितिसक्नु भएको थियो- अमरबहादुरसर । यद्यपी उहाँले मलाई पढाउनु भएको थिएन । ३ कक्षामा छँदै स्कुलका सम्पूर्ण विद्यार्थीहरूदेखि स्वीपर यार्लिङचा दिदीदेखि पाले आष्टमान दाइ समेतको नाम कण्ठ थियो । तर न्हुच्छेबहादुरसर भने म मात्र हैन मेरा सहपाठिहरूका लागि पनि भुल्नै नसक्ने नाम हो ।

एक दिन मेरो सहपाठी प्रकाश मानन्धरजीसँग उहाँकै निवासमा भेट हुँदा न्हुच्छेबहादुरसरले किमडोल, छाउनीमा स्कुल स्थापना गरेको कुरा सुनाउनु भएको



Downloaded from http://dhamma.digital



थियो । त्यस बखत कृषि विकास बैंक सिद्धार्थनगरबाट तालिममा भाग लिन काठमाडौं आएको थिएँ । डेरा सुन्धाराकै लजमा थियो । शनिबार बिदाको दिन पारेर न्हुच्छेबहादुरसर र केशरी म्याडमलाई भेट्न गएँ । साँच्चै नै उहाँहरूले सुन्दर स्कुल निर्माण गर्नु भएको रहेछ । सरले हरेक कक्षाकोठाहरू अवलोकन गराउनु भयो । ती साना साना भाइहरू देखेर आनन्दकुटीको बाल्यकालको जीवनको यादले मेरो मन रसायो । यो बूढो उमेरमा पनि यो बूढो मान्छेको तरुनो मान्छेको भैँ जाँगर, जोस र सृजना देखेर छक्क भएँ । शिक्षाप्रतिको उहाँको लगाव, अथक परिश्रम उहाँको जति प्रशंसा गरेपनि चित्त बुझ्दैन । उहाँले आफुद्वारा लिखित आफ्नो जीवन कथा "The History of My Life" एक प्रति त्यस बखत दिनु भएको थियो । श्रद्धाको साथ ग्रहण गरेँ । तर त्यस समय यो पुस्तक सतही रूपमा मात्र पढेको थिएँ ।

जब न्हुच्छेबहादुर सरको स्वर्गारोहणको कुरो थाहा पाएँ, यस अपुरणीय क्षतीमा समवेदना प्रकट गर्न मैत्री विद्यालयमा २०६२/८/२५ गतेका दिन पुगेँ । म्याडम शोकाकुल अवस्थामा हुनुहुन्थ्यो । सरको संस्मरण सम्बन्धमा एउटा पुस्तक प्रकाशन गर्ने कुरा म्याडमबाट थाहा भयो । म लगायत अन्य पूर्व विद्यार्थीहरूलाई सरको विषयमा लेख लेख्न अनुरोध गर्नुभयो । केही साथीहरूलाई यस विषयमा उहाँबाट प्राप्त पत्र पुऱ्याई दिएँ । न्हुच्छेबहादुर सरले मुल ग्रन्थ अंग्रेजीबाट नेपालीमा अनुवाद गर्नु भएको आफ्नो जीवन कथा “मेरा कथाका पन्नाहरू” नामक पुस्तक एकप्रति म्याडमले मलाई उपलब्ध गराउनु भयो । यो लेख तयार गर्नको लागी पनि सो पुस्तक गहन रूपमा अध्ययन गरेँ । “मेरा जीवनका पन्नाहरू” नामक पुस्तकले हरेक जिज्ञासुलाई उहाँको जीवन, व्यक्तित्व, त्याग, सेवा र महानतालाई यथार्थरूपमा जान्न बुझ्न ठूलो सहयोग पुऱ्याउने छ । उहाँले एउटा अमूल्य कृति हामीहरूलाई छोडेर जानु भएको छ । आउने दिनहरूमा यस पुस्तकले इतिहास, शिक्षा, समाजशास्त्र, कृषि, विज्ञान, पर्यटन, धर्म, यात्रा र राजनीति शास्त्रमा रुची राख्ने विद्यार्थी, सोधकर्ता एवम् प्राज्ञहरूका लागि सो कृति मूल्यवान् हुने छ । प्राज्ञ तारानाथ शर्माज्यूको “वेलायततिर बरालिंदा” नामक पुस्तक भैँ यो पुस्तक पनि भविष्यमा पुरस्कृत हुने कुरामा आशा राखेको छु ।



Downloaded from http://dhamma.digital

आनन्दकुटी विद्या पीठ वि.सं. २००८ सालदेखि आज यहाँसम्म आउनुमा कसकसको के योगदान रहेछ भन्ने कुरा यो पुस्तकले जानकारी गराएको छ । यो कुरा सुनेर उहाँका शुभेच्छुकहरूलाई निश्चय नै गर्व हुने छ कि आनन्दकुटीका प्रथम प्रधानाध्यापक स्वयं स्वर्गीय आदरणीय न्हुँच्छेबहादुरसर नै हुनुहुन्थ्यो । यति मात्र हैन पुज्य भन्ते अमृतानन्दको अध्यक्षतामा गठन भएको सञ्चालक समितिको प्रथम संस्थापक सचीव सर नै हुनुहुन्थ्यो । यस पुस्तकमा उहाँले उल्लेख गर्नु भएको छ "सुरुमा ६ जना मात्र छात्र थिए- सबै आफ्ना साथीका छोराहरू । तिनीहरूसबै आवासीय भई म सँगै विहारमा बस्न राजी भए । त्यहीनै मैले भिक्षु अमृतानन्दसँग मिलेर खोलेको आवासीय स्कुलको सुष्म नाभिकरण बन्यो । "यस स्कुलमा सुरु अवस्थामा पढाउने शिक्षकहरूको नाम भारतीय साधु बुद्ध दास, कालिङपोङका अरुण क्षेत्री, पं. भगीरथ र सुवर्णमान श्रेष्ठको नाम उल्लेख गर्नु भएको छ । स्कुललाई स्थान उपलब्ध गराउनमा राष्ट्रिपिता त्रिभुवनको योगदानको चर्चा गरिएको छ ।

पुज्य भन्ते कुमार काश्यपले प्रकाशकीयमा सरको विषयमा, "उहाँले श्रीलङ्कामा बाल्नु भएको शिक्षाको दियोले नेपालमा आएर सन् १९५२ मा आनन्दकुटी विद्या पीठ स्थापना गरी दियोमा घ्यु थप्ने काम गर्नुभयो । त्यस्तै सन् १९८५ मा मैत्री विद्यालय स्थापना गरी शिक्षा क्षेत्रमा अर्को ज्योति बाल्नु भयो" भनी लेख्नु भएको छ । यस कर्मवीर मानवलाई जन्म दिने उहाँकी स्वर्गीय ममतामयी माता श्रीमती बेतिमायाज्यु र स्वर्गीय पिता श्री जीतबहादुर साथै उहाँको दु:ख सुखमा हरहमेसा साथ दिँदै आउनु हुने जीवन साथी केशरी म्याडमलाई यसै लेखबाट सत् सत् नमस्कार गर्दछु ।

नेवार भाषाबाट नेपालीभाषामा अनुवाद गरिदा न्हुको अर्थ नयाँ र छेँको अर्थ घर भन्ने बुझिँदो रहेछ । उहाँको नामाकरण आफ्नो हजुरआमाबाट भएको थियो । आफ्नो जीवनकालमा शिक्षाका नयाँ-नयाँ पीठहरू निर्माण गरेर आफ्नो नाम चरितार्थ गर्नुहुने शैक्षिक जगत्का अथक योद्धा स्वर्गीय न्हुच्छेबहादुरसरप्रति कोटी कोटी अभिवादन गर्दछु । उहाँको आत्मपरक कथा पढेपछि उहाँको समग्र जीवनलाई थाहा पाउने थप अवसर प्राप्त गरेँ । विश्वको सम्पूर्ण महादेशहरूको यात्रा गर्ने क्रममा



उहाँको नाम आफ्नो समयको प्रथम नेपाली विश्व यात्रीको रूपमा लिन सकिने ठानेको छु । भविष्यमा यसको लेखाजोखा हुने नै छ । सन् १९५० मा उहाँले गर्नु भएको तिब्बतको साहसपूर्ण यात्राको वर्णन मर्मस्पर्सि छ ।

अन्त्यमा प्रात: समरणीय न्हुच्छेबहादुर बज्राचार्य सरको विषयमा स्मृतिपटलबाट अतितका कुराहरू यस लेखमार्फत राख्न पाउँदा गौरवान्वित छु । हरेक शिष्य आफ्ना गुरुहरूबाट ज्ञानामृत ग्रहण गर्ने अवसर पाउँदा ऊ सदासर्वदा ऋणी नै भइरहेको हुन्छ । अत: म पनि ऋणी छु । उहाँले आफ्नो नश्वर जीवन ८६ वर्षको उमेरमा त्यागेर हामीबाट टाढा जानुभएको भएपनि उहाँको जीवन गाथाले हामी पूर्व शिष्यहरूलाई अर्थपूर्ण जीवन जीउन सदा सर्वदा प्रेरित गरी नै रहनेछ ।

मिति : २०६२/१०/३०



Downloaded from http://dhamma.digital



# मेरो मानसपटलमा न्हुच्छेबहादुर बाजे

अष्टमुनि गुभाजु

न्हुच्छेबहादुर बाजे धेरैपछि सम्पर्क र परिचयमा आएता पनि जबदेखि सम्पर्कमा रहे तबदेखि नै एउटा जीवित सम्पर्क कायम भइरहे । उहाँलाई मैले चिन्न त चिन्थें तर वास्तविक चिनापर्ची थिएन । कामकुराको सिलसिलामा म त्यौडमा रहनुभएका कान्छाबुद्ध बज्राचार्यको सम्पर्कमा भने परिरहन्थें । कहिले कुनै कार्यक्रमको निमन्त्रणा दिन पुग्थें भने कहिले साँस्कृतिक कार्यक्रमको लागि । अझ त मेरा श्रद्धेय बुबा सप्तमुनि बज्राचार्य पनि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको त्रिवर्षीय योजनापछि साँस्कृतिक संस्थानमा चर्या गीत तथा नृत्य प्रशिक्षकको रूपमा काम गर्नुभएको कारण बुबा र कान्छाबुद्ध बाजेको आवत् जावत् भइरहन्थ्यो । यसकारणले पनि मेरो चिनाजानी र आवतजावत् भइरहेको थियो । पछि उहाँको निधनपछि त्यस परिवारसंगको सम्पर्क नै बिच्छेद होला कि जस्तो लागेको थियो । त्यसैताका नै म बुद्धधर्मको खेमामा पाइला टेक्न पुगेदेखि यता वज्रयान + थेरवाद दुवैमा एकैचोटी प्रवेश गरेका थियौं । केही समय बुद्ध जयन्ती समारोह समितिमा बसेर काम गरेपछि म न्हुच्छेबहादुर बाजेको कार्यक्षेत्र आनन्दकुटी विहारको मुखपत्र 'आनन्दभूमि' बौद्ध मासिक पत्रिकामा सम्पादक मण्डलमा बसी काम गर्नको लागि श्रद्धेय तीर्थनारायण मानन्धरज्यूबाट प्रस्ताव राख्नुभयो । तद्नुसार आनन्दकुटी विहारमा बैठक बस्ने र सो बारे निर्णय गर्न मलाई आनन्दकुटी विहारमा बोलाइयो ।

म त्यसदिन विहारमा पुग्दा तीर्थनारायणदाइ सहित न्हुच्छेबहादुर बाजे पनि बसिरहनुभएको थियो । उहाँलाई देख्नासाथ मैले गर्व गरेको थिएँ अर्थात् गर्व महसुस स्वस्फूर्तरूपमा हुन गयो- कि मेरा मामा बाजे पनि यस विहार गुथिको प्रमुख व्यक्तित्वको रूपमा रहनुभएको छ ।



Downloaded from http://dhamma.digital





पहिले तीर्थनारायणदाइसँग कुराकानी भए अनुसार विहार गुथिको बैठक बसी निर्णय लेखियो । सम्पादक मण्डलमा बसेर काम गर्ने निर्णय भयो । बैठकपछि बाजेले सोध्नुभएको थियो - "तिमी हरिमाया दिदीको नाति हैन ?" मैले भनें "हो, हजुर !" फेरि उहाँले भन्नुभयो - "तिम्रो बज्यै छँदा बराबर यहाँको किन्दोल घरमा आइरहनु हुन्थ्यो । अब त सम्झना मात्रै रह्यो ।" मैले पनि भने-"बज्यै आइरहनुहुँदा म पनि आउने गर्थें हजुरको घरमा ।"

केही कुराकानी पछि म उहाँहरूसँग बिदा मागेर फर्कें । बाजेलाई म उहाँको घरमा जाने आउने कुराको त्यतिको याद रहेनछ । र पनि खासै त्यसबाट मलाई त्यतिको असर पनि परेन । त्यतिखेरको घर सायद अहिलेको (स्व.) रत्नबहादुर बज्राचार्य बसेको घर होकि जस्तो लाग्थ्यो । अहिले उहाँहरूको घर मैत्री स्कुल छाउनीमा अवस्थित रह्यो ।

मैले 'आनन्दभूमिको' सम्पादक मण्डलमा बसेर ६ वर्षसम्म काम गरें । त्यति अवधिभित्र जुनसुकै बेलामा पनि म विहारमा जानुपर्थ्यो, गइरहन्थें पनि । त्यसै सिलसिलामा म न्हुच्छेबहादुर बाजे र केशरी अजिको करीबमा पुगियो । त्यसपछि बुद्धजयन्ती समारोह समितिको स्मारिका प्रकाशनको संयोजक पदमा रही काम गर्न थालेदेखि त झनै नजिकिन पुगियो । प्रत्येक वर्ष बाजेको रचना माग्न जान्थें । उहाँले पनि मेरो लगनटोलको घरमा समेत पाल्नुभई रचना दिन आउनु हुन्थ्यो । साथै स्कुलको शुभकामना विज्ञापन पनि दिनुहुन्थ्यो । प्रत्येक वर्षको लागि यी कुराहरू नियमित कार्यक्रम जस्तै भइसकेको थियो ।

गतसालमा त उहाँ निकै बिरामी भइसक्नु भएको थियो । त्यो भन्दा एकसालअगाडि विगत सालमा भेट्दा उहाँले आफ्नो असन्तुष्टि यसरी प्रकट गर्नुभएको थियो- "भिक्षुहरू छन्, भिक्षु महासंघै पनि छ । सबै आ-आफ्नै स्वार्थमा व्यस्त छन् । गर्नुपर्ने काममा कसैको चासो छैन् । पाली भाषामा सबै स्थविरवादी ग्रन्थहरू लेखेका छन् पालीबिना स्थविरवाद राम्रोसंग बुझ्नै सकिन्न । धर्मको मूल जड नै रहेको पालीभाषाको विकासतर्फ, पठन पाठनतर्फ कसैको जिज्ञासा नै रहेन । मैले भने अनुसारै लेख्नुपर्छ भन्ने छैन । तैपनि तिमीले लेख्ने सम्पादकीयमा, बुद्धजयन्ती स्मारिकामा यी कुराहरू सकिन्छ भने उल्लेख गरिदेऊ ।"



Downloaded from http://dhamma.digital

मैले पनि भनें- "बाजेको भावनाको म कदर गर्नेछु ।"

तर उहाँको कुरा राख्न अनुकूलता भएन । आजको केही महिना अगाडि न्हुच्छेबहादुर बाजे दिवंगत हुनुभयो । थेरवादको त करङ्गै भाँचिए जस्तो अनुभव भयो । बाजेको मृत्युपश्चात् म केही दिनपछि फणीन्द्ररत्न गुरुजु, बुद्धरत्न बज्राचार्य सहित गएर केशरी अजिसंग भेटी दुःखसुखका कुराहरू गरेर आएँ । बाजे त अब यससंसारमा जीवित रहनुभएन तर पनि अजिबाट उहाँको भार बहन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । किनभने उहाँ पनि बौद्ध संस्कारसंग मुछिनुभएका लेखिका हुनुहुन्थ्यो । कवयित्री हुनुहुन्थ्यो ।

न्हुच्छेबहादुर बज्राचार्य, उहाँ मेरी आमाको आमा बज्यैको मामाबाजेको छोरा हुनुहुन्थ्यो । त्यस हिसाबले उहाँ मेरी बज्यैको भाइ हुन आयो र मेरी आमाको मामा । यस हिसाबले उहाँ मेरो आफ्नै मामाबाज्ये नै भयो नाताको हिसाबले । त्यसैले मैले बाजे भन्दै आएको थिएँ । उहाँहरूको पुर्खौली घर पाटनको बूबहालमा भए तापनि उहाँहरूको बाउ-बाजेको पालादेखि त्यौड टोल, काठमाडौंमा बसोवास गर्दै आएको कारण काठमाडौंमै उहाँहरूको जन्म भयो र धेरै दुःख कष्ट सहेर हुर्कनुभएको थियो । जीवनको युवा अवस्था धेरैजसो विदेशमा बिताउनुभएका उहाँको बारेमा भन्ने गर्थ्यो रे "अब न्हुच्छेबहादुर नेपाल फर्कदैन । उतै जीवन बिताउँछन् अब ।" मेरी आमा भन्ने गर्नुहुन्थ्यो - "आज उहाँहरूसंग जे-जति छन् जायजेथा आदि, उहाँ मामाकै मेहेनत र परिश्रमको कमाई हुन् ।"

कान्छाबुद्ध बाजे पहिलेदेखि नै नाचगानमा लाग्नुहुन्थ्यो । नाच-गान भनेपछि उहाँलाई केही चाहिन्नथ्यो । पछि कलकत्तामा पसल राख्न जानुभयो । त्यहाँबाट पनि व्यापार राम्रो गर्न सक्नुभएन । बिग्रँदै गएको अवस्थालाई सुधार्न न्हुच्छेबहादुर मामा बिदेश पस्नुभयो । धेरे समयको अन्तरालपछि उहाँ फर्कनुभयो र वैवाहिक जीवन पनि व्यतीत गर्नुभयो । मेरी आमाले आफ्ना मामाहरूको सम्झनामा यीकुराहरू व्यक्त गर्छिन् ।

"आज उहाँहरू हाम्रो सामु रहनुभएन । तैपनि केही सम्झनाका केही कुरा आँखा अगाडि झझल्को आइरहन्थ्यो । आइरहन्थ्यो ।" ■





# स्कुल जीवनको संस्मरण

नरेन्द्रराज सायमी, कालिमाटी
२०२८-२९ साल (S.L.C.)

दशैं र तिहारचाड मनाएर म फेरि उही हाम्रो स्कुलको होस्टलमा फर्कनु पर्‍यो नै, किन कि शैक्षिक अध्ययन ज्ञान हासिल गर्नु नै हामी विद्यार्थीहरूको कर्तव्य हो । अब त फाइनल जाँच पनि नजिकिदै आइरहेको थियो त्यसैले स्कुलमा फर्केर मिहेनत साथ अध्ययन गरेर जाँचमा सफल हुनु आफ्नो लक्ष लिएका हामी विद्यार्थीहरू होस्टलमा फर्कियौं ।

होस्टलमा फर्केको दुइ चार दिन त मलाई सार्‍है नरमाइलो लाग्यो कारण दशैं तिहार जस्तो रमाइलो चाड मनाएर झण्डै महिनादिन जसोको घर वसाई र परिवार दाजुभाइ दिदीहरू पुराना साथी संगिहरूसंग रमाइलो भेटघाट र खानपानका दिनहरू साथै घर परिवारको मायालाई विर्सन नसकेकोले होला अलि घरको सम्झना लागेको महसुस भयो, हो पनि । तैपनि विस्तार विस्तारै दिनहरू बित्दै गए, साथीहरूसंगको हेलमेल र कक्षाको अध्ययनले गर्दा घरको सम्झना विस्तार विस्तारै ओझेलमा पर्न थाल्यो र हामी विद्यार्थीहरू सबैजसो स्कुलको दैनिक रफ्तारमा कुद्न थाल्यौ । अब त धेरै समय अध्ययनमा नै व्यस्त हुन थालियो र जाडो मौसम पनि सुरु हुन लाग्यो र विहानको घाममा बसेर पढ्न पाउँदा मन झनै रमाइलो र अध्ययनमा मन लाग्यो ।

यही हाम्रो स्कुलको दैनिकिको दौरानमा शुक्रवारको दिन आधा छुट्टी कक्षा सकिएपछि हामीहरू दिउँसोको खाजा खान डाइनिङ्ग हलतिर लाग्यौं र खाजा खाइ सकिएपछि प्रार्थना स्थलको खुल्ला चौरमा कोही कुद्न थाले । कोही बल खेल्न थाले त कोही भिक्षुकुमार काश्यपज्यूको समिपमा बसेर त कोही उभिएर उहाँबाट कथा सुन्न लागे जसमा म पनि त्यही साथीहरूसंग सामिल थिएँ ।



Downloaded from http://dhamma.digital

त्यसबखत उहाँले सुनाउनु भएको कथा अहिलेको मेरो मनमष्तिश्कमा अलिअलि मात्र बांकी थियो कि उहाँबाट बौद्धकालीन कथा सुनाई रहनु भएको थियो । त्यस्तै अर्को एक हुल विद्यार्थीहरू तलको वगैंचामा भिक्षु महानाम कोविदज्यूको सामु बसेर उहाँबाट पनि बौद्धकालीन शिक्षाप्रद कथासुनिरहेका थिए । कोही त कोठामा गएर आराम गर्न गए त कोही अध्ययन गर्न पनि लागे । त्यसबेला न्हुच्छेबहादुरसर पनि खाजा खाई सकेर विद्यार्थीहरू खेलकुद गरिरहेको र पर इँट्टाको थुप्रोलाई पनि हेर्दै थिए र एक छिनपछि हामीहरू भएतिर नजिक आउनु भइ मनमा के कुरा आएछ कुन्नी हामीहरू सबै र अरू साथीहरू सबैलाई बोलाएर सबैजना उहाँको सामु उभिन पुगियो र उहाँले त्यस इँट्टाको थुप्रोलाई माथि करणा भवनको उत्तरपट्टि नवनिर्माण भवन साइट सम्म पुऱ्याउने योजना बनाउनु भयो र हामी सबै विद्यार्थीहरूलाई लामबद्ध गरेर इँट्टाको थुप्रो देखि निर्माणाधीन भवनसम्म लस्करै उभ्याएर राखे र एक एक इँट्टा अगाडिको साथीले थुप्रोबाट टिपेर एक अर्कालाई दिंदै इँट्टाहरू त फटाफट हिड्न पो थाले छन् हामीहरू चाहिं ठिङ्ग उभिएर मात्र हाम्रा दुई हातहरू चल्दै थिए । समय खासै गएको जस्तो लाग्दैन आधा घण्टा पनि लागेन होला कि यहाँको इट्टा थुप्रो लामको अर्को छेउ पुऱ्याइसकेछ । यति ठूलोकाम एक वा दुई ज्यामीले बोकेर ओसार्ने हो भने कम्तीमा पनि दिनभर लाग्थ्योहोला । हामीलाई यसकाम गर्दा नि हामीमा थकान पनि महसुस भएन । त्यसबेला मेरो सानो बुद्धिले के बुझ्यो भने हामी साथीहरू एक जुट भयौं भने जस्तो सुकै गाऱ्हो काम पनि सजिलै फत्ते गर्न सक्दोरहेछ र एकता मात्र हुने हो भने एउटा पहाडलाई पनि सजिलै मैदानमा परिणत गर्ने क्षमता पक्कै हुन्छ त्यसमा कुनै शंका गर्नुपर्दैन । त्यस दिनको घटना मेरो मानसपटलमा आजसम्म पनि तरोताजा नै छ । उहाँको काम गराउने तरिका शैलिलाई म आजसम्म विर्सन सकेको छैन ।

उहाँको यस्तै अर्को एउटा घटना पनि आजसम्म मेरो मनमा ताजै छ "उहाँ स्कुलको Superintendent हुँदा होस्टलमा विहान बेलुकाको खाजा र खाना विद्यार्थीहरूलाई ख्वाउँदा जहिले पनि Senior विद्यार्थीहरूले Serve गरेर पहिला आफू भन्दा साना विद्यार्थी भाइहरूलाई खाना बांडिदिने चलन वनाउनु विद्यार्थीहरू एक आपसमा मेलमिलाप भातृत्वको भावना विकास हुनुका सथै Junior विद्यार्थी र



Downloaded from http://dhamma.digital



Senior विद्यार्थीबिच मेलमिलाप र राम्रो Understanding कायम भै रहनेमा कसैको दुइमत हुन सक्दैन । यसबाट स्वयम सेवक भै काम गर्दापछि समाजमा पनि सेवाको भाव हामीभित्र रहिरहने हुन्छ । यस प्रकारको स्वयम सेवाको कार्यले गर्दा स्कुलको खर्चमा पनि कमी आउनेहुन्छ कारण खाना ख्वाउनलाई थप जनशक्तिको आवश्यकता त पर्छ नै । मेरो स्कुलको विद्यार्थी जिवनमा सिकेको अरू शिक्षा भन्दा यस माथि उल्लेखित शिक्षा नै मेरो जिवनमा महत्त्वपूर्ण भएको मैले महसुस गरेको छुं । उहाँ अहिले हामी सामु नहुँदा पनि उहाँबाट सिकेको ज्ञान बुद्धी व्यावहारिक शिक्षाका कुराहरू प्राप्त गर्न सकेकोमा म उहाँलाई मेरो भित्री हृदयदेखि हार्दिक अभिवादन तथा कोटीकोटी वन्दना गर्दछु ।

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital



# न्हुच्छेसर - एक कर्मयोगी व्यक्तित्व

राकेश श्रेष्ठ

नेपालको विद्यालय शिक्षाको इतिहासमा काठमाडौंको स्वयम्भूमा सरस्वती मन्दिरको पाउमा अवस्थित आनन्दकुटी विद्यापीठको आफ्नो छुट्टै पहिचान छ । समयको एउटा लामो हिस्सासम्म निजी विद्यालयको रूपमा आनन्दकुटी विद्यापीठले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिनुको साथसाथै सक्षम तथा कर्मठ नागरिकहरू तयार पारी नेपाली समाज तथा सिङ्गो नेपाल राष्ट्रलाई नै ठूलो गुण लगाएको छ । यस संस्थाबाट केवल विद्यार्थीहरूमात्र लाभान्वित भएनन्, प्रत्यक्ष रूपमा उक्त संस्थामा कार्यरत शिक्षक कर्मचारीहरू पनि जीवनमा एउटा दर्शनप्रति आबद्ध भई आफूमा कर्मयोगी व्यक्तित्व विकास गर्न सक्षम भए । विद्यार्थी लगायत शिक्षक तथा कर्मचारीहरूमा कर्मयोगी चिन्तनको प्रादुर्भाव तथा सो अनुरूप व्यक्तित्व विकास गर्नको लागि जिम्मेवार हुनुहुन्थ्यो आनन्दकुटी विद्यापीठका एक कर्मठ व्यक्ति न्हुच्छेबहादुर बज्राचार्य अर्थात् हाम्रो "न्हुच्छेंसर" ।

न्हुछेसरसँग वि.सं. २०३७ सालको चैतमहिनातिर करिब बाइस बर्ष उमेरको विज्ञानमा स्नातक एकजना झापाली ठिटोको परिचय हुन गयो । त्यस ठिटोमा निश्चय नै एउटा लहडपन थियो जुन उमेरको दृष्टिकोणले स्वभाविक पनि थियो । त्यही लहडपन तथा अनुभव र सीपको दृष्टिकोणले गिलो माटो जस्तै कच्चा अवस्थाको ठिटोले शिक्षण पेशामा समर्पित आफ्ना मातापिताको पदचिह्न पछ्याउँदै आनन्दकुटी विद्यापीठमा विज्ञान शिक्षकको रूपमा वि.सं. २०३७ चैतमा एउटा पेशागत जीवनको सुरुवात गऱ्यो । त्यो ठिटो केवल किताबी ज्ञानयुक्त थियो, उसमा व्यावहारिक ज्ञान र मुख्यत आफ्नो जीवनको लक्ष्यप्रति अनभिज्ञ थियो । त्यो ठिटो अरू कोही थिएन, म स्वयम् थिएँ ।



Downloaded from http://dhamma.digital



सौभाग्यवश मैले मेरो जीवनकालको सही समयमा सही पथप्रदर्शक न्हुचछेसरको सामिप्यता पाएँ । मैले न्हुच्छेसरको हरेक सोंचाइ, सोंच्ने शैली, काम गराई काम गर्ने शैली, जीन्दगीप्रति दृष्टिकोण अर्थात् भनौं जीन्दगीप्रति एउटा निश्चित दर्शन (जसलाई मैले कर्मयोगी दर्शनको रूपमा आत्मसात गर्नपुगें) चियाउन पुगें र स्वस्फुर्त रूपमा नजानिदों ढङ्गबाट मैले पनि विस्तारै अङ्गीकार गर्न थाले ।

मलाई याद छ एउटा कुरा जुन न्हुच्छेसरले मलाई सरल ढङ्गबाट सहज रूपमा सोध्नुभएको थियो तर त्यसको जवाफ मसँग तत्काल थिएन । यो कुरो हो त्यस्तै २०३८ सालको हिउँदे बिदा सुरु हुनु अघिको त्यसबेला उहाँ आनन्दकुटी विद्यालयको व्यवस्थापनसँग सम्बन्धित हुनुहुन्थ्यो र उहाँको प्रमुख जिम्मेवारीहरूमध्ये एउटा सञ्चालन गर्नु थियो । म पनि आवासीय शिक्षकको रूपमा कार्यरत थिएँ । एउटा जिम्मेवारी विद्यालयको आवासीय व्यवस्थापनलाई सुचारु रूपमा शनिबार बिदाको दिन दिउँसो आवासीय विद्यार्थीहरूलाई चिया खाजा खुवाइसकेपछि प्रधानाध्यापकको कार्यालयअघि रहेको एउटा ठूलो रुखमुनि सर र म बसेर गफ गर्दै थियौं त्यसबेला उहाँले मलाई अनायाश सोध्नु भएको थियो । "ए माट' साब, तपाईंको जीन्दगीको लक्ष्य के छ ? के गर्ने योजना बनाउनु भा'को छ ?" मसँग यसको जवाफ थिएन, किनकि यसबारे मैले त्यतिखेरसम्म केही पनि सोंचेकै थिइन । म अलमल्ल परें । केही छिनको मौनतापछि मैले जवाफ दिनुको सट्टा प्रतिप्रश्न गरें- "किन र सर, के त्यस्तो कुनै योजना पनि बनाउनु पर्छ र ! के सबैले योजना बनाएका हुन्छन् ? के सरले पनि आफ्नो जीन्दगीको लक्ष्य निर्धारण गर्नु भएको छ र त्यस्तो कुनै योजना बनाई सो मुताविक अघि बढ्दै आउनु भएको हो ?" मेरो यो जिज्ञासाको जवाफमा सरले मलाई धेरै कुराहरू बताउनु भयो, उहाँका अनुभवहरू बाँड्नु भयो, आनन्दकुटी विद्यापीठ स्थापनादेखि हालसम्मका विभिन्न उतारचढावहरू प्रष्ट पार्नुभयो, र उहाँले आफ्ना भविष्यका योजनाहरू समेत मसँग छलफल गर्नुभयो । मैले त्यतिखेर न्हुच्छेसरका कति कुराहरू बुझें हुँला अनि कति कुराहरू राम्ररी बुझिन हुँला त्यो आफ्नै ठाउँमा छ । तर महत्त्वपूर्ण पक्ष के हो भने ती क्षणहरूमा न्हुच्छे सर र मेरो विचमा भएका अनुभव तथा विचारहरूका आदानप्रदानले मेरो मन मस्तिष्कमा एउटा गहिरो छाप भने अवश्यनै पारेको थियो जुन अमूर्त रूपमा मेरो



Downloaded from http://dhamma.digital

जीवनको पछिल्ला क्षणहरूमा मैले बोलेका र लेखेका कुराहरूको साथै गरिएका अनेक क्रियाकलापहरूमा प्रतिवम्बित हुन पुगेको छ । मलाई त्यतिखेर के थाहा कि मैले एउटा ठूलो रुखको छहारीमा बसी जुन व्यक्तिसँग विचार तथा अनुभवहरू आदानप्रदान गर्दै थिएँ, मेरो भविष्यमा त्यही व्यक्तिको चिन्तन, शैली तथा दर्शनले अझ विशाल छहारीको रूप धारण गरी मलाई निरन्तर मार्गदर्शन गरिरहन्छ र अघि बढिरहन प्रेरणाको स्रोत बन्दछ भनेर ।

अब उहाँको व्यावहारिक जीवनको पाटोका केही झलकहरू स्मरण गर्ने प्रयत्न गर्दैछु । उहाँको बारेमा मैले उल्लेख गर्न गइरहेको कुराहरू तत्कालका दिनहरूमा उहाँले अरूसँग गर्ने व्यवहार तथा अरूप्रति उहाँको धारणालाई अहिले गरिएको विश्लेषणमा आधारित छन् । म सम्झन्छु न्हुच्छेसरको तत्कालीन विद्यालय व्यवस्थापनसँग आबद्ध केही प्रमुख व्यक्तित्वहरूसँग भइरहने निरन्तर टकराव अनि यदाकदा ठूलै झगडा पनि- खासगरी विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूलाई दिनुपर्ने सुविधाको कुरालाई लिएर । हुन पनि टकराव पर्ने मुद्दाहरू नै यस्ता हुन्थे कि सो सम्बन्धमा न्हुच्छेसरको विचार र तत्कालीन ब्यवस्थापनको विचार दुई विपरीत ध्रुवका थिए । न्हुच्छेसर जहिले पनि विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको सेवा सुविधाको गुणस्तर वृद्धि गर्ने, ब्यवस्थापनलाई सक्रिय बनाउने, संस्थाभित्र भएका क्रियाकलापलाई पारदर्शी बनाउने, आदि कुराहरूको पक्षधर हुनुहुन्थ्यो । त्यसैले यी कुराहरूप्रति केही उदासिन तत्कालीन ब्यवस्थापनसँग उहाँको टकराव पर्नु स्वाभाविक पनि थियो । यो दृष्टिकोणले न्हुच्छेसर नौनी जस्तो नरम हुनुहुन्थ्यो भने अर्कोतर्फ शिक्षक, कर्मचारी तथा विद्यार्थीहरू प्रत्येकले आफूले पूरा गर्नु पर्ने जिम्मेवारीप्रति भने पटक्कै सम्झौता नगर्ने र अनपेक्षित नराम्रा क्रियाकलाप भएको खण्डमा साह्रै कठोर व्यवहार गर्ने खालको ब्यक्ति हुनुहुन्थ्यो । हरेक व्यक्तिले आफ्नो विचार तथा धारणालाई बोलीबाट मात्र नभै व्यवहारबाट पनि प्रस्तुत गर्न सक्नु पर्छ भन्ने दृष्टिकोण राख्ने न्हुच्छे सरले स्वयम्लाई नमुनाको रूपमा प्रस्तुत गर्नु भएको मैले पाएको थिएँ ।

माथि उल्लेखित कुराहरूको अतिरिक्त न्हुच्छेसरसँग अनुभव गरिएका, बाँडिएका तथा भोगिएका अनेकौं प्रसङ्गहरू पनि नभएका होइनन्, तथापि



Downloaded from http://dhamma.digital



मैले आत्मसात गरेका केही प्रमुख कुराहरू तथा घटनाहरू मात्र यहाँ कोर्ने जमर्को गरें ।

न्हुच्छेसरको विचार, काम गर्ने शैली तथा उहाँको आदर्शलाई आत्मसात् गरी सो मुताविक आचरण गरौं- यही नै न्हुच्छेसरप्रति असीम श्रद्धाञ्जलि हुनेछ । अस्तु ।

२०६३ असार १

राकेश श्रेष्ठ आनन्दकुटी विद्यापीठमा वि.सं. २०३७ चैतदेखि वि.सं. २०४५ जेष्ठसम्म माध्यमिक तहको विज्ञान शिक्षक तथा माध्यमिक तह इञ्चार्जको पदमा कार्यरत हुनुहुन्थ्यो । हाल उहाँ नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रमा पाठ्यक्रम अधिकृत पदमा कार्यरत हुनुहुन्छ । उहाँले राष्ट्रस्तरमा विद्यालय स्तरीय विज्ञान विषयको पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तथा अन्य पाठ्यसामग्रीहरू नेपाली तथा अंग्रेजी माध्यममा सहलेखन तथा सम्पादन गर्नु भएको छ ।

■

Dhamma.Digital



Downloaded from http://dhamma.digital



# श्रद्धाञ्जली

प्रमीला उप्रेती
**मैत्री विद्यालय**

यो माटोमा जन्मियौं हामी
यो माटोमै बिलाई जानुछ

यो माटो प्रति मायाँ गर्ने
कोही खास मात्र हुन्छ ।

हामी माटो माटोकै खेलौना
जानि तिमीले आफ्नो मनमा

यसको उत्थान गर्नु पर्छ
जाग्यो भाव तिम्रो मनमा

अन्तर मनको अन्तर ज्योती
जगाउने साधन एउटै होकि

फुर्‍यो तिम्रो मनमा ज्ञान
त्यो हो शिक्षाको दान

अन्धकारको शाम्राज्य पछि
स्वतन्त्रताको नव बिहानीमा

शिक्षाको कलिलो घाम लाग्यो
स्वयम्भूको डाँडामा तिम्रो सकृयतामा

नि:स्वार्थ भावना नि:स्वार्थ जोस
६ आठ बालक बटुली खोज

शिक्षा दान गर्न थाल्यौ
भविष्यको गर्दै सोच

कैयौं वसन्त गृष्म बिते
तिम्रो ध्यान एकै ठाम

शिक्षादान गरुँ जन कल्याण
सोच्दै धरतीको ऋण निदान

न्हुच्छे तिमी भयौं अमर
शिक्षा क्षेत्र नेपालमा

तिमीलाई मेरो श्रद्धाञ्जली
गर्छु करजोरी माथमा



Downloaded from http://dhamma.digital





# न्हुच्छे जस्तै न्हुच्छे बाको कीर्ति नविन राखुन्

विश्वराम भक्त माथेमा (८९)

न्हुच्छेबहादुर बज्राचार्य एक मूर्धन्य व्यक्तित्व थिए। बज्राचार्य कुलको एक ऐतिहासिक हुनुहुन्छ उहाँ। राणाकालीन अवस्थामा उहाँका मातापिताले नयाँ घर बनाएका थिए होलान्। त्यही संस्कारले उहाँ जन्मेको हुँदो हो खुसियाली मानेर भरखर जन्मेको बालकको 'न्हुच्छेबहादुर बज्राचार्य' नामाकरण भएको हुँदोहो। साथै उहाँका जीवनले आफूलाई अभूतपूर्व नवीकरण गर्दै गएको मैले पाएं।

श्री ५ त्रिभुवनले राणा प्रशासनको अन्त्य गरे ०७ सालमा प्रजातन्त्रको संस्थापन भएको भन्दापनि अगाडि उहाँ श्रीलंका अध्ययन गर्न पुगेको प्रथम नेपाली हुनुपर्छ। नेपालमा अंग्रेजी भाषासमेत पढाउने त्यस समयमा एउटै मात्र स्कुल थियो- दरबार हाईस्कुल। उहाँले श्रीलंका जानु अगाडि कहाँ पढेथे अंग्रेजीभाषा- घरैमा कसैसँग पढेका थिए। तब त उहाँ आफ्नो किशोराबस्थामा श्रीलंका पुग्नुभयो। त्यहीं बोलचाल अङ्ग्रेजीमा नै भएथ्यो होला। २।४ वर्ष मानै अङ्ग्रेजीमा लेख-पढ गर्न सफल भए। साथै बज्राचार्य हुनाको नाताले 'बुद्धधर्म' को उनका वंशको ख्याति प्राप्त थियो। र फेरि श्री ३ भीमले बुद्धिष्टहरूलाई देश निकाला गरेको उहाँलाई थाहा नभएको होओइन होला। त्यो घटनाले तत्कालीन श्रीलंकामा 'बुद्धधर्म' विषय पनि अध्ययन गर्न जागरूक रहे। नेपालमा बुद्धिष्ट हुनाको संस्कारले उहाँलाई बुद्धधर्मको अध्ययन सहज भइहाल्यो। त्यसमा पनि इतिहासले बताई रहेको विदेशमा सर्व प्रथम बुद्धधर्मको राज्यनै श्रीलंका थियो - नेपालको हिन्दु धर्मको संस्कार जस्तै। यसरी 'न्हुछें' भने जस्तै नेपालको बुद्ध जन्मेको देशको बुद्धधर्म जागरूक अवस्था ल्याउन न्हुच्छेबहादुरको श्रीलंकाको अध्ययनले प्रभाव न पारेको छैन भन्न सकिन्न। त्यसैले उहाँ कहाँ बुद्धधर्मको विषय अंग्रेजी भाषामा ज्ञान प्राप्त गर्न विदेशीहरू बराबर आउने गर्थे। उहाँले त्यस विषय केही लेखहरूपनि देखाएको बिर्सन सकिन। त्यस विषयका पुस्तक उहाँको सङ्कलन कीर्तिमा रहेको हुनुपर्छ।



Downloaded from http://dhamma.digital

हाम्रो टोली केशरीसँग विवाह भएकोले उहाँ त्यस नाताले 'ज्वाइँ' पनि पर्छ। केशरीकी पुर्खा पनि नामुद बुझिन्छ। अमरकोश (अर्थात् शब्द कोश) अमर बाँडा (शाक्य) ले लेखेको भन्छन् - त्यो पनि ॐ बहाल टोलकाले। ॐ बहाल टोल विशेषत शाक्यहरूको अर्थात् यस टोलमा धेरै चोकचोकमा बुद्धका मूर्ति पाइन्छ र एउटा चोक त 'ब्रम्हपुर' पनि छन्। यस्तै ऐतिहासिक विषयका बारेमा म 'ज्वाई' न्हुच्छेबहादुर कहाँ भेट्न जान्थें। कारण थियो अमर (शव्द) कोषको लेखक पत्ता लगाउन। तर त्यसमा उहाँले हात हाल्न नै पाउनु भएन। उहाँको निधन भएकोले। उक्त इतिहासको खोजतलास गर्न जाँगरिलोको लागि हो। भविष्यमा अन्वेशण क्रियाकलाप केशरी बैनीको पूर्खा नै हो भन्ने जचिने नै छ भन्ने मलाई लाग्छ।

ज्वाइँ न्हुच्छेले २००७ साल तिरनै न्हुच्छे जस्तै शिशु विद्यालय बोर्डिङ खुलेको अर्थलाग्छ। उक्त स्कुलको पढाइ राम्रो सन्तोषजनक छ। फेरि स्कुल घर र व्यवस्था श्रीलंकाका जस्तो अनुकरण भएकाले नै विज्ञबाट व्यवस्था भएकोले सहरको पश्चिम भेगमा त्यस बेलाको शिशु विद्यालय बेजोडको पाइन्छ। तैपनि अहिलेको समयले विद्यालय परिस्थिति नत्राँनत्राँ बातावरण योग्य अगाडि बढाउनु पर्ने देखिन्छ। त्यसमा पनि नेपालको राजनीति आजकालको परिधिभित्र रहेर होइन चीन र भारत बीचको साँघुरिएको देश हुनाको कारणले तिनका दाँजोमा अपहेल्य भई रहन नपर्ने गरी देशलाई अगाडि बढाउन अर्थात् गुणात्मक शिक्षा भएको देखाउन अनुसन्धानात्मक गुण जान्ने बुझ्ने शिक्षक हुनुपर्छ र पाठ्य पुस्तक पनि सोही खालको हुनु पर्छ। त्यस विषय न्हुच्छेबहादुर बज्राचार्य जस्तैले अनुसन्धान गर्दै नयाँ तरीकाले विद्यार्थीलाई अनुशासनमा राखेर बराबर भ्रमणमा लग्ने गरेर देखाइ बुझाइ त्यसैको आधारमा के गरेर हुन्छ शिक्षकले नयाँ तरिका पत्ता लगाई शिक्षा दिने गरेमा बाल्यावस्थाको शिक्षाले अनुसन्धानात्मक ज्ञानले जग लिइसक्ने छ र नेपालको शिक्षाबाट गुणात्मक शिक्षाको कदर रहने पनि चीन र भारतको बीच रहेर पनि पञ्चशीलको आधारमा नेपालको स्वतन्त्रता र आस्था नेपालीले राख्न सकिने छ। विद्यार्थीहरूको गणित र विज्ञानप्रति भावना जागरूक रहोस्।

उहिलेको त्यौड टोलको कान्छाबुद्ध र न्हुच्छे बा. बज्राचार्य दुई दाजुभाई हुन्। यी दुवै साहसिलो व्यक्ति थिए। नेपालबाट बुद्ध धर्म श्री ३ भिमले निस्कासन गर्न



Downloaded from http://dhamma.digital



मूल भिक्षुहरूलाई नेपालमा रहन दिएन र बुद्ध ग्रन्थहरू संलग्न हुन सके जति सबै सकेको सारेसारगरेर ढल्मा फ्याकिदिए । सायद त्यही संसर्गमा बज्राचार्य दुइ भाइ श्रीलंका गएर बुद्धधर्मको विशेषता सिक्न र नेपालीलाई त्यसको प्रभाव पारेर बुद्ध धर्मको महत्त्व दिन खोजेको । कान्छा बुद्धले कर्णाटकको शरीयान्तयसिकेर नेपालीलाई सिकाए जुन आज चल्दैछ पनि । यसको बुद्ध आचरण: सत्यं शान्तं सुन्दरम् ।

ज्वाइ न्हुच्छे समयानुकूल वातावरण निक छोपेर जीवनयापन गर्ने हुन् । जीवन भनेको के ? त्यो उनीले थाहा पाएको कुरो हो । ब्याख्या गरौं भने जीवन भनेको काम र मानबाट सिर्जेको शक्तिको सद्उपयोग हो । त्यो उनले कसैको मद्दतबिना आत्म विश्वासले बुद्ध धर्मको रहस्य बुझ्े । त्यसै अनुसार देश विदेशलाई त्यसको तन्त्र मन्त्र दिएर देशभक्त बनेर नेपाली जनताको लोकतन्त्रात्मक आचरण विद्यालयद्वारा प्रचार गरे ।

बुद्धाचार : नविनोत्तम आजीवनाचार सत्य सत्यं, शान्तं, सुन्दरम्

■



Downloaded from http://dhamma.digital



# म बैंक ब्याज तिर्न जान्थें

चन्द्रमान शाक्य

न्हुच्छेसरसंग मेरो लामो सम्पर्क थियो । म सानो छँदा उहाँले मलाई धेरै व्यावहारिक शिक्षा दिनु भएको सम्झना अझै ताजा छ । उहाँको सम्झनामा अहिले आफूले जाने बुझेका कुराहरू सम्झना भएसम्म संस्मरणका रूपमा उल्लेख गर्न चाहन्छु ।

बिगत सात दशकदेखि अनवरत रूपले समाजसेवा, धार्मिक कार्य तथा उद्यम व्यवसायमा सक्रियता र शिक्षाको विकासमा निरन्तर लागिपर्ने न्हुच्छे सरलाई हामी सधैं सम्झना गरिरहन्छौं । उहाँले आफ्नो जीवनलाई खासगरी तीन क्षेत्रमा सक्रिय गराउनु भयो । विद्यालयको शिक्षालाई व्यवस्थित गर्ने, जीविकोपार्जनका लागि कुनै न कुनै उद्यम व्यवसाय गर्ने र धार्मिक सामाजिक कार्यहरूमा सधैं मन लगाउने यी नै कुराहरूको सम्झनाले मलाई पनि ठूलो प्रेरणा दिएको छ ।

सुरुमा उहाँले शिक्षा क्षेत्रमा केही गरौं भन्ने भावनाले आफ्ना साथीहरूको सहयोगमा केही विद्यार्थीहरू भर्ना गरेर आनन्दकुटी विद्यापीठको जग बसाउनु भयो । पछि भिक्षु अमृतानन्द महास्थविरले विद्यालयका लागि देश विदेशबाट आर्थिक सहयोग जुटाएर ल्याउनु भएपछि न्हुच्छे सरको आकांक्षा पूरा हुँदै गयो । उहाँ विद्यालयको पढाइदेखि लिएर सबै व्यवस्थापनमा लाग्नु हुन्थ्यो । त्यसैले आनन्दकुटीको जग पनि बलियो बन्दै गयो । उहाँ विद्यालयको सहसंस्थापक बन्नु भयो । उहाँले छाउनीमा पनि मैत्री शिशु विद्यालय खोल्नु भयो । त्यो विद्यालय अहिले राम्रोसंग चलिरहेको छ ।

न्हुच्छेसर मेहनती, इमानदार र लगनशील व्यक्तिका रूपमा परिचित हुनुहुन्थ्यो । उहाँ पेसाले शिक्षक भएकै कारण आफ्नो परिवारको लालन पालन र आर्थिक विकासका लागि निकै मेहनत गर्नुहुन्थ्यो । उहाँमा उद्योग विकासको चेतना



Downloaded from http://dhamma.digital



थियो । उहाँले नेपाल बैंकबाट ऋण लिएर पोल्ट्री फारम चलाउनु भयो । कहिले कहीं मलाई बैंकको ब्याज तिर्न पठाउनु हुन्थ्यो । यस काममा मैले सहयोग गर्न पाएकोमा मलाई खुसी लागेको छ ।

उहाँले त्यसपछि च्याउखेतीको अर्को व्यवसाय सुरु गर्नुभयो । तर च्याउखेती कुखुरा पालनजस्तो सफल भएन । बैंकबाट सुपरभाइजर आएर बेला बेलामा निरीक्षण गर्दथ्यो । च्याउ खेती गर्न पनि यस्तो घर चाहिन्छ र ? भन्ने सुपरभाइजरको प्रश्नमा उहाँले भन्ने गर्नु हुन्थ्यो । तिमीहरूलाई बैंकको ऋण कसरी ब्याज सहित असुल गर्ने भन्ने कुरा थाहा हुन्छ । तर च्याउखेती कसरी गर्ने भन्ने बारे तिमीहरूलाई होइन तालिम लिएर आएका हामीलाई थाहा हुन्छ । घरको भुइं तलामा काठको डुँड बनाएर तह तह बनाएर पराल र च्याउको वीउ राखिएको काठको लामो बक्सामा च्याउखेती गरिएको थियो । तर यो खेती सफल भएन ।

उहाँ आफ्नो घर परिवारका सबैलाई खुबै माया गर्नुहुन्थ्यो । सायद त्यो दिन उहाँको घरमा केशरी म्याडमसित केही ठाकठुक परेछ क्यारे । त्यतिबेला म किमडोलमा बस्थें । न्हुच्छे सर मेरो घरमा आउनु भएर भन्नुभयो । तिमी मेरो घरमा जानु केशरी म्याडमलाई सन्चो छैन । खाना पनि खाएको छैन दुईवटा अण्डा लिएर जानु र ब्वाइल गरेर कफी पनि बनाएर देउ भन्दै पाँच रुपियाँ मेरो हातमा राखि दिनुभयो । मैले पनि उहाँले भने अनुसार नै काम गरें । भनाइको मतलब उहाँ आफ्नो परिवारको लागि कति ख्याल गर्नुहुन्थ्यो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ ।

उहाँ बेला बेलामा आइपरेको घरायसी काम पनि अन्हाउनु हुन्थ्यो । उहाँकै प्रेरणाले मैले पनि ब्यापार ब्यवसाय बढाउन सकेको हुँ । मलाई विद्यालयमा पढाउनु हुँदा पनि निकै माया गर्नुहुन्थ्यो । म अरू विद्यार्थीजस्तो चलाख नभएको र सोभ्का सिदा भएकैले उहाँले मलाई जीवनमा उद्यमी बन्नुपर्ने र त्यसका लागि कुनै न कुनै ब्यवसाय गर्ने र त्यसमा लगनशील हुनुपर्ने शिक्षा दिनु भएको संभ्कना आइरहन्छ ।

उहाँ यस संसारबाट बिदा भइसक्नु भएको छ । तर उहाँले दिनु भएको शिक्षा सधैं संभ्कना आइरहन्छ । त्यही प्रेरणाबाट हामीले अगाडि बढ्नु पर्छजस्तो मलाई लागेको छ । उहाँप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर बज्राचार्य एक संझना

राधेश्याम मिश्र
सह-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय

न्हुच्छेसर आज हाम्रो सामु हुनुहुन्न र उहाँ यो सांसारिक चक्रबाट मुक्ति पाई इश्वरिय शक्तिमा विलिन भई सकेको सर्वविदित नै छ । उहाँ हाम्रो शैक्षिक जगत्का एक प्रतिष्ठित विद्वान गुरु हुनुहुन्छ । उहाँको विषयमा उहाँसंग बितेका केही संझनाहरू पोख्न पाएकोमा आफूलाई गौरवान्वित ठानेको छु ।

उहाँ नेपालका एक यस्ता व्यक्ति हुनुहुन्थ्यो कि जसले नेपालमा सर्वप्रथम आवासीय विद्यालयको अवधारणा सरल र सहज तरिकाबाट प्रस्तुत गर्नुभयो । उहाँले सानै उमेरमा आफ्नो घर छोडी शाहसिक तवरबाट युरोप, अमेरिका जस्ता पश्चिमेली मुलुकहरूमा जानुभई त्यहाँको विकसित आवासीय विद्यालयहरूलाई नजिकबाट अवलोकन गर्नुभई पुनः नेपाल फर्कनुभई आनन्दकुटी विद्यापीठ आवासीय विद्यालयको स्थापना गर्नुभयो ।

वि.सं. २००७ को अवस्था थियो । एक सय चार वर्षे एकतन्त्रि शासन अन्त्य गर्न संघर्ष जारी थियो । राणाकालमा कुनै पनि संघ, संस्था, विद्यालय खोल्न सहज र सरल थिएन । उहाँले त्यो ताका आनन्दकुटी विद्यापीठ खोल्न के कस्ता अथक प्रयासहरू गर्नु पऱ्यो भन्नेकुरा उहाँको "The story of my life" भन्ने पुस्तकमा उहाँले वर्णन गर्नु भएको छ । उहाँ बौद्ध अनुयायी भएको र उसबेला भिक्षु अमृतानन्द महास्थविरज्यूबाट पनि नेपालमा एक बौद्ध विहारको स्थापना गर्ने अथक प्रयासपछि स्वयम्भूमा आनन्दकुटी विहारको स्थापना भएको थियो । त्यस्ताका नेपालमा बौद्ध धर्मको कुनै संघ संस्था खोल्न राणा शासकहरूले दिएका थिएनन् र त्यस्को फलस्वरूप गौतमबुद्ध जन्मेको देश नेपालमा बौद्ध धर्मको दर्शन दिने खालको एक विहारको निकै आवश्यक परेको थियो । जुन संस्थाले काठमाडौंका



Downloaded from http://dhamma.digital





बौद्धमार्गीहरूको एक संगठनको विकास होस् र जसबाट बौद्ध शिक्षा पनि आरंम्भ होस् भन्ने अभिलाषाका साथ उहाँ र भिक्षु डा. अमृतानन्द महास्थविरको पारस्परिक सहयोगमा इँटाको भर माटो र माटोको भर इँटा भने झैं दुवैको पारस्परिक सहयोगबाट सर्वप्रथम आनन्दकुटी विहारभित्रै विद्यालयको स्थापना २००८ मा भयो। पछि भिक्षु अमृतानन्द महास्थविरको नेतृत्वको भिक्षुसंघ र न्हुच्छेबहादुर सरको अथक प्रयासबाट यस विद्यापीठमा आवासीय विद्यार्थी संख्या बढ्दै जाँदा त्यस ताकाका प्रधानमन्त्री मातृकाप्रसाद कोईराला तथा श्री ५ त्रिभुवनको निगाहबाट हालको विद्यालय हाता र केही भवनहरू विद्यालय संचालनका लागि प्राप्त भएपछि यस विद्यालयले द्रुत गति लिन थाल्यो। यसरी आनन्दकुटी विद्यापीठको स्थापना विस्तार र विकासमा न्हुच्छे सरको अतिनै संघर्षमय अथक प्रयास रहेको थियो भन्न सकिन्छ। यसरी आवासीय विद्यालयको अवधारणालाई नेपालभित्र ल्याउनमा उहाँको अग्रणी भूमिका छ भन्नेकुरामा कुनै शंका छैन। उहाँले यस विद्यापीठको व्यवस्थापनमा सफलता पाउँदै गएपछि उहाँकै अनुसारण गरी हाल नेपालमा निक्कै आवासीय विद्यालयहरू स्थापना भएका छन्। ती सबै आवासीय विद्यालयका व्यवस्थापन र संचालनमा कतै न कतैबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उहाँको योगदान रहेको हामी महसुस गर्न सक्तछौं। त्यसकारण म उहाँलाई नेपालको लागि आवासीय विद्यालयको प्रथम संस्थापक तथा प्रथम गुरु मान्दछु।

हुन त उहाँसंग मेरो प्रथम भेट आनन्दकुटी विद्यापीठको प्रांगणमा २०२९ साल चैतमा भएको थियो। म एक आंशिक भूगोल शिक्षकको रूपमा यस विद्यापीठमा प्रवेश गरेको थिएँ। उहाँको व्यक्तित्व उहाँसंगको वार्तालाप, त्यसबेलाको विद्यापीठको व्यवस्थापन, छात्रहरूको उहाँ प्रतिको आदर, उहाँप्रतिको अनुशासन आफूले प्रत्यक्षरूपमा अवलोकन गरी हेर्दा म आफैंउहाँ देखि प्रभावित भएर उहाँको तालिम र निर्देशनमा एक आवासीय शिक्षकको रूपमा यस विद्यापीठको सेवा गर्ने मनमनै संकल्प गरें र मेरो संकल्प ०३१।३२ को शैक्षिक सत्रमा पूरा भयो र त्यसबेला यस आनन्दकुटी विद्यापीठका प्रधानाध्यापक श्री स्व. रत्नबहादुर बज्राचार्य हुनुहुन्थ्यो भने उहाँ न्हुच्छे सर होस्टल सुपरिवेक्षक हुनुहुन्थ्यो। मैले दैनिक पठन पाठन प्रधानाध्यापकको निर्देशनमा गरिनु पर्दथ्यो भने होस्टलको कार्य न्हुच्छेसरको



Downloaded from http://dhamma.digital

निर्देशनमा गरिनु पर्दथ्यो । मेरो अनुभवमा दैनिक कक्षा संचालन भन्दा पनि होस्टल संम्बन्धी हाउस इन्चार्ज भई काम गर्नु मेरो लागि ठूलो चुनौतीपूर्ण कार्य थियो । यस्तो चुनौतीपूर्ण कार्यमा सफलता पाउन पनि निक्कै कठिनाई थियो । मुल कुरा विभिन्न प्रकारका विद्यार्थीहरूलाई विद्यालयको आवासीय नियमहरूमा बाँधेर पठन पाठनमा तल्लिन गराउनु । तर उहाँको निर्देशन, तालिम उहाँले दिनु हुने हौसलाबाट काम गर्दै जाँदा म एक सफल आवासीय शिक्षकमा परिणत हुन पुगें र मेरो लागि चुनौतीपूर्ण कार्य पनि सरल र सहज हुँदै गयो । यसबाट यो प्रमाणित हुन्छ कि उहाँ आवासीय विद्यालय संचालन गर्नमा निपुण हुनुहुन्छ । मेरो जीवनमा उहाँ नै मेरो पहिलो गुरु हुनुहुन्छ जसले मलाई विद्यार्थीहरूसंग कसरी समयानुसार व्यवहार गर्नुपर्छ, कसरी विद्यार्थीहरूको मनोविज्ञान अध्ययन गरी मनोवैज्ञानिक तरीकाबाटै उपचार गरी पठनपाठनमा आकर्षक गराउनु पर्छ, विद्यार्थीलाई अनुशासनमा राख्ने विविध उपायहरू, विभिन्न सहज र अहसज परिस्थितिमा कसरी आफू विद्यार्थीहरूसंग एक शिक्षक भई समायोजन हुने आदि मूल मन्त्रहरू मैले उहाँबाटै पाएको हुँ र उहाँकै तालिमबाट म परिपूर्ण भएर यस शैक्षिक पेशामा म गत ३४ वर्ष देखि यही पेशामा तल्लिन छुँ र हालसम्म एक सफल सह-प्राध्यापकको रूपमा यस समाजमा उभिएको छु । यसरी उभिनुमा म माथि उहाँको नि:स्वार्थ गुण छ । यो गुण म कहिल्यै पनि विर्सन सक्तिन ।

यस आनन्दकुटी विद्यापीठका प्रथम प्रध्यानाध्यापक श्री न्हुच्छेबहादुर बज्राचार्य नै हुनुहुन्थ्यो । उहाँले नै कक्षा १० मा अध्ययनरत आफ्ना भतिजा स्व. श्री रत्नबहादुर बज्राचार्यलाई आनन्दकुटी विद्यापीठको शिशुकाल देखिनै विद्यालयको संचालन, पठन पाठन आदि कार्यमा तालिम तथा सरिक गराउनु भएको थियो र श्रीरत्नबहादुर बज्राचार्यले उहाँको तथा आफ्नो ससुरा श्री डा. भिक्षु अमृतानन्दको छत्रछाँयामा ४० वर्षभन्दा पनि बढी समय यस विद्यापीठको प्रधानाध्यापक भई सेवा गर्नु भएको थियो ।

यसरी नै उहाँकै तालिम र प्रेरणा पाएर उहाँकी धर्मपत्नी श्रीमती केशरी बज्राचार्यले पनि आनन्दकुटी विद्यापीठ हाताभित्र नै एक आवासीय शिक्षिका बनी ३० वर्ष आफ्नो सेवा प्रदान गरी शिक्षा जस्तो अति अनिवार्य विषयको विकास र विस्तारमा



Downloaded from http://dhamma.digital





आफ्नो अमूल्य समय प्रदान गर्नुभई आफ्ना पति न्हुच्छेसरको शिक्षाको विकास गर्ने अभियानमा काँधमा काँध मिलाएर अघि बढि रहेको हामी हालसम्म पनि देख्दछौं ।

उहाँकै प्रेरणा र व्यवस्थापनबाट प्रभावित भई वि.सं. २०२६ सालमा यस विद्यालयका भूतपूर्व प्रधानाध्यापक श्री लक्ष्मण राजवंशीज्यूले सिद्धार्थवनस्थलीको स्थापना गर्नुभई देशको शैक्षिक विकासको अभियानमा गहन योगदान हालसम्म गर्दै हुनुहुन्छ ।

विद्यालयको स्थापनाकालदेखि २०३० सालसम्म विद्यालयको संचालक समितिमा न्हुच्छेसर कुनै न कुनै रूपमा सदस्यको भूमिका निर्वाह गरी विद्यालयको विकास र विस्तारमा सकृय हुनुहुन्थ्यो तर पछि राष्ट्रिय शिक्षा पद्धति अनुसार सहयोग समितिको पुनर्गठन भएपछि आनन्दकुटी विद्यापीठ सरकारीकरण हुन पुग्यो र सरकारीकरण भएपछि पुराना संस्थापकहरू, संचालकहरूको नयाँ शिक्षा नीतिले राम्ररी मूल्यांकन गर्न सकेन र विद्यालयको संचालनमा सरकारबाट नियुक्त सहयोग समितिका सदस्यहरू र सदस्य सचिव प्रधानाध्यापकलाई बनाउने जस्ता नीतिहरू आउन थालेपछि पनि न्हुच्छेसरले आनन्दकुटी विद्यापीठभित्र बस्नु भई होस्टेल सुपरिण्टेन्डेन्टको रूपमा मात्र सेवा गरी सरकारी नियम अनुसार नै विद्यालयबाट २०४२ वि.सं. मा अवकाश प्राप्त गर्नुभयो ।

अवकाश प्राप्त भएर पनि उहाँ चुप लागेर बस्नु भएन । विश्वका अनेकौं बुद्धधर्म संम्बन्धी संघ संस्थाको सदस्य भएर पुनः विश्व भ्रमण गर्ने क्रम जारी राख्दै पुनः एक नयाँ विद्यालय मैत्री शिशु विद्यालय आफ्नै निवास छाउनीमा स्थापना गर्नुभयो र उक्त विद्यालयको सहयोग समितिमा स्थापनाकालदेखि केही वर्षहरू स्वयम् म पनि सदस्यको रूपमा विद्यालयको सहयोग गर्ने अवसर पाएको थिएँ । उक्त विद्यालयको स्थापनाकालदेखि २०६२ साल अर्थात् ८६ वर्ष सम्म उमेर पुगेर पनि आफ्नो जीवनको अन्तिम समयसम्म पनि विद्यालय संचालनमा फाउण्डर प्रिन्सिपल भई कार्य गर्नुभई आफ्नो देह त्याग गर्नुभयो । तसर्थ उहाँले आफ्नो जीवनको प्रारम्भिककालदेखि अन्त्यसम्म बुद्ध धर्मको र शिक्षाको विकासमा आफ्नो सम्पूर्ण



Downloaded from http://dhamma.digital

जीवन प्रदान गर्नु भएका श्री न्हुच्छेसरको हाम्रो समाजमा कहिल्यै पनि विर्सन नसक्ने गहिरो छाप पर्न गएको छ । हामीले उहाँको कार्यहरूलाई कदर गर्नुपर्छ । उहाँको शिल स्वभाव, विश्वास, कार्यशैलीलाई अनुकरण गरी नेपालको शिक्षाको विकासको अभियानमा अग्रसर हुनुपर्छ भन्ने मेरो धारणा छ ।

आनन्दकुटी विद्यापीठ आफ्नो स्थापनाकालदेखि २०४० सालसम्म अति चर्चित र अनुकरणीय विद्यालयको रूपमा प्रस्तुत गर्न उहाँको अतुलनीय योगदान रहेको थियो । श्री ५ को सरकारले शिक्षामा उदार नीति अवलम्बन गरेपछि देशमा धेरै संख्यामा निजी स्तरका विद्यालयहरू धेरै देखा परे, परिणाम स्वरूप अब सबैले कठिन प्रतिस्पर्धामा उठ्नु पर्‍यो । यस्तो अवस्थामा पनि उहाँले मैत्री शिशु विद्यालयको स्थापना गर्नुभई एक उत्कृष्ट निजीस्रोतका आवासीय विद्यालयको रूपमा विकास गर्न उहाँ चुक्नु भएन । आफ्नो जीवनकालको अन्तिम समयसम्म पनि शिक्षा क्षेत्रमा यसरी आवद्ध हुनुभई देश, समाजको सेवा गर्ने व्यक्ति हाम्रो समाजमा विरलै पाइन्छन् । सरकारी नीति जतिसुकै उद्धार भएतापनि शिक्षालाई व्यापारीकरण गर्नु उहाँको नीति विरोध पूर्ण भएको कुरालाई मनन् गरी हामीले शिक्षाको विकास गर्नुपर्छ भन्ने ज्ञान हामी उहाँबाट पाउँछौं ।

तसर्थ उहाँको जीवनबाट हामी पनि प्रेरित हुन्छौं कि हामी पनि चुप लागेर नबसौं र केही न केही काम गरेर यो समाजलाई उत्कृष्ट बनाउने कार्यमा उहाँले जस्तै एक संघर्षमय जीवन बिताऔं, स्वाभिमानी बन्न सिकौं र अन्तमा उहाँको आत्माको चिर शान्तिको पनि कामना गरौं ।

■



Downloaded from http://dhamma.digital





# बौद्ध विद्वान तथा शिक्षाप्रेमी न्हुच्छेबहादुर बज्राचार्य

ईश्वरमान सिंह
स्वयम्भू भगवान् पाउ
वनस्थली मार्ग, काठमाडौं ।

नेपालको बौद्ध धर्मको उत्थान प्रचार तथा शिक्षा क्षेत्रमा स्वर्गीय न्हुच्छेबहादुर बज्राचार्यको ठूलो योगदान थियो । यस्ता महान् व्यक्तिको विषयमा आनन्दकुटी विहार गुठीको तत्वावधानमा एक स्मृतिग्रन्थ प्रकाशित गर्न लागेको कार्य सराहनीय छ ।

सो स्मृतिग्रन्थ प्रकाशनका बारेमा रचना वा संस्मरण लेखेर दिन भिक्षुकुमार काश्यपज्यूको पत्र पाएकोले स्वर्गीय न्हुच्छेबहादुर बज्राचार्यको बारेमा मेरो प्रत्यक्ष सम्पर्क, कुराकानी र आपसी सहयोगबारे तथा उहाँका विविध पक्षका योगदानहरू सम्बन्ध केही कुराहरू प्रस्तुत गर्न चाहन्छु ।

मलाई त्यो दिनको सम्झना आउंदछ, यो सम्झना विगत २०५८ साल माघ १८ गते मेरा पिता गणेशमान डंगोल निधन हुनुभयो । पिताजीको निधनको बारेमा विभिन्न पत्र पत्रिकाबाट प्रकाशित समाचार र मेरो जेठा ज्वाई उत्तम सुवालकोतर्फबाट थाहा पाउनु भएपछि त्यसबेला न्हुच्छेबहादुर माष्टर साहेव मेरो घरमा मलाई समवेदना प्रकट गर्न आउनु भएको सम्झना आउँदछ । मेरो पिताजीले उहांलाई धेरै वर्ष अगाडिदेखि नै चिन्नु भएको थियो ।

केही वर्ष अगाडिको कुरा हो न्हुच्छेबहादुर माष्टर साहेवले उहांले स्थापना गर्नु भएको मैत्री माध्यमिक विद्यालय छाउनीको लागि एउटा हिसाब किताब राख्ने एकाउण्टेण्ट ल्याइ दिनु पऱ्यो भनी यो लेखका लेखक म ईश्वरमान सिंहलाई भन्नु भए अनुसार उत्तम सुवाललाई परिचय गराइ दिएं र उहांले त्यस कामको लागि उत्तम सुवाललाई राख्नुभयो ।



Downloaded from http://dhamma.digital

नेपालमा भरखर मात्र प्रजातन्त्र आएको २००७ सालपछि २००८ सालमा आनन्दकुटी विहार स्वयम्भूमा स्वर्गीय भिक्षु अमृतानन्द महास्थवीर र न्हुच्छेबहादुरको सक्रियतामा आनन्दकुटी विद्यापीठको स्थापनामा योगदान दिनुभयो । आनन्दकुटी विहारमा सो स्कुल स्थापना भइ विद्यार्थीहरूलाई पढाइ रहेको समयमा म पनि त्यसबेला जुद्धोदय पब्लिक हाई स्कुलमा आठ क्लासमा अध्ययन गरिरहेको थिए ।

धर्मले बौद्ध नागरिक भएकाले स्कुलको जीवनमा आनन्दकुटी विहारको माथिल्लो भागमा एक बौद्ध धार्मिकस्थल पनि रहेकोले त्यहाँ ध्यान गर्नेस्थल पनि रहेको थियो । काठमाडौंको इन्द्र चोकको पूर्वपट्टि रहेको मू बाहाका निवासी योगरत्न बज्राचार्यले गृहत्याग गरी आफ्ना चार छोराहरू पनि साथमा ल्याइ त्यस स्थल ध्यान कुटीमा बस्न आउनु भएको थियो । त्यस ध्यानकुटीमा म त्यस योगरत्न गुरुको मार्ग अनुसार ध्यान भावना लिने गरेको थिए । माथि ध्यान गर्ने र तल आनन्दकुटी विहारमा स्थापित आनन्दकुटी विद्यापीठमा न्हुच्छेबहादुर माष्टर कहां फुर्सदको समयमा अंग्रेजीको ट्यूशन बराबर पढ्ने मौका पाएको थिए ।

आनन्दकुटी विहारमा सुरुमा स्थापित आनन्दकुटी विद्यापीठमा प्रशासनका साथै पढाउनमा पनि त्यतिकै निपूर्ण हुनु हुनुहुन्थ्यो । सा-साना बालकहरू र अन्य विद्यार्थीहरूलाई फकाउने र सम्झाउने गरी पढाउने कार्य गर्नु हुन्थ्यो ।

एक पटकको सम्झना आउंछ न्हुच्छेबहादुर माष्टर साहेवले खोलि राख्नु भएको छाउनीको मैत्री शिशु विद्यालयमा मेरो छोरा सागरमान सिंहलाई वोर्डर गरी राखेको थिएँ । एक पटक स्कुल बिदामा बसिरहेको थियो । स्कुल खोल्ने बेला भएपछि किन कुन्नी स्कुलमा जान मानेन । आमा चाहिले, बाज्या चाहिले र मैले फकाइ फुकाई स्कुल पठाउन खोजेको पटक्कै जान मानेन र आमा चाहिले हप्काउँदै लैजान खोजे । भगवान् पाउबाट वनस्थली जाने बाटोमा घरबाट छाउनी स्कुल सम्म सागरको आमाले हप्काउँदै गालि गर्दै र कहिले कहीं फकाउँदै स्कुलसम्म पुऱ्याए । स्कुलमा यसरी फकाइ र हप्काउदै स्कुलमा ल्याएको थाहा पाई न्हुच्छेबहादुर माष्टर साहेवले छोरा सागरलाई नरम रूपमा फकाई भित्र लगे र सागरलाई घरबाट यहाँ किन आउन नमानेको बाबु ल भन । स्कुलका भवन मध्ये एउटा भवन देखाउनु भई



Downloaded from http://dhamma.digital



हेर सागर बाबु अब तिम्रो घर यहाँ पनि उं छेउमा रहेको त्यो घर तिम्रो हो भनी देखाउनु भयो र हामी आमा बाबुलाई अब सागर तिम्रो घरमा आउँदैन यसले घर पाइसकेको छ भनी हाम्रै अगाडि भन्नु भई फर्काउनु भयो । यो संस्मरणबाट उहां विद्यार्थीहरूलाई कसरी फकाउनु पर्दछ र पढाउनु पर्दछ भन्ने मनोविज्ञान राम्रो भएको पाएको छु ।

यस्तै प्रकारले उहां आनन्दकुटी विहार गठीको उपाध्यक्ष समेत हुनु भइ राम्रो संचालन गर्नुभएको म पनि त्यस विद्यापीठको आजीवन सदस्यको हैसियतले बरोबर वैठकमा बस्ने मौका मिलेको थियो । गुरुपूर्णिमाका दिन आनन्दकुटी विहारमा प्रत्येक वर्ष मलाई पनि आउनु भनी बोलाउने गर्नु हुन्थ्यो । यी कुराहरू अहिलेसम्म सम्झना आउंदछ ।

यसकारण स्वर्गीय न्हुच्छेबहादुर बज्राचार्य एक महान् बौद्ध विद्वान् र बौद्ध धर्मकै विकासमा ठूलो योगदान दिनु भएका नेपालको शिक्षा विकासमा जीवन पर्यन्तसम्म लाग्नु भएको सम्झन्छु ।

■



Downloaded from http://dhamma.digital



# सम्झनाका केही क्षणहरू

सुजाता बज्राचार्य
कुपण्डोल

यस धरतीमा मेरो परिचयको एक पन्ना मेरो बाको नामबाट लेखेको छ। मेरा बा एक शान्त स्वभावको अतिनै व्यवहारिक र सहनशिल भएको व्यक्ति हुनुहुन्थ्यो। मेरो वचपन उहाँको माया र ममताको छत्रछाँयामा अतिनै रमाईलोसंग बितेका थिए। उहाँको स्वर्गारोहणबाट मेरो जिन्दगीमा ठूलो सहराको कमी भएझै म महसुस गर्दैछु। कुनै पनि आपत विपतमा वहां मेरो ठूलो भरोसाको रूपमा हुनुहुन्थ्यो।

आज फेरि मेरा यी नयन्हरू रसाउदै छ। मनमा उठेका सम्झनाका केही क्षणहरू मेरो हृदयमा पिडा उत्पन्न गर्दैछन्। म फेरि एक पल्ट एकान्त बाटोमा उद्देश्य विहिन भै उभिएझैं लागेको छ। मेरो मन मस्तिष्कबाट सबै सम्झनाहरू विलिन भै म शून्यमा परिणत भए जस्तो अनुभव गर्दैछु।

मेरा बाले आफ्नो जिन्दगीमा भोग्नु भएका सुखः दुःखका घटनाहरू मैले चार दशक अनुभव गरेको छु। उहाँ कहिल्यै पनि कुनै पनि दुःख, पिडाबाट छटपटाउनु भएको मैले अनुभव गरेको छैन। उहाँ पनि हामी जस्तै एक मानव हुनुहुन्थ्यो, लाखौं दुःख पिडाहरू उहाँमा पनि थिए होला तर मेरो सामु कहिल्यै आफ्नो अनुहारमा प्रकट गर्नु भएन। उहाँको यस स्वभावबाट म अतिनै प्रभावित छु। सम्पूर्ण दुःख, पिडाहरू आफ्नो मनभित्र छिपाउनु आफ्नै नयनबाट लुकाउनु मैले उहाँबाटै सिकेको छु। मेरो वचपन उहाँको न्यानो मायाको छहरीमा बितेका थिए। तसर्थ मेरा हरेक सोचाई, तथा व्यवहार उहाँबाट निर्देशित ज्ञानरूपी ज्योतीबाट प्रभावित छन्।



Downloaded from http://dhamma.digital



मेरा बा मलाई केही सिकाउने हरदम प्रयासमा सदा तत्पर रहनु हुन्थ्यो जुन म हिजो आजका दिन जस्तै झलझल सम्झन्थें । एक सफल शिक्षक, शिक्षाविदको नाताले हरेक विषयमा मलाई ज्ञान दिनु उहाँको व्यवहारिक धर्म नै थिए । तर आफुले ती ज्ञानहरू समयमै उहाँबाट लिन नसक्नु नै मेरो जिन्दगीको एउटा कमी आज म अनुभव गर्दैछु ।

गौतम बुद्धका अनुयायी मेरा बा एक सत्यवादी व्यक्तिको रूपमा सबैले चिन्नु हुन्थ्यो । हामीलाई सदा सत्य बोल्न प्रेरित गर्नु हुन्थ्यो । झूठो बोल्ने, छलकपट गर्ने व्यक्ति उहाँको नजरबाट सदा गिरेको मैले अनुभव गरेको छु । आफुले गरेका कतीपय गल्तीहरू उहाँ सबैको सामु निर्धक्क भै सुनाउनु हुन्थ्यो । आज म अनुभव गर्दै छु, उहाँको सत्यवाद नै उहाँलाई यस संसारमा एक सफल व्यक्तिको रूपमा चिनाउन सफल भएको छ । यस देशमा मात्र नभई विदेशमा समेत वहांका साथीहरूको माझ लोकप्रिय हुनु भएको छ ।

सायद कमै मानिस उहाँले झै सहास पूर्वक विश्वभ्रमण गर्नु भएको होला । आफुलाई सदा अरू भन्दा एक कदम् अगाडि नै राख्ने उहाँको स्वभाव थियो । उहाँले विदेशबाट सिकेका धेरै नौलो अनुभवहरू आफ्नो व्यवहारिक जिवनमा पनि लागु गर्नु भयो । आनन्दकुटी जस्तो शिक्षा संस्थालाई संस्थापन गर्नुभयो तर आफुले गरेका उपलब्धिहरू अरूलाई हाँसी हाँसी हस्तान्तर गर्नुभयो । यो नै उहाँको जिन्दगीको ठूलो त्यागको रूपमा हामी लिन सक्छौं ।

मेरा जिन्दगीका चार दशकका मेरा बाको सम्झनाहरू केही शब्दहरूमा कोर्ने र सीमित गर्न म अवश्य पनि असमर्थ छु । कतिपय सम्झनाहरू एक सपनाझैं धमिलिदै गएका छन् तर केही सम्झनाहरू मेरो मस्तिष्कमा लकिर झैं कोरिएको छ ।

■



Downloaded from http://dhamma.digital



# मेरो बा

सुप्रिया बज्राचार्य

मेरो बा मेरो आदर्श हुनुहुन्छ। मैले जे जति स्कुलको बारेमा सिकें सो मेरो बा सँगसँगै काम गरेर सिकें।

मलाई बाले जापान, बेलायत अध्ययनको लागि पठाउनु भयो। मलाई हरेक क्षणमा, कुनै पनि बेला उहाँले सहयोग गर्नुहुन्थ्यो। आज मलाई खाली खाली जस्तो अनुभव हुन्छ। उहाँको सम्झनामा आँखा रसाएर आउँछ। म जहिले पनि स्कुलको बारेमा सल्लाह सुझाव लिन बा कहाँ पुग्थें र उहाँको सल्लाह र उहाँको कुरा सुनेपछि आफुलाई हौसला मिल्थ्यो। मैले उहाँबाट स्वाबलम्बी र मेहनती हुन सिकें। आफ्नो काममा लगनशील र मेहनती भयो भने सफलता मिल्छ भन्ने कुरा उहाँबाट सिकें।

■



Downloaded from http://dhamma.digital





# प्रातः स्मरणिय बालाई श्रद्धाञ्जलि

ओजेश बज्राचार्य

आज म जुन ठाउँमा छु । मेरा बाको प्रेरणाबाट नै उठेको छु । स्कुल सम्बन्धी काम काजहरूमा बराबर भनी रहनुहुन्थ्यो, काम गर्दा अपवादहरू आयो भनेर पछाडि नहट्नु । आफुले जानेर न जानेर गल्तीहरू भए, सच्याउने भावनालाई न विर्सनु

सदा इमान्दारी, सचरित्रलाई कहिले न छोड्नु । यस्ता थुप्रै प्रेरणाका कुराहरू, मेरो संस्मरणभित्र हरहमेशा आइरहेको छ, उहाँका यीनै भावनालाई जीवनमा उतार्ने प्रण गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

■



Downloaded from http://dhamma.digital



# न्हुच्छेबहादुर बज्राचार्यमा हार्दिक श्रद्धाञ्जली

बालकृष्ण श्रेष्ठ

"गुरु र ब्रह्मा गुरु र विष्णु गुरु र देवोमेहेश्वर गुरु र साक्षात् परब्रह्म तस्वै श्री गुरुवेनमह:"

उहाँ मेरो गुरु हुनुहुन्छ, उहाँको सम्झना आउँदा मेरा यी दुई आँखा रसाउँछन् । उहाँको आत्मालाई चिरशान्तिको कामना गर्दछु ।

■



Downloaded from http://dhamma.digital





# संस्मरण न्हुच्छेबहादुर बज्राचार्य

प्रा.गोविन्द नारायण "ज्या-पू"
(ज्यापू माष्टर)

आदरणीय स्व. न्हुच्छेबहादुर बज्राचार्य भन्ते भिक्षु अमृतानन्दज्युको संरक्षण र निर्देशनमा आनन्दकुटी बौद्ध विद्यापीठ (विद्यालय) को संस्थापकहरूमध्ये एक सक्रिय संस्थापक साथै एक बलियो खम्बा पनि हुनुहुन्छ । उहाँ आनन्दकुटी विद्यापीठका छात्रावासको व्यवस्थापक, सुपरिन्टेण्डेण्टको साथै शिक्षक समेत भइकन निवृत नभएसम्म झण्डै ५ दशक भन्दा बढी सेवारत हुनुहुन्थ्यो ।

श्रद्धेय स्व. न्हुच्छेबहादुर बज्राचार्य जापान लगायत अरू विभिन्न देशहरू भ्रमण गरी शिक्षा प्राप्त गरी आउनु भएकोले पनि आनन्दकुटी विद्यापीठ स्थापना र संचालन गर्न उहाँको ठूलो योगदान पुग्न गएको सर्व विदितै छ ।

नेपाल अधिराज्यमा भिक्षु अमृतानन्द भन्तेको संरक्षण र निर्देशनमा संचालन भएको आनन्दकुटी विद्यापीठ सर्व श्रेष्ठ बौद्ध आवासीय माध्यमिक विद्यालय बन्न सकेको हो भन्न अत्युक्ति हुँदैन होला भन्ने ठान्दछु । यसपछि आनन्दकुटी विज्ञान सह महाविद्यालय (क्याम्पस) को साथै आनन्द कुटी महिला विद्यापीठ पनि थपिन्दै गयो । उपरोक्त बौद्ध शैक्षिक संस्थाहरू भएता पनि सर्व धर्मका विद्यार्थीहरूको सहभागिताले गर्दा पनि विश्वमा ठूलो प्रसिद्धि पाएका हुन् ।

आनन्द कुटी विहार, आनन्दकुटी बौद्ध आवासीय विद्यापीठ, आनन्दकुटी विज्ञान सह क्याम्पस तथा आनन्दकुटी महिला आवासीय विद्यालयको व्यवस्थापन र संचालनको साथै शिक्षण कार्यमा समेत बज्राचार्य परिवारः दाज्यू नाटचगुरु स्व. कान्छा गुरूज्यू स्व. न्हुच्छेबहादुर बज्राचार्य, श्रीमती केशरी बज्राचार्य, भतिजा भू.पू. प्र.अ. स्व. रत्नबहादुर बज्राचार्य, भतिजा वुहारी श्रीमती विमला बज्राचार्य तथा



Downloaded from http://dhamma.digital

प्रशासक हिरा वहादुर बज्राचार्य अरू भतिजा, भतिजी, छोराछोरी आदि धेरै जसोको विभिन्न क्षेत्रहरूमा अटूट सहभागिता रहेको अति प्रशंसनीय छ ।

उपरोक्त शैक्षिक संस्थाहरूमा विभिन्न अतिरिक्त कृयाकपालको साथै जीवन उपयोगी शिक्षामा गनिने विश्वव्यापी स्काउट शिक्षाको पनि संचालन गर्न गराउने व्यवस्था थियो । श्रद्धेय स्व. न्हुच्छेबहादुर बज्राचार्यको कार्याकालमा आनन्दकुटी विहार, आनन्दकुटी विद्यापीठ तथा क्याम्पसको प्रागङ्गणमा समेत नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको संयोजनमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्काउटर (शिक्षक शिक्षिका) तालिम क्याम्पहरू पनि संचालन गर्न मौका प्रदान गरेका थिए । ती तालिमहरूमा भू.पू. प्र.अ. स्व. रत्नबहादुर बज्राचार्य, भू.पू. प्र.अ. श्री लक्ष्मण राजवंशी, तथा आनन्दकुटी विज्ञान क्याम्पसका भू.पू. प्राचार्य स्व. परासरनारायण सुवाल, साथै अरू शिक्षक शिक्षिका र प्राध्यापकहरू समेतको सहभागिता थियो ।

आनन्दकुटी शैक्षिक संस्थाहरूका विद्यार्थीहरू स्काउटहरू र शिक्षकहरूको समेत सक्रिय सहभागिताको फलस्वरूप स्काउट ज्याम्बोरी र तालिममा भू.पू. विद्यार्थी स्काउट किरण दत्त तिवारी, अष्ट्रेलियामा, आङनिमा सेर्पा तथा विन्देश्वर यादव आदि भारतमा तथा उच्च तालिममा भू.पू. प्र.अ. श्री लक्ष्मण राजवंशी पाकिस्तानमा सहभागिता प्राप्त गर्नु भएकाले नेपाल स्काउट सगौरव प्रशंसा गर्दछ ।

श्रद्धेय स्व. न्हुच्छेबहादुर बज्राचार्यज्यू मृदुभाषी, हंसमुख, अति मिलनसार, कर्मठ, कर्तब्यनिस्ठ, दूरदर्शी, व्यवहारिक तथा परिवारिक, मैत्री, भ्राता भगिनित्वको व्यवहार गर्नु हुने समाज सुधारक तथा शिक्षावीदको साथै एक महान् आदर्श पुरुष हुनुहुन्थ्यो ।

उहाँसंग मैले पनि त्यस विद्यालयको स्काउट माष्टर र शारीरिक शिक्षाको शिक्षकको हैसियतले उहाँसंग झण्डै २ दशक सहकार्य गर्न शौभाग्य पाएको थिएँ । उहाँको साथमा सहकार्य गर्दाको आदर्शभावनाहरूको संस्मरण आज पनि झलझली संझना आइरहन्छ । श्रद्धेय स्व. न्हुच्छेबहादुर बज्राचार्यको संस्मरण गर्दै उहाँको चिर शान्तिको लागि भगवान् बुद्धसंग हार्दिक प्रार्थना गर्दछु ।

**नमो बुद्धाय ! नमो धर्माय !! नमो संघाय !!!**



Downloaded from http://dhamma.digital







# अति गहिराईबाट निस्किएका शब्दहरू:

शारदा शाक्य
मैत्री स्कुल, छाउनी

दुई शब्द लेख्न मलाई अति कठिन छ । के नै शब्द व्यक्त गरौं, कुन संस्मरणलाई छानेर अगाडि चढाऊँ तपाईं हेडसरलाई- शब्दको खाँचो मात्र नभएर यो जुनीमा जति खोज्ने कोशिस गरेपनि सायद सक्दिन मैले यो मेरो उद्‌गारलाई सादर प्रणाम गर्छु तपाईं (भेना) लाई ।

सर्वप्रथम मैले उहाँलाई लण्डनमा राम्ररी चिनें । पारिवारिक नाताले भिनाजु पर्नु हुन्छ । वहाँको चेहरा व्यक्तित्त्व देख्दा र कुराकानी गर्दा अति रमाइलो विदेशी साथीहरूले साह्रै मन पराउने मात्र होइन, वहाँको विचार र भावनालाई साह्रै कदर पनि गर्ने । जब म Dorset, England मा बस्दा (दिदीको घर) नेपालको विद्यार्थी (वहाँको पुरानो छात्र पनि हो) र अरू लण्डन नागरिक विद्यार्थीहरू आएर बौद्ध साहित्य र धर्मबारे केही प्रश्नहरू राखे, ती प्रश्नहरूको उत्तर उहाँले यति सरल ढंगबाट करिब २ घण्टाजति उनीहरूसंग सम्वाद गरेर दिनुभयो र ती विदेशी विद्यार्थीहरूले यति आदर गरे कि म तीन छक्क परें ।

अर्को एउटा अनौठो संस्मरण के भने उहाँलाई बेलुकाको समयमा रसरंग ठट्टा र मजाक गर्नुपर्ने जीवनको यात्रामा एक्लोपनको भावना व्यक्त गर्दै कहिले रातो मुख पार्दै हाँस्नुहुने, कहिले रोईपनि दिने यस्तै यस्तै । १८ महिनापछि म लण्डनबाट बिराटनगर जानलाई काठमाडौं आएँ । त्यो बेला उहाँको आफ्नो निवासमा एउटा स्कूल खोल्नुभएको रहेछ । त्यो स्कूल भर्खरै शुरू भएको र सुप्रियालाई एउटा सहायकको अति आवश्यकता परेकोले मलाई अनुरोध गर्दै भनिन् -"तपाईं अहिले विराटनगर किन जाने ? मलाई अलि सहयोग गरिदिनुस् न - आमाले आनन्द कुटी छोड्छु भन्नु हुन्छ - अहिलेसम्म उहाँ त्यहीं व्यस्त हुनुहुन्छ, बालाई पनि गाह्रो छ, दुई



Downloaded from http://dhamma.digital

स्कुल धानुपर्दा बालाई स्वास्थ्यको पनि ख्याल गर्नै पऱ्यो ।" यस्तै गनथन, विचार र कठिनाईलाई मैले नाईं भन्न सकिंन । म काठमाडौं नै रहें ।

पछि दुई चार वर्ष बित्यो, कामको बाँडफाड गर्ने तरीका मलाई चित्त बुझेन, उहाँसग विचार तर्क गर्नपनि सकिएला जस्तो भएन, यसरी दिनक्रम बितेको डेढ दशक नाघिसक्दा पनि जस्ताको तस्सतै जीवनको मोडलाई मैले सम्हाल्न सकिँन । काम गर्दा अलि उहाँहरूलाई सन्तोषजनक नभएको जसतो मलाई लाग्दथ्यो, मेरो आफ्नो स्वतन्त्र विचारको घमण्ड पनि नभएको होइन, आफ्नो कामप्रति आफूलाई इमान्दार बनाएकी छु ।

चाहे जे होस्, वहाँको सरसंगतबाट धेरै कुराहरू सिक्ने मौका पाएँ, जीवनको अर्थलाई बुझें । आज तिनै अर्ती उपदेश र जीवन दर्शनलाई संगालेर जीवन यात्रामा अगाडि बढिरहेकी छु । अन्तमा वहाँको मृत आत्माको चीर शान्तिको कामना गर्दै एउटा सानो कविता वहाँप्रति समर्पित गर्दै यो लेखलाई बिट मार्ने अनुमति चाहन्छु ।

"मैत्रीको आँगनमा हेडसरलाई सम्झँदा"

कस्तो दुखाई होला मनै पीरो हुने ।

कसलाई के भनौं केही औषधी नहुने ॥

झझल्को यादलाई बिर्सन गाह्रो हुने ।

कसरी बिर्सने ? बिर्सनै नसक्ने ॥

हाम्रो प्यारो हेडसरलाई ।

■



Downloaded from http://dhamma.digital







# बाजे न्हुच्छेबहादुर (एक संस्मरण)

अरणीतारा बज्राचार्य

"पञ्ञा नरानं रतनं" प्रज्ञा नै मानिसको रत्न हो भन्ने बुद्धवचनप्रति समर्पित व्यक्तित्त्व हुनुहुन्थ्यो दिवंगत न्हुच्छेबहादुर बज्राचार्य । उहाँले आफ्नो सम्पूर्ण जीवन शिक्षा क्षेत्रमा समर्पण गर्नुभएको थियो । पाटन, बुवहालको एक मध्यम वर्गीय बज्राचार्य कुलमा उहाँको जन्म भएको थियो । बुद्धधर्म अध्ययन गर्ने क्रममा उहाँ आफ्नो परम्परागत धर्ममा मात्र सीमित रहनु भएन । बुद्धधर्म अध्ययन गर्ने क्रममा उहाँले करिब ८ बर्ष श्रीलंकामा बिताउनु भयो । श्रीलंकास्थित विहारहरूमा अवस्थित शिक्षण संस्था परिवेणहरूद्वारा प्रभावित भएर नै उहाँले नेपालमा पनि यस प्रकारका बौद्ध शिक्षालयहरूको आवश्यकता महसुस गर्नुभयो । सन् १९५२ मा स्वयम्भू जस्तो पवित्र भूमिमा आनन्दकुटी विद्यापीठ स्थापनामा सक्रिय भूमिका निर्वाह गर्नुभयो । उहाँ यस विद्यापीठका सह-संस्थापक हुनुहुन्थ्यो ।

विद्यार्थीहरूमा सानैदेखि धर्म वीजारोपण गर्न विद्यालयमा धार्मिक वातावरण पनि थियो । बिहान चियापान गर्नु अवागै सबै विद्यार्थीहरूलाई पंक्तिबद्ध मिलाई श्रद्धेय भिक्षुहरू सम्मुख दैनिक रूपमा पञ्चशील ग्रहण गराइन्थ्यो । साथ-साथै त्रि-रत्नका प्रति अगाध श्रद्धा प्रकट गराउन "यो वद तं पव रोमनुजेसु साक्यमुनि भगवा कत किच्चू……." गाथा सबै विद्यार्थीहरू सम्मिलित भएर स-स्वर वाचन गराइने प्रचलन थियो । म पनि केही बर्ष आनन्दकुटी कन्या विद्यापीठको विद्यार्थी भएकोले यस विद्यापीठको केही संस्मरणको चर्चा गरेकी हुँ । आनन्दकुटी विद्यापीठमा केही वर्ष परियत्ति शिक्षा (बुद्ध धर्म शिक्षा) सुचारु रूपले संचालन भएको थियो तर हाल यसलाई निरन्तरता दिन सकिएको देखिदैन ।



Downloaded from http://dhamma.digital

आमाले आफ्नो शिशुलाई स्याहार सम्भार गरे झैं उहाँले यस आनन्दकुटी विद्यापीठलाई आफ्नो मायाममताले सिँच्नु भएको थियो। आफ्नो वासस्थानसम्म पनि त्याग गरी उहाँले स्कुलमा नै वसोवास गर्नुहुन्थ्यो । उहाँ धेरै बर्षसम्म अध्यापन कार्यमा संलग्न हुनुभयो । मेरा दिवंगत पिता पवित्रबहादुर बज्राचार्य पनि उहाँको विद्यार्थी हुनुहुन्थ्यो । वृद्धावस्थासम्ममा पनि उहाँ यस विद्यापीठमा पर्यवेक्षकका रूपमा रही विद्यापीठलाई धेरै योगदान पुऱ्याउनु भएको थियो । विद्यापीठबाट अवकाश प्राप्त भएपछि पनि शिक्षा क्षेत्रको लगावले नै उहाँले आफ्नै आवासगृहमा समेत मैत्री-शिशु विद्यालय स्थापना गर्नुभयो। आफ्ना सम्पूर्ण परिवार हरूलाई समेत यस शिक्षा क्षेत्रको महत्त्व दर्शाउदै सबै परिवारजनलाई यसै क्षेत्रतिर डोऱ्याउनु भयो ।

उहाँ विभिन्न धार्मिक-सामाजिक संघ-संस्थाहरूप्रति पनि निरन्तर आबद्ध हुनुहुन्थ्यो । उहाँमा विद्यमान साहस, लगनशीलता, उहाँले आफ्नो जीवनमा भोग्नु भएका संघर्षका कथा व्यथाहरू, उहाँको वैदेशिक भ्रमण, विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलनहरूमा उहाँको सहभागिता, उहाँको जीवनका तिता-मीठा अनुभवहरू सबै उहाँले "मेरा कथाका पन्नाहरू मार्फत सबैलाई खुल्ला किताबको रूपमा प्रकाशित गरीसक्नु भएको छ।

उहाँ घरमा पाहुना आएमा सबैलाई खुसीसाथ स्वागत गर्नु हुन्थ्यो। विदेशी मित्रहरूलाई जीवित देवी पाटनको कुमारी दर्शन गराउन ल्याउँदा प्रायः हाम्रो घरमा पनि आउनु हुन्थ्यो । आफ्नो जीवनको अनुभवहरू सुनाउनु हुन्थ्यो साथै व्यावहारिक जीवन सम्बन्धी शिक्षा दिनुहुन्थ्यो । शिक्षाले नै व्यक्तिलाई उन्नतिको मार्गतिर उन्मुख गराउँछ भनि हामीहरूलाई शिक्षाक्षेत्रमा प्रवेश गर्न सधैं प्रेरणा दिई रहनुहुन्थ्यो ।

सबै संस्कारित बस्तुहरू अनित्य हुन् भन्ने बुद्ध वचनको चरितार्थ गर्नुहुँदै उहाँ यस संसारबाट बिदा लिई जानुभयो । तर उहाँले बुद्ध धर्मको उत्थान र शिक्षाक्षेत्रमा गर्नुभएको योगदान अविस्मरणीय रूपमा सदा-सदा रहिरहनेछ ।



Downloaded from http://dhamma.digital



अन्तमा दिवंगत बाजे न्हुच्छेबहादुर बज्राचार्यलाई सबैप्रकारका दुःख र भवहरूबाट मुक्त निर्वाण चाँडै प्राप्त होस् भनी कामना व्यक्त गर्दछु ।

**भवतु सब्ब मंगलं !**

■



Downloaded from http://dhamma.digital



# गुरु न्हुच्छेबहादुर बज्राचार्यको सम्झनामा

अशोक मान शाक्य
सानेपा, ललितपुर

म आनन्दकुटी विद्यापीठमा पाँच बर्ष सम्म विद्यार्थी हुँदा न्हुच्छे बहादुर बज्राचार्यज्यूलाई अंग्रेजी विषयको शिक्षकको रुपमा घनिष्ट परिचित हुने मौका पाएको थिएं। वहाँले अंग्रेजी विषय पढाउनु हुँदा सधै अंग्रेजी भाषा नै बौल्नु हुन्थ्यो र विद्यार्थीहरूलाई पनि अनिवार्य रुपले अंग्रेजी भाषामै कुराकानी गर्ने प्रोत्साहित गर्नु हुन्थ्यो। फलस्वरूप मैले अंग्रेजी भाषालाई सरल ढंगले नै दैनिक जीवनमा प्रयोग गर्न सक्ने सीप विकास गर्ने मौका पाएँ। वहाँले अध्यापन गर्नु हुने अंग्रेजी विषयको कक्षामा वहाँको शिक्षण शैली साह्रै रोचक हुनाको कारण कुनै पनि कथावस्तुलाई विद्यार्थीहरूको मनमा घुसाउनको निमित्त वहाँले विभिन्न शारिरीक हावभाव गरी जीवन्त रुपमा प्रस्तुत गर्नु हुन्थ्यो। विशेषगरि वहाँको भ्रमणको बारेमा वर्णन गरी पढाउनु हुँदा मलाई अंग्रेजी साह्रै रमाईलो र ज्ञानवर्धक महसूस हुन्थ्यो। वहाँ एक मिलनसार प्रभावकारी र पथप्रदर्शक शिक्षक हुनुहुन्छ। आनन्दकुटी विद्यापीठमा मेरो पाँच वर्षको विद्यार्थी जीवनमा वहाँलाई शिक्षक मात्रै होईन सुपरिन्टेन्डेन्टको रुपमा पनि चिनिने अवसर पाएँ। वहाँ विद्यार्थीहरूलाई राम्रो सित अनुशासित बनाउनु हुन्थ्यो। आवासिय विद्यार्थीहरूलाई स्वस्थ र स्वादिलो खानाको व्यवस्था, सफा सुग्घरको पहिरन, राम्रो बोली, बानी र व्यवहार जस्तो गुणले युक्त हुने गरी तालिम गर्नु हुन्थ्यो। समय समयमा वहाँले विद्यार्थीहरूलाई काठमाडौंको सांस्कृतिक र धार्मिक महत्वका स्थानहरूमा शिक्षण भ्रमणमा लिएर जानु हुन्थ्यो। पाँच वर्षको छोटो अवधिमा मैले वहाँलाई धेरै निकट सम्पर्कमा पाउनु मेरो भाग्य सम्झन्छु। गुरु न्हुच्छेबहादुर बज्राचार्य एक आत्मीय व्यक्तित्वको रुपमा म सधै सम्झन चाहन्छु।

■



Downloaded from http://dhamma.digital





# नलेखिएका इतिहासका केही पानाहरु

सुवर्णलाल बज्राचार्य

८६ बर्षको मानव जीवन कुनै एक इतिहासका केही पानाहरु भर्न अवश्य पर्याप्त हुन्थ्यो । तर वहाँका बारेमा न कुनै इतिहासका पानाहरु कोरिएका छन् । किन की वहाँ कुनै नेता वा कलाकार नभई एक साधारण शिक्षक मात्र थिए । शिक्षक इतिहास लेख्छन्, पढाउँछन् तर आफु कदापी इतिहासका पात्र हुन पाएको हुँदैन । श्री न्हुच्छे बहादुर बज्राचार्य - एक साधारण तर असाधारण प्रतिभाशाली व्यक्तित्वका धनी जसलाई नचिन्ने शिक्षाविदहरु सायद कमै मात्र छन् होला ।

आफ्नो सम्पूर्ण जीवन शिक्षामा नै समर्पित श्री बज्राचार्य आनन्दकुटी विद्यापीठका सह-संस्थापक थिए । देश विदेशको कठिनपूर्ण भ्रमण तथा शिक्षा प्राप्त गरी आफ्नो मातृभूमिमा फर्कि केही विद्यार्थीहरु लिई स्वयम्भूको जंगलमा अवस्थित आनन्दकुटी विहारको एक छेउबाट शुरु गर्नु भएको स्कूल देश विदेशमा समेत प्रख्यात हुन पुग्यो । गुरुकुलको सिद्धान्तबाट संचालित उक्त स्कूल एक सानो बीउ आज ठूलो वृक्षमा परिणत भैसकेको छ । कति मन्त्री बने, कति डक्टर, इन्जीनियर तथा प्रशासक भए कुनै लेखाजोखा नै छैन ।

तर आफूले दःुख गरी स्थापना गर्नुभएको उक्त स्कूलको संस्थापक पद समेत आफूले दावी गर्नु भएन र सदा एक छेउ बसि आफ्नो कर्तव्य पुरा गर्दै जानुभयो । आफ्नो कर्तव्य गर्ने तर फलको आशा कहिल्यै नगर्ने वहाको स्वभावबाट हरेक क्षेत्रमा पछाडि नै पर्नुभएको मलाई लाग्दछ ।

वहाँसंग मेरो सम्बन्ध विगत २५ वर्षदेखि एक शिक्षाविद, एक समाजसेवी साथै ससुराको नाता थियो । वहाँलाई नजिकबाट मैले चिन्ने मौका पाउनु मेरो जीवनको नै एउटा ठूलो उपलब्धी थियो । आजभन्दा करिब २५ बर्ष पहिले वहाँको



Downloaded from http://dhamma.digital

ठूलो छोरी सुजातासँग मेरो विवाह भएको थियो । उक्त घटना पनि सम्झन लायकको थियो । म मेरो बुबाको साथी चेन बहादुर काकासँग एउटा जग्गा हेर्न हल्चोकतिर जाँदै थिएँ । बाटैमा आनन्दकुटी स्कूल परेको हुँदा हामी दुवै स्कूलतिर लाग्यौं । चेन बहादुर काका र मेरो ससुरा मिल्ने साथी थिए र वहाँलाई भेट गर्ने उद्देश्य लिई हामी स्कूलमा पुग्यौं । एक होचो होचो तर अति नै आकर्षक व्यक्तित्व भएको - लाग्दछ भर्खर कुनै कार्यक्रमबाट फर्कनु भएको जस्तै, टिप टप मेचमा बसिरहनु भएको थियो । साधारण परिचयपछि विभिन्न विषयहरुमा छलफल हुन थाल्यो । आफु पनि कलेजमा पढाउने शिक्षकको नाताले निर्धक्क भई विभिन्न विषयहरुमा छलफल गर्न थालियो । पछि गएर हाम्रो सम्बन्ध ससुरा-ज्वाईंको हुने आभास मात्र पनि पाएको भए सायद त्यति निर्धक्क भई कुरा गर्न सक्ने थिएन होला । वहाँको आदर्श र शिक्षाप्रतिको प्रेमले मलाई ठूलो प्रभाव पाऱ्यो । स्कूलको संस्थापक जस्तो व्यक्तिले आफुलाई साधारण स्कूलको शिक्षक मात्र भनी परिचय दिनुभएको पछि गई मैले वहाँको सही परिचय पाउँदा कहीं कतै मैले वहाँसंगको कुराकानीमा गल्ती त गरिन ? जस्तो भान हुन थाल्यो । कालान्तरमा वहाँको जीवन कथाहरु थाहा पाउँदै जाँदा आफूमा पनि केही गरुं भन्ने प्रेरणा पाउँदै गएं । फलस्वरुप मैले पनि एक कलेजको स्थापना गर्न सफल भयो ।

आफ्नो जीवनको ३० बर्ष विभिन्न देशहरुको भ्रमण गर्दै सयौं साथीहरु बनाउँदै विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा समेत आवद्ध भई आफ्नो विचारहरु पोख्दै आउनु भएका वहाँसँग केही देशहरु भ्रमण गर्ने मैले मौका पाएँ । भगवान बुद्धको सिद्धान्तलाई आजको भौतिक समाजका सुहाउँदो गरी वहाँले प्रश्तुत गर्नु भएको देख्दा वहाँ प्रति मेरो श्रद्धा झन झन गाढा हुँदै गयो । केही देशहरुमा वहाँको सन्देश लिई मैले आफैले प्रश्तुत गर्दा मेरो पनि त्यत्तिकै कदर भएको देख्दा वहाँको प्रभाव कतिसम्म रहेछ भन्ने बुझ्न मौका समेत मैले पाएँ । नेपालमा थेरवाद विकास तथा प्रचार प्रसार, बुद्ध धर्ममा वहाँको धेरै योगदान भएको विभिन्न भन्तेज्यूहरुको मुखबाट सुन्न पाउनु साथै विभिन्न विदेशी साथीहरुबाट पढ्न पाउँदा एक विद्धानको साथ मेरो पारिवारिक सम्बन्ध रहेको प्रति पनि अतिनै गौरवान्वित छु ।

वहाँको व्यक्तित्व बारे जति नै वयान गरे पनि कम हुने हुँदा जसले वहाँलाई नजिकबाट चिन्ने मौका पाउनु भएन वहाँबाट लिखित The Story of my Life पढिदिनुहुन अनुरोध गर्दछु । ■







# याद आउने क्षणहरु

अजय धाख्वा

मेरो ससुरा र मेरो बाजेको ल्हासामा घनिष्ठ सम्बन्ध थियो । बाले ल्हासा (तिब्बत) मा नेपाली व्यापारीका बच्चाहरुलाई पढाउने काम गर्नुहुन्थ्यो । मलाई बाले बराबर चलाख हुनुपर्छ भन्नु हुन्थ्यो । ज्वाईं असल मानिसको साथसाथै चलाख पनि बन्नुपर्छ । यो कुरा मलाई बराबर याद आउँछ । उहाँसंग बराबर साँझपख कुराकानी हुन्थ्यो । उहाँ उच्च बिचारको हुनुहुन्थ्यो र पाको भएपनि आधुनिक विचारको हुनुहुन्थ्यो ।

■



Downloaded from http://dhamma.digital



# Nhuchhe Bahadur Bajracharya

Prof. Dr Bajra Raj Shakya (Patan)

An image of a personality loomed very large in my mind mirror during the early period of the history of Thervada Buddhism in Nepal. Well dressed and well poised, his presence was felt as a person of powerful influence. Different from other people, he looked extraordinary. Such a person who made a lasting impression on me was no other than Mr. Nhuchhe Bahadur Bajracharya.

A man of maturity, serenity and modernity appeared among other Buddhist figures like Ven. Amritananda Mahasthavira, Ven. Mahanama Mahasthavira, Ven. Kumara Kashyapa Mahastahavir, Mr. Lokdarsan Bajracharya, Mr. Maniharsha Jyoti, Prof. Surya Bahadur Shakya, and Prof. Asha Ram Shakya. He was a prominent figure during the important Buddhist events such as, when the relics of Sariputra and Maha Maugalyayana were brought and exhibited in Kathmandu valley. He was also heavily engaged in the 4th World Buddhist Conference of WFB.

Though he did not have higher education degrees from universities, he had command over English language and literature. He had acquired wide knowledge on Buddhism. His autobiography in English had been published a few years before he passed away.

He had widely travelled in different Asian and European countries as an invitee to seminars, conferences and important meetings. He had a friendly nature and so had many foreign friends who had invited him personally to come to their countries and stay with them.



Downloaded from http://dhamma.digital



I came in close touch with Mr. Bajracharya when I became Secretary General of Dharmodaya Sabha in 1983. That was a time when Buddhist influence was on decline and the country was declared a Hindu Kingdom and the power of Hindu extremists was on the rise. Dharmodaya Sabha was in the pockets of a few prominent Buddhists. As many Buddhists were dissatisfied with the very limited vision and activities of Dharmodaya Sabha at that time the structure of the then executive committee was changed in the general meeting of the organization.

Then afterwards a big change was brought about. Contacts were made with Buddhists of different ethnicity, Kathmandu Valley Newar community and Buddhist youths. Many Buddhist activities were initiated and carried out. A new wave of awareness and enthusiasm prevailed. As a result an unprecedented 15th World Buddhist conference was held in Kathmandu, in which the unity of the Buddhists of Nepal was well exhibited and the presence of the Buddhists was felt keenly on the national scene.

Mr. Bajracharya was with me all along as an advisor and well wisher. He also undertook many responsibilities during the preparatory period of the conference.

In 1961-62 when I was a student of B.Ed in the College of Education, I stayed at Anandakuti Vidyapith for three months during my practice teaching period and most probably I had seen him in the school. As far as I remember, he was the founder principal of the school. The school was established as a Buddhist school in order to propagate Buddhism in Nepal. There was no Buddhist instituion to provide formal education about Buddhism in a modern way. It was Mr. Nhuchhe Bahadur Bajracharya who took the initiative and ventured to establish a formal Buddhist school and ran the institution as the first principal. Of course, there was Ven Amritananda and other venerable monks to help



Downloaded from http://dhamma.digital

him. I think it was China which contributed financially in the establishment of the Buddhist school.

Later the school became a government aided school which had to abide by the government rules and regulations. Buddhist education could not become a part of the school system them.

Nhuchhe Bahadur Bajracharya opened another school near Chhauni and ran the school in his own way. He became the advisor of the Ananda Kuti Vidyapeeth.

Mr. Bajracharya was a great sympathizer of Lotus Research Center. He attended the international conferences organized by Lotus Research Center on Buddhist culture in Nepal Mandala. He inspired me to carry on Buddhist activities.

Now Nhuchhe Bahadur Bajracharya is no more with us. Only his memories remain fresh and vivid with us. Mr. Bajracharya will be remembered as an imminent Buddhist, as an educationist and a prominent figure in the Buddhist world. I wish him eternal peace.

Dhamma.Digital

■



# Tribute to a teacher

Kesar Lal

The great earthquake of 1934 remains a landmark event in the life of those who have survived it. Born at Teuda, Nhuchhe Bahadur Bajracharya was 14 years old then and I, born at Kel Tol, was half his age. A short stretch of Asan Tol separated our homes. Living in close proximity in the heart of the city, we shared similar experiences and taste of life in those days.

Let me repeat Nhuchhe Bahadur's personal experience of the "horrendous earthquake." The account is worth a repeatition as we are being warned of another disaster in the making and even Brahma Shumshere's most informative book has but one account of personal experience. It was on the second day of the tenth month, Magh, in the year 1990, according to the official Vikram era when we felt a violent quake. By the Gregorian calender it was the 14th of January 1934, a day after a festive event in every home in Kathmandu Valley, an occasion for married women to visit their natal home.

In Nhuchhe Bahadur's words: "I had gone to a shop in nearby Asan Tol to buy something for my sister. I was somewhere in the vicinity of Tundikhel and Rani Pokhari when suddenly I felt the earth shaking most violently right under my feet. Simultaneously I became aware of a terrifying noise of deafening proportions somewhat like an awesome amalgam of rattling and roaring noises. I found it impossible to stand erect or walk steadily. The whole place seemed to erupt violently. Water in the Rani Pokhari tank was in a state of turbulent upheaval. As buildings all around came crashing down, the roads were in



Downloaded from http://dhamma.digital

torment, wriggling and writhing violently like a giant serpent in agony. As most of the buildings were built with mud bricks, huge clouds of dust billowed heavenward, reducing visibility to a near-zero level. I saw the roof of a temple twist and turn like cardboard, therdby setting the bells hanging from its rafters clanging in a mad cacophony."

**Friendship**

Since I came to know him personally in the early 1950's, I had addressed him according to our customary etiquette as *dai*, a term of respect for an older person. From time to time we worked together in different programmes and in the publication of books. When he approached the first of three traditional ceremonies relating to old age called Bura Janku performed when one became 77-year, 7-month, 7-day and 7-hour old, he wrote his memoirs, "The Story of My Life" in the belief that lessons might be learnt from the testament and chronicle. It was indeed an extraordinary story of a man beset with formidable obstacles from the very beginning. I was thrilled by his story.

When it was my turn to be overwhelmed, like him, by the goodwill and happiness of my family and friends on the occasion of the old age ceremony, Nhuchhe Bahadur *dai* wrote a long, complementary article describing in detail the Bura Janku for a special book brought out by my friends.

**The Making of a Teacher**

Nhuchhe Bahadur was a dedicated and successful teacher. He had acquired managerial skills from early on and his flair for finance is illustrated by what he wrote half a century later: "I had a very highly developed urge to teach younger persons. So, while I was studying at school, I used to conduct private tution classes for five or six children of the neighbourhood. One rupee was the monthly tution fee. It was not always easy to collect even that relatively small sum of money from my students. So I soon struck upon a clever and practical remedy. Now, it was a strictly



observed rule that no one should enter his house with a bare head. Everybody had to necessarily wear a cap while going in. That gave me an idea how to enforce defaulting students to pay fees regularly. The trick was to take away the all important headgear from an offending pupil and after sending him away, hang up the cap on a peg in the wall in my house. That effectively prevented the boy from walking into his house. He stayed outside and cried. The parents soon got wind of the lay of the land, and made haste to come to me, pay the fee and collect the boy's cap. I remembered quite vividly even today how infallible my strategy was." In those days a cap was compulsory for all male members of the society except at the time of bereavement.

**Scholarly Pursuit**

Nhuchhe Bahadur began his educational career, in spite of "formidable obstacles," at the age of 15, in 1935, in a desultory manner: two years of private classes; three years at Durbar School; four years at the Technical School learning and then teaching crafts and trade skills until 1942, when he suddenly, without telling anyone, left home one night. But, of course, he had planned it all very carefully beforehand. Years later, he recalled: "I did not slacken my pace nor even for a moment thought of sitting down and taking rest. By walking briskly all through the night I got to Birgunj at day break. Just across the border lay the Indian town of Raxaul."

From India, he soon made his way to Ceylon in the company of Venerable Amritananda. Despite great difficulties because of World War II, he stayed on for six years and passed the London Matriculation Certificate examination from Pembroke Academy. Years later, he wrote, "I had been reasonably successful in my career as an educationalist and teacher, and I owed much to the foundation in academic education I obtained in Ceylon."

From Colombo he came to Calcutta in or about 1948 and was fortunate enough to be befriended and employed by Mani



Downloaded from http://dhamma.digital

Harsha Jyoti, the eminent merchant. However, he was less successful in pursuing higher study at St. Joseph's College. The fellow students had a "deeply ingrained superiority complex and persistently harassed" him as "an alien intruder in their midst." After a year or so of a most interesting and useful period, "with great reluctance and even more sorrow," he had to terminate his study at St. Joseph's and his job with Jyoti Brothers. Nhuchhe bahadur was often a victim of circumstances.

**The Beginning of a Teaching Career**

The next destination, Kalimpong, was but a short distance from Calcutta. There he found himself among friends and a congenial atmosphere. Along with an English monk, he was soon giving lessons in English language and Buddhist teachings to the young people in town, among whom were some affluent Tibetans. A middle-aged wealthy merchant by the name of Sandu Chhang soon became a very close friend. Early in 1950, the merchant and his tutor travelled together to Pharijong in Tibet, from where the pupil returned to Kalimpong and Nhuchhe Bahadur made his way to Lhasa.

In Lhasa, Nhuchhe Bahadur was a guest of the Sandu Chhang brothers in their "splendid" house. He spoke no Tibetan but his hostess spoke excellent English and he found himself quite at home. In no time he was teaching English to a seven-year old daughter in the house as well as a few Newars, who finding him unwilling to join them in their business, availed of his presence in Lhasa to acquire some knowledge of English. He was more than willing to impart his knowledge of the language freely to his compatriots, aged between 15 and 60, who flocked to him for lessons. At the time of his departure from Lhasa in 1951, he noted with some satisfaction, "some of the Newar merchants, a few of whom were my students, made a handsome gift of a purse which was worth all of 20,000 Indian rupees.".



## In the Pursuit of a Dream

Nhuchhe Bahadur arrived in Kathmandu in 1951. He found his country had changed a great deal. A century of autocratic rule had gone but the feudal system was still intact and a fledging multiparty system, beset by open fracas among erstwhile comrades created much confusion throughout the country. It was a period of uncertainty but also of opportunities in educational, social, commercial and religious fields.

While be was a student in Colombo, Nhuchhe Bahadur had solemnly pledged to his kind hosts that once he got back, "I would dutifully discharge my own obligation to help further the cause of education in my own home town."

An armed revolt by the redoutable K.I. Singh one October morning in 1951 made Nhuchhe Bahadur take a sudden decision to seek asylum from the "oppressive surroundings" in his house in the town to the quiet and peaceful Buddhist hermitage called Ananda Kuti Vihar founded by the Venerable Dhammaloka not long ago in the wooded Swayambhu Hill. He found it an "ideal place" and he became its "sole resident." He said to himself, "Now the time and the opportunity had come for the school he had in his mind for years.

With Venerable Amritananda as co-founder, Nhuchhe Bahadur Bajracharya formally opened the Ananda Kuti Vidyapeeth with only six pupils on the day of Sri Panchami, the first day of spring according to the lunar calendar, that has traditionally been the occasion for children to begin learning the alphabets. According to the Gregorian calendar, it fell in January that year, 1952.

From that day, Nhuchhe Bahadur dai became a teacher throughtout his life. I would like to dedicate a poem as my



Downloaded from http://dhamma.digital

humble tribute to Nhuchhe Bahadur Bajracharya the Teacher, as follows:

*Ah ! A Teacher to be*

*Is worth all the early years*
*Spent in labour of love*
*Not for self alone, nor pelf.*
*But in wisdom and compassion*
*To impart to those who follow*
*The knowledge gained.*
*A noble cause is the Teacher's lot*
*To pursue and prevail*
*In days to come.*

*Ah ! a Teacher to be*
*Is worth all the years*
*Spent in a labour of love.*

■



Downloaded from http://dhamma.digital





# In memory of Nhuchhe Bahadur Bajracharya

Chandra Devi Sakya

It was in the year 1970 that I came to know the late Nhuchhye Bahadur Bajracharya. He was an English teacher in Anandakuti Vidyapith Boarding High School, Swayambhu at that time the most popular school in Nepal. I had joined the school as an English teacher soon after my final exams for my Master's degree and it was a position I would retain for two years. It was the late Nhuchhe Bahadur Bajracharya who took me to the classes and introduced me to students making me feel so familiar and comfortable in that environment. From the very beginning my impression of him was of someone who was very helpful and co-operative. As a teacher, he had a very good rapport with his students.

